# नेपालमा नश्लीय तथा जातीय विभेद

## ऐतिहासिक गल्ती नयाँ संविधानमा सम्बोधनको सन्दर्भ



नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# नेपालमा नश्लीय तथा जातीय विभेद

## ऐतिहासिक गल्ती नयाँ संविधानमा सम्बोधनको सन्दर्भ

**सम्पादन**
शान्ति कुमारी राई
दिनेश कुमार घले
शंकर लिम्बू
भिम राई
टहल थामी

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

**प्रकाशन**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल पो.ब.नं.:११११७९
फोनः +९७७ ०१ ४२६८५१०
ईमेलः lahurnip.nepal@gmail.com वेबसाइटः www.lahurnip.org

**प्रकाशन सहयोगी संस्था**
International Work Group for Indigenous Affairs (IWGIA)
Classengade 11 E, DK 2100-Copenhagen, Denmark
Tel: (+45) 35 27 05 00, Fax: (+45) 35 27 05 07
Email: iwgia@iwgia.org Website: www.iwgia.org

सर्वाधिकार ©: प्रकाशकमा

प्रथम प्रकाशन सन् २०१५
१००० प्रति

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेलः yetienter@wlink.com.np

**मुद्रण**
हिसी अफसेट प्रिण्टर्स प्रा.लि.
जमल, काठमाडौं
फोन नं: ०१-४२२६४१६

ISBN: 978-9937-0-0193-9

# प्रकाशकीय

नेपालमा अढाईसय वर्षदेखि एक जाति, एक भाषा, एक धर्म, एक संस्कृति, एक लिङ्ग तथा एक क्षेत्रले एकात्मक, केन्द्रीकृत र निरंकुश शासन संचालन गर्दै आएको ऐतिहासिक तथ्य ध्रुवसत्य हो ।

माथि उल्लिखित एकल जाति (Caste), भाषा, धर्म, संस्कृति, लिङ्ग र क्षेत्रदेखि बाहेकका यहाँका आदिवासी जनजाति, मधेशी, दलित मुस्लिम, महिलालगायतका जाति/समुदाय २५० वर्षदेखि निरन्तर नश्लीय तथा जातीय विभेदमा परी दोस्रो दर्जामा दरिएर बाँच्न बाध्य छन् ।

नेपालमा पटक-पटक विद्रोह, संघर्ष, क्रान्ति, आन्दोलन र जनयुद्ध भई धेरै पटक राजनीतिक परिवर्तन भयो । तर शासन गर्ने हर्ताकर्ता (Ruler) हरू परिवर्तन भएनन् । उहिले (नेपालको भौगोलिक एकीकरण) देखि अहिलेसम्म नै तिनै जात/समुदायकै शासकहरूको शासनले निरन्तरता पाइरहेको तथ्य यहाँ उजागर गरिरहन परेन । यो सर्वविदित तथा सास्वत सत्य हो ।

नेपालको पछिल्लो विद्रोहको रुपमा सशस्त्र दशवर्षे जनयुद्ध र १९ दिने सशक्त जनआन्दोलनमार्फत नेपालको एकतन्त्री, निरंकुश, तानाशाही राजतन्त्रको अन्त्य भई अहिले नेपाल लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरण भइसकेको अवस्था छ ।

उक्त जनयुद्ध र जनआन्दोलनको राप र तापमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ खारेज भई 'नेपालको अन्तरिम संविधान, २०६३' जारी भई देशको मूल कानूनको रुपमा लागू भइरहेको अवस्था छ । २०६४ साल चैत २८ गते सम्पन्न पहिलो संविधानसभा २०६९ साल जेष्ठ १४ गते विघटन भई २०७० मंसीर ४ गते दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो र यो दोस्रो संविधानसभा नयाँ संविधान निर्माण कार्यमा क्रियाशील भइरहेको सन्दर्भमा शदियौंदेखि विभेद, बहिष्करण र सीमान्तीकरणमा पारिएका नेपालका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, महिलालगायतका समुदायहरू निर्माणाधीन नयाँ संविधानमा आफ्नो अधिकार लिपिबद्ध गर्न/गराउन प्रयासरत छन् ।

यस नयाँ संविधान निर्माण प्रक्रियामा थोरै नै भए पनि बौद्धिक खुराक प्रदान गर्ने तथा संविधान निर्माता तथा नीति निर्माताहरूलाई बहिष्कृत, सीमान्तकृत, उपेक्षित तथा उत्पीडित, वर्ग, जाति/समुदायहरूको अधिकार नयाँ संविधानमा प्रत्याभूत गर्न/गराउन झक्झक्याउने साथै सचेत गराउने उद्देश्यले यी प्रतिवेदनहरूको संगालोलाई पुस्तकको रुपमा प्रकाशन गर्न जमर्को गरिएको छ । यस पुस्तकमा आदिवासी जनजाति, मधेशी, दलित तथा मुस्लिम समुदायको प्रतिनिधित्व हुनेगरी प्रतिनिधिमूलक प्रतिवेदनहरू समेटिएका छन् । मूलतः यस पुस्तकमा समाविष्ट प्रतिवेदनहरू संयुक्त राष्ट्रसंघ, जातीय विभेद उन्मूलन अनुगमन समितिका अध्यक्ष महामहिम श्री फ्रान्सिस्को होजे कालित्जे (Fransisco Jose Calitzay) को २०७१ फागुन १० देखि १९ (22 Feb-4 March, 2015) सम्म भएको अनौपचारिक नेपाल भ्रमणको अवसरमा तयार पारिएको हो ।

लाहुर्निपको आग्रह बमोजिम बहिष्कृत तथा सीमान्तकृत समुदायहरूको अवस्था उजागर गर्दै प्रतिवेदन तयार गरिदिनु भएकोमा आदिवासी अग्रज तथा बुद्धिजीवि डा. कृष्ण भट्टचन, दलित अधिकारकर्मी श्री हिरा विश्वकर्मा, मधेशी अभियन्ताद्वय श्री रक्षाराम हरिजन (चमार) तथा रन्धिर चौधरी र मुस्लिम अगुवा तथा अधिवक्ता एम. डी. अलिप्रति लाहुर्निप आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछ ।

यस पुस्तकको पश्चभागमा समाहित पुस्तकको अंग्रेजी सारांश (English Summary) को लेखन तथा सम्पादन कार्यमा योगदान गरी सहयोग गर्ने Mr. David Jarmul तथा श्री टहल थामीप्रति पनि लाहुर्निप धन्यवाद ज्ञापन गर्दै आभार व्यक्त गर्दछ ।

यसैगरी यी प्रतिवेदनहरू तयारी गर्न तथा यसलाई पुस्तकको रुपमा प्रकाशन गर्न आर्थिक सहयोग प्रदान गरेकोमा International Work Group for Indigenous Affairs (IWGIA) प्रति कृतज्ञता जाहेर गर्दै विशेष धन्यवाद ज्ञापन गरिन्छ ।

अन्त्यमा, यो पुस्तकलाई पुस्तकाकार दिने सिलसिलामा सहयोग प्रदान गर्ने लाहुर्निपका पदाधिकारी तथा सदस्यहरू, कर्मचारी वर्ग र प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गरिन्छ ।

अधिवक्ता शान्ति कुमारी राई
अध्यक्ष
लाहुर्निप

## विषयसूची


क्र.सं. विवरण पृष्ठ

१. नेपालको संविधान निर्माण प्रक्रियामा
आदिवासी जनजाति विरुद्ध जातीय विभेद ........................................१

२. तराई मधेशमा संरचनागत र प्रणालीगत विभेद
तथा कानूनी, संवैधानिक समस्या ................................................३४

३. सबै प्रकारका जातीय विभेद उन्मूलन गर्ने महासन्धि र
नेपालका दलितहरू ..................................................................६८

४. नेपालमा मुस्लिम समुदायको अवस्था .......................................१००

५. अनुसूची
अनुसूची १: जात, जाति र लैङ्गिक आधारमा जनसंख्या
(राष्ट्रिय जनगणना २०११) ..................................................... १०३
अनुसूची २: विभिन्न समयमा नेपाल सरकार र आदिवासी
जनजाति संघ, संगठनसँग भएका सहमतिहरू .............................१०६
अनुसूची ३:विभिन्न समयमा नेपाल सरकार र दलित संघ,
संगठनसँग भएका सहमतिहरू....................................................१२३
अनुसूची ४: विभिन्न समयमा नेपाल सरकार र मधेशी संघ,
संगठनसँग भएका सहमतिहरू....................................................१२८
अनुसूची ५: विभिन्न समयमा नेपाल सरकार र मुस्लिम संघ,
संगठनसँग भएका सहमतिहरू....................................................१३४
अंग्रेजी सारांश ...................................................................... १३८


---

द्रष्टव्य: यस पुस्तकमा समावेश विचार (अभिमत) हरूसँग प्रकाशक तथा सहयोगी संस्थाहरू सहमत हुन जरुरी छैन ।

# नेपालको संविधान निर्माण प्रक्रियामा आदिवासी जनजाति विरूद्ध जातीय विभेद

- डा. कृष्ण भट्टचन

**पृष्ठभूमिः**

नेपालमा संसारमै अग्लो झ्योमोलोङ्मा (कथित सगरमाथा वा कथित माउण्ट एभरेष्ट) छ, तर दूर्भाग्यवस त्योभन्दा पनि अग्लो बाहुनवाद, पितृसत्ता र एक जात (बाहुन क्षेत्री), एक धर्म (हिन्दू), एक भाषा (खस नेपाली), एक संस्कृति (हिन्दू), एक लिङ्ग (पुरूष), एक क्षेत्र (पहाड/केन्द्र) हुने जातीय, लैङ्गिक, क्षेत्रगत लगायतका कारण आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, ओबीसी, महिला, तेस्रो लिङ्गी, अपाङ्ग, भाषिक र धार्मिक समुदाय, ज्येष्ठ नागरिक, बालबालिकाविरूद्ध प्रभुत्व, शोषण, दमन, उत्पीडन, एकाधिकार लगायतका चर्को भेदभाव छ ।

यो आलेखमा उपर्युक्त सबै प्रकारका भेदभावको व्याख्या र विश्लेषण गर्नुभन्दा पनि अहिलेको समयमा सर्वाधिक महत्वको विषय संविधान निर्माण प्रक्रियामा आदिवासी जनजातिविरूद्ध के कस्तो विभेद भइरहेको छ भन्नेमा ध्यान केन्द्रीत गरिएको छ । यस बारेमा विस्तृत व्याख्या र विश्लेषण गर्नु अघि नेपालमा आदिवासी जनजातिको परिभाषा र पहिचान के हो भन्ने बारेमा जानकारी राख्नु सान्दर्भिक हुन्छ ।

नेपालका आदिवासीहरु कुन कुन जातिहरु हुन् भन्ने सम्बन्धमा २०५० चैत्र १०–१३ गते काठमाडौंको लप्सीफेदीमा सम्पन्न नेपालका आदिवासीहरूको राष्ट्रिय

परामर्श गोष्ठि (पृष्ठ १५)ले "नेपालका आदिवासीहरु" भन्नाले निम्न मौलिक पहिचान राख्ने जातीय समुदायलाई जनाउने छ भनेको छः

- जुन जातीय समुदायको तथाकथित मूलप्रवाहको राष्ट्रिय समुदायको भन्दा भिन्न उत्पत्ति, आफ्नै विशिष्ट एवं मौलिक साँस्कृतिक एवं भाषिक परम्परा छ र जसको वर्तमान धार्मिक विश्वास प्राचीन प्रकृतिवाद (Animism) पितृ भूमि, ऋतु जस्ता प्रकृति पूजामा आधारित छ; अथवा जसले वर्तमान राज्यद्वारा स्थापित हिन्दू धर्मलाई आफ्नो परम्परागत मौलिक भनी दावा गर्दैनन्;
- जुन जातीय समुदायका पूर्वजले आधुनिक नेपाल राज्यको सीमाना क्षेत्रभित्र पर्ने कुनै एउटा खास भू-भागमा आफूलाई पहिलो वा पहिलोमध्येको वा मूल बासिन्दाको रूपमा स्थापित गरेका थिए र जसको आफ्नै लिखित वा अलिखित (मौखिक) इतिहास र ऐतिहासिक निरन्तरता छ;
- जुन जातीय समुदायहरु विगत लगभग चार शताब्दीदेखि र विशेषतया आधुनिक नेपाल राज्यको विस्तार क्रममा आफ्नो मूलथलोमै विस्थापित भएका छन् र त्यहाँका प्राकृतिक स्रोतहरु (किपट, कृषि योग्य जमीन, पानी, खानी, व्यापारिक नाका आदि) माथिको आफ्नो परम्परागत अधिकारबाट बन्चित हुन पुगेका छन्;
- जुन जातीय समुदायहरु जुन नेपालको राजनीतिक शासन व्यवस्थामा निर्णायक भूमिका खेल्नबाट बन्चित छन् र जसको प्राचीनतम संस्कृति, भाषा र धर्म उपेक्षित अवस्थामा छ भने सामाजिक मूल्य र मान्यता अवहेलित छ;
- जुन जातीय समाजको समुदाय समानतावादी संरचनामा आधारित छ अर्थात् जात प्रथा, वर्ण अनुसारको श्रम विभाजन र लिङ्गभेदलाई आफ्नो समाजको आवश्यक शर्त मान्दैन;
- जुन जातीय समुदायले माथि उल्लिखित पहिचानहरुका आधारमा औपचारिक वा अनौपचारिक रूपमा आफू "नेपालको आदिवासी" भएको आत्मस्वीकार वा दावी गर्दछन् ।

उक्त गोष्ठिको निष्कर्ष यस्तो छः "हुन त "आदिवासी" र "जनजाति" शब्दहरु पर्यायवाची होइनन् । तर नेपालको सन्दर्भमा अधिकांश "जनजातिहरु" "आदिवासी" देखिन्छन् ।"

तत्कालीन श्री ५ को सरकारले गठन गरेको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गर्न गठित कार्यदलले सरकारलाई बैशाख २०५३ मा बुझाएको मूल प्रतिवेदनको भाग १ (पृ. १३) मा जनजातिको परिभाषा यस प्रकार गरेको छः

"आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको, तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरु जनजाति अन्तर्गत पर्दछन् ।"

जनजाति भन्नाले निम्न विशेषता भएका समुदायलाई जनाउँछः

- जसको आफ्नो छुट्टै सामुहिक साँस्कृतिक पहिचान छ ।
- जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ ।
- जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।
- जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।
- जसको लिखित वा अलिखित इतिहास छ ।
- जुन समुदायभित्र "हामी-भावना" छ ।
- जुन समुदायहरुको आधुनिक नेपालको राजनीति र राज्य संचालनमा निर्णायक भूमिका छैन ।
- जो नेपालको आदिवासी हो ।
- जसले आफूलाई जनजाति भन्दछन् ।

२०५८ सालको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐनले गरेको आदिवासी जनजातिको परिभाषा यस्तो छः

"आदिवासी/जनजाति" भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनुपर्छ ।

कार्यदलले ६१ आदिवासी जनजातिको सूचीकरण गरेको भए तापनि उक्त ऐनमा ५९ आदिवासी जनजाति सूचीकरण भएका छन् । कार्यदलले मनाङ्गेलाई सूचीमा राखेकोलाई ऐनले हटाएको छ भने कार्यदलले ठिनतन, स्याङ्तन र चिम्तनलाई छुट्टाछुट्टै आदिवासी जनजाति मानेकोमा ऐनमा तीनवटैलाई मिलाएर तीनगाउँले थकालीमा सूचीकरण गरेको र याक्खालाई थपेकोले ५९ पुगेको हो ।

**नेपाल सरकारले सूचीकरण गरेको ५९ आदिवासी जनजाति निम्न छन्ः**

| | | | | |
|---|---|---|---|---|
| १. किसान | १३. ताङवे | २५. धानुक (राजवंशी) | ३७. माझी | ४९. ल्होपा |
| २. कुमाल | १४. ताजपुरिया | २६. धिमाल | ३८. मार्फाली थकाली | ५०. ल्होमी (शिङसावा) |
| ३. कुशवाडिया | १५. तामाङ | २७. नेवार | ३९. मुगाली | ५१. वालुङ |
| ४ कुशुण्डा | १६. तीनगाउँले थकाली | २८. पहरि | ४०. मेचे (बोडो) | ५२.व्याँसी |
| ५. गनगाई | १७. तोक्पेगोला | २९. फ्री | ४१. याक्खा | ५३. शेर्पा |
| ६. गुरुङ | १८. थकाली | ३०. बनकरिया | ४२. राई | ५४. सतार (सन्थाल) |
| ७. चेपाङ | १९. थामी | ३१. बरामो | ४३. राउटे | ५५. सियार |
| ८. छन्त्याल | २०. थारु | ३२. बाह्रगाउँले | ४४. राजवंशी (कोच) | ५६. सुनुवार |
| ९. छैरोतन | २१. थुदाम | ३३. बोटे | ४५. राजी | ५७. सुरेल |
| १०. जिरेल | २२. दनुवार | ३४. भुजेल | ४६. लार्के | ५८. हायु |
| ११. झांगड | २३. दराई | ३५. भोटे | ४७. लिम्बू | ५९. ह्योल्मो |
| १२. डोल्पो | २४. दुरा | ३६. मगर | ४८. लेप्चा | |

स्रोतः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

उपर्युक्त ५९ आदिवासी जनजातिको सूचीमा केही आदिवासी जनजातिहरू विभिन्न कारणले छुट्न गएको देखिन्छ । राई अन्तर्गत परेका आफ्नै मातृभाषा भएकाहरूले राई अन्तर्गत नभएर छुट्टा-छुट्टै पहिचानसहित सूचीकरण हुनुपर्ने माग गरेको र बाहुन, क्षेत्री र दशनामीहरूले पनि आदिवासी जनजातिको सूचीकरणमा पर्नका लागि सरकारलाई दवाव दिंदै आएका छन् । उक्त ५९ को सूचीलाई पुनर्सूचीकरण गर्न, खास गरेर छुटेका आदिवासी जनजातिलाई पहिचान गरी थप्न डा. ओम गुरूङको संयोजकत्वमा सरकारले गठन गरेको कार्यदलले उक्त सूचीबाट छैरोतन र फ्री गरी २ आदिवासी जनजातिलाई हटाएर ५७ आदिवासी जनजातिमा २४ थपेर ८१ वटा आदिवासी जनजातिको सूची सिफारिश गरेको छ । तर उक्त प्रतिवेदन विवादका कारण कार्यान्वयनमा भने आइसकेको छैन । त्यसैले ऐनको अनुसूचीमा उल्लिखित ५९ आदिवासी जनजाति कानूनी मान्यता प्राप्त आदिवासी जनजाति हुन् ।

सन् २०११ को राष्ट्रिय जनगणना अनुसार नेपालको कूल जनसंख्या २६,४९४,५०४ मध्ये आदिवासी जनजातिको जनसख्या ३५.८ प्रतिशत (९४,८७,६४१) छ (हे.*अनुसूची १*) । आदिवासी महिलाको जनसंख्या ४९,४७,९१६ छ भने आदिवासी जनजाति पुरूषको जनसख्या ४५,३९,७२५ छ । सूचीकृत ५९ मध्ये ४६ र सूचीकरण हुन बाँकी रहेका १७ समेत गरी ६३ आदिवासी जनजाति र अन्य समेत गरी तथ्यांक दिइएको छ ।

**आदिवासी जनजातिको सम्बन्धमा कानूनी व्यवस्था**:

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐन, २०५८ को दफा ५ मा उल्लिखित प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ भनेको छः

(क) आदिवासी/जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा साँस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जूमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकास गर्ने,

(ख) आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने,

(ग) आदिवासी/जनजातिको परम्परागत शीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने,

(घ) विभिन्न आदिवासी/जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधूर सम्बन्ध, सदभाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने,

(ङ) आदिवासी/जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने ।

*६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : दफा ५ बमोजिमको उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः*

(क) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, संस्कृति, परम्परागत शीप तथा प्रविधिको प्रवर्द्धन तथा संरक्षणका लागि आवश्यक कार्यक्रम तर्जूमा गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) आदिवासी/जनजातिको भाषा लिपि, साहित्य, इतिहास, कला, परम्परा र संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने र त्यस्तो भाषा, लिपि, इतिहास, कला, साहित्य, संस्कृति र परम्परालाई विकास गर्ने,

(ग) आदिवासी/जनजातिले परम्परागत रुपमा अभ्यास गर्दै आएका प्रविधि, शीप तथा विशिष्ट जानकारीलाई प्रचलित कानूनको अधीनमा रही तोकिए बमोजिम सम्बन्धित आदिवासी/जनजातिको बौद्धिक सम्पत्ति अधिकारको रुपमा संरक्षण गर्ने वा गराउने,

(घ) आदिवासी/जनजातिको इतिहास तथा साहित्य प्रकाशन गर्ने,

(ङ) भाषा साहित्यसँग सम्बद्ध अन्य निकायहरुको सहयोग लिई आदिवासी/जनजातिको भाषाको शब्दकोश तयार गर्ने र प्रकाशन गर्ने वा गराउने,

(च) आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, परम्परालाई परिचय गराउने अभिलेखालय तथा संग्रहालय स्थापना गर्ने,

(छ) कम्तीमा प्राथमिक तहसम्म आदिवासी/जनजातिको मातृभाषा पढाउने गरी विद्यालय स्थापना गर्ने,

(ज) आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, साहित्य, कला, परम्परागत प्रविधिको अध्ययन वा अनुसन्धान गर्न चाहने विदेशी विद्वानलाई नेपाल सरकारको स्वीकृति लिई प्रतिष्ठानसँग सम्बद्ध भई अध्ययन वा अनुसन्धान गर्न दिने,

(झ) आदिवासी/जनजाति सम्बन्धी सूचनाको संकलन र व्यवस्थापन गर्ने,

(ञ) आदिवासी/जनजातिमध्येका विपन्न र पीछडिएका समूहको आर्थिक तथा सामाजिक स्तरवृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने वा गराउने,

(ट) समान उद्देश्य भएका विदेशी वा अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्ध कायम गरी सहयोग आदान प्रदान गर्ने,

(ठ) आदिवासी/जनजाति सम्बन्धी परामर्श सेवा दिने,

(ड) आदिवासी/जनजातिको मातृभाषामा सूचना, समाचार एवं विविध कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउने,

(ढ) आदिवासी/जनजातिबीच रहेको सामाजिक, आर्थिक र साँस्कृतिक विभेद, भिन्नता र बेमेललाई ध्यानमा राख्दै सम्पन्न र विपन्न आदिवासी/जनजातिको अनुसूची तयार पार्ने,

(ण) प्रतिष्ठानको उद्देश्य पूरा गर्न आदिवासी/जनजाति सम्बन्धी अन्य आवश्यक कुराहरु गर्ने वा गराउने ।

नेपाल पक्ष रहेको केही अन्तर्राष्ट्रिय कानूनहरु र सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धिः

| **क्रसं** | **महासन्धि, घोषणापत्र** | **अनुमोदन, सम्मिलन गरेको मिति** |
|---|---|---|
| १ | **आदिवासी जनजातिका सम्बन्धमा महासन्धि र घोषणापत्र** | |
| १.१ | अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि, १९८९ (नं. १६९) | ५ भदौ २०६४ (अनुमोदन) । २८ भदौ २०६५ देखि कार्यान्वयन |

| | | |
|---|---|---|
| **१.२** | आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र | २८ भदौ २०६५ मा पक्षमा मत दिएको |
| २ | **आदिवासी जनजातिका लागि महत्त्वपूर्ण अन्य महासन्धि र घोषणापत्र** | |
| २.१ | महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९८९ | ९ बैशाख २०४८ (अनुमोदन) |
| २.२ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | ३१ बैशाख २०४८ (सम्मिलन) |
| २.३ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | ३१ बैशाख २०४८ (सम्मिलन) |
| २.४ | जैविक विविधता सम्बन्धी महासन्धि | ९ फाल्गुण २०५० (अनुमोदन) |
| २.५ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | १७ माघ २०२७ (सम्मिलन) |

**जातीय विभेद अन्त्य गर्ने सम्बन्धी महासन्धि** (सर्ड):

नेपलले धेरै मानव अधिकार सम्बन्धी दस्तावेज र अन्तर्राष्ट्रिय कानूनहरु अनुमोदन गरी पक्ष राज्य भएको छ । तर ती सबैको प्रभावकारी कार्यान्वयनमा भने अति नै कमीकमजोरी छ । हुन त नेपाल नेपाली कांग्रेसको बीपी कोइरालाको नेतृत्वमा रहेको जननिर्वाचित सरकारलाई राजा महेन्द्रले २०१७ सालमा भंग गरी, कांग्रेस र कम्युनिष्ट नेताहरूलाई जेलभित्र कोची निरङ्कुश निर्दलीय पञ्चायत व्यवस्था लादेर हिन्दू अधिराज्य घोषित गरी "एउटै राजा, एउटै देश, एउटै भाषा, एउटै भेष" को नारासहित चरम जातिवादी राजनीतिक

र सामाजिक साँस्कृतिक व्यवस्थाका माध्यमबाट आदिवासी जनजाति, मधेशी, मुस्लिमलाई मेल्टिङ् पटमा राख्ने योजना कार्यान्वयन गर्दा पनि अन्तर्राष्ट्रिय समुदायलाई नेपालमा लोकतन्त्र, विविधता र मानव अधिकार छ भनी देखाउनका लागि त्यस्तो निरंकुश शासन कालमा पनि नेपालले सबै किसिमका जातीय भेदभाव अन्त्य गर्ने महसन्धिलाई (सर्ड) लाई सन् १९७१ मा अनुमोदन गरेको थियो । राजा वीरेन्द्रको पालादेखि नेपालले आवधिक प्रतिवेदन पठाउन थालेको थियो । नेपालले बुझाएको आवधिक प्रतिवेदनमा सर्डको समितिले थप जानकारी माग्ने र निर्णय अवलोकन गरी सुझावसमेत दिने काम गर्दै आएको छ ।

समितिको १९८७ मा बसेको ४२ औं सत्र (SUPPLEMENT No. 18 (A/42/18) पृष्ठ १०७ देखि १०९) मा उल्लेख भए अनुसार नेपालले छैठौं, सातौं र आठौं आवधिक प्रतिवेदन संयुक्त रूपमा (CERD/C/148/Add.l) बुझाएको प्रतिवेदनलाई समितिले ९ मार्च १९८७ (CERD/C/SR.787) मा बसेको बैठकले मागेको जानकारीहरूमध्ये निम्नानुसार थियोः

- अनुच्छेद ५१९ मा नेपालले घोषणा गरेका अविकसित जिल्लाका सम्बन्धमा ती जिल्लाको क्षेत्र कसरी निर्धारण भयो वा त्यहाँका बासिन्दाहरु नेपालको मुख्य जनसंख्याभन्दा विशिष्ट जातीय समूह (एथ्नीक ग्रुप) हो कि उही जातीय नश्लको (एथ्नीक स्टक) वा प्रत्येक क्षेत्र एउटै जातीय समुदायको हो कि मिश्रित हो वा उक्त क्षेत्रमा खास जात वा धर्मका मानिसहरूको सघनता छ ? दुर्गम विकास समितिमा स्थानीयको प्रतिनिधित्व के छ ? यसको भूमिका सल्लाहकारको हो वा यसले विकास कार्यक्रम कार्यान्वयन गर्दछ ? प्रशासनको जागीरमा निश्चित कोटा छुट्याइएको छ वा छैन ? शिक्षाको माध्यम भाषा के हो ?
- अनुच्छेद ५२० मा पाँचौ प्रतिवेदनमा उल्लेख भएको रंगभेद विरूद्धको प्रतिबद्धताका बारेमा थप जानकारीको माग ।
- अनुच्छेद ५२० मा उपर्युक्त सम्बन्धमा नेपालको प्रतिनिधिले अविकसित जिल्लाको घोषणा क्षेत्रगत विषमता हटाउन प्रशासनिक दृष्टिकोणबाट बनेको हो, जातीय (एथ्नीक) आधारबाट होइन भनेको उल्लेख छ ।

समितिको १९९७ मा बसेको ५२ औं सत्र (SUPPLEMENT No. 18 (A/52/18) पृष्ठ १०७ देखि १०९) मा नेपालले लिखितको सट्टा मौखिक प्रतिवेदन पेश गरेको सो प्रतिवेदन औपचारिकतामा सीमित भएकोले केही उल्लेखनीय सुझाव थिएन ।

समितिको ३१ जुलाईदेखि २५ अगस्ट २००० मा बसेको ५७ औं सत्र (CERD/C/304/Add.108, 1 May 2001) मा जातीय विभेद अन्त्य गर्न नवौं योजनामा पारेको नीति, रणनीति र कार्यक्रमलाई सकारात्मक पक्ष भनी स्वीकार गरेको छ । बुँदा ७ देखि १८ सम्म जम्मा ११ वटा चासो र सुझाव दिइएको थियो ।

नेपाल पक्ष राज्यले बुझाएको प्रतिवेदनका सम्बन्धमा २८ अप्रिल २००४ मा जारी सर्डको प्रतवेदन (CERD/C/64) अनुसार २३ फेब्रुअरीदेखि १२ मार्च २००४ मा बसेको ६४औं सत्रले आफ्नो निष्कर्ष अवलोकनमा आदिवासी जनजातिका बारे यस प्रकार उल्लेख गरेको छः

- प्रतिष्ठानलाई सदस्यमा राखेकोमा स्वागत गरेको छ ।
- नवौं र दशौं योजनामा आदिवासी जनजातिका लागि विकास कार्यक्रम समावेश गरेको, प्रतिष्ठान स्थापना गरेकोलाई सकारात्मक भनेको छ ।

बुँदा ९ देखि २७ सम्म चासो र सुझाव उल्लेख छ । तीमध्ये बुँदा १३, १८ र २१ आदिवासी जनजातिसँग सम्बन्धित छ ।

**बुँदा १३ मा यस्तो उल्लेख छः**

समितिले नेपालका सबै आदिवासी जनजातिले सबै मानव अधिकार उपभोग गर्ने सम्बन्धी महासन्धिहरूको कार्यान्वयनका सम्बन्धमा जानकारीको अभावका लागि खेद प्रकट गर्दछ । वन्यजन्तु संरक्षणका नाममा परम्परागत थातथलो र स्रोतहरूमा स्वामित्व, नियन्त्रण र प्रयोग गर्न पाउने आदिवासी जनजातिको अधिकारको उल्लंघन बाध्यात्मक पुनर्स्थापनाका आरोपहरूका बारेमा समितिको चासो छ ।

**समितिले यो सिफारिश गर्दछ कि आदिवासी जनजातिको अधिकार सम्बन्धमा साधारण सुझाव २३ सँग तादाम्य हुनेगरी आदिवासी जनजाति विरुद्ध हुने विभेदको विरुद्ध लड्न राज्य पक्षले कडा उपायहरू लिनुपर्दछ । यसले राज्य पक्षलाई आफ्नो अर्को प्रतिवेदनमा गरेका कार्यहरू, खास गरेर आदिवासी जनजातिको भूमि सम्बन्धी अधिकार र वन्यजन्तु संरक्षणको बीच तालमेल मिलाउने प्रयासहरू समावेश गर्न अनुरोध गर्दछ । साथै आई. एल. ओ. महासन्धि नं. १६९ लाई अनुमोदन गर्नका लागि पनि आमन्त्रण गर्दछ ।**[1]

बुँदा १८मा कमैयाका सम्बन्धमा बँधुवा मजदूर ऐनको कार्यान्वयन र कमैया विरूद्ध हुने सबै प्रकारका विभेदको अन्त्य र बुँदा २१मा दलितलगायतका सुविधाविहीन समूहका सदस्यहरूका लागि आम सञ्चारमा प्रतिनिधित्व गराउन विशेष व्यवस्था गर्न आमन्त्रण गरेको छ ।

सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धि समिति अध्यक्ष फातिमता–बिनता भिक्तोर दाले १३ मार्च २००९मा नेपाललाई जारी गरेको अग्रीम चेतावनीमा १६ फेब्रुअरीदेखि ६ मार्च २००९ सम्म बसेको समितिको ७४ औं बैठकको विषयमा अवगत गराउँदै आदिवासीलाई पर्नजाने अपूरणीय क्षतिबाट जोगिन र महासन्धिद्वारा प्रत्याभूत अधिकारको पूर्णरूपमा मान्यता र सम्मानको लागि नेपाललाई सहयोग गर्न समितिले अग्रीम चेतावनी पत्र (Early Warning-Letter) प्रक्रिया अन्तर्गत यस विषयलाई छानवीन गरेको कुरा उल्लेख छ ।

[1] 13. The Committee regrets the general paucity of information regarding the implementation of the Convention in relation to the enjoyment of all human rights by the indigenous peoples of Nepal. The Committee is also concerned over allegations of forced relocation and violations of the right of the indigenous peoples to own, develop, control and use their traditional homelands and resources in the name of wildlife preservation.

The Committee recommends that the State party take stricter measures to combat discrimination against indigenous peoples, in line with its general recommendation XXIII on the right of indigenous peoples. It requests the State party to include in its next report information on actions taken, especially on its efforts to reconcile indigenous peoples' land rights with the preservation of wildlife. It further invites the State party to consider acceding to ILO Convention No. 169.

उक्त अग्रीम चेतावनी पत्रमा "संविधान निर्माण प्रक्रियामा आदिवासीहरूको स्वतन्त्र अग्रीम सुसूचित सहमति (Free Prior Informed Consent) लाई सुनिश्चित गर्ने संयन्त्र स्थापना गर्न र आदिवासीहरूको राजनीतिक प्रतिनिधित्व तथा सहभागितालाई प्रत्याभूत गर्न संविधानसभामा विषयगत समिति (Thematic Committee) स्थापना गर्न समिति सिफारिश गर्दछ" भनेको छ । उक्त अग्रीम चेतावनी पत्रमा समितिको २८ सेप्टेम्बर २००९मा जारी भएको दोस्रो अग्रीम चेतावनी पत्रमा आदिवासीहरूको अधिकार विषयक सिफारिश नं २३ (१८/०८/९७)को ४ (ग) पक्ष राष्ट्रहरूलाई दोहोऱ्याउँदै भनेको छः "सार्वजनिक जीवनमा आदिवासीहरूको प्रभावकारी सहभागिताको लागि समान अधिकार सुनिश्चित गर्नु पर्दछ र उनीहरूको अधिकार तथा हितसँग प्रत्यक्ष सरोकार रहने कुनै पनि निर्णयहरु अग्रीम सहमतिबिना लिइने छैन ।" उक्त अग्रीम चेतावनीपत्रको नेपाल सरकारले दिएको प्रत्युत्तरमा आदिवासी जनजातिका सवाललाई अल्पसंख्यक तथा सीमान्तकृतको हक अधिकार संरक्षण समितिबाट सम्बोधन गर्ने दायराका सम्बन्धमा आदिवासी जनजातिले प्रभावकारी प्रतिनिधित्वको अधिकार प्रयोग गर्ने उद्देश्यसँग सम्बन्धित आदिवासी जनजातिले भोगिरेहको समस्याको सम्बोधनको लागि विशेष विषयगत समितिको विकल्प यो समिति नहुने भएकोले समितिको चासो रहेको उल्लेख गरेको छ । साथै, यस्तो विषगत समिति स्थापना तत्काल गर्न र आफ्नै समुदायले अफ्नो प्रक्रियाबाट स्वतन्त्र रूपले पहिचान गरी चुनेका प्रतिनिधिहरु रहने गरी प्रभावकारी प्रतिनिधित्व प्रत्याभूत गर्नुपर्ने कुरा दोहोऱ्याएको छ ।

दूर्भाग्यवश संविधानसभा, नेपाल सरकार, प्रमुख राजनीतिक दल र नेपाल मानव अधिकार आयोगद्वारा उक्त अग्रीम चेतनावनीमा गरिएका सिफारिशको प्रभावकारी र इमान्दारीपूर्वक कार्यान्वयन गर्नुको सट्टा पूर्ण बेवास्ता गर्ने काम भयो ।

नेपालले सर्ड, महासन्धि नं. १६९ लगायतका धेरैजसो अन्तर्राष्ट्रिय कानूनलाई अनुमोदन वा सम्मिलन गरे पनि र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) लगायतका घोषणापत्रहरूलाई पारित

वा समर्थन गरे पनि यी सबैसँग तादाम्य हुनेगरी ऐन कानूनहरु संशोधन गर्न र कार्यान्वयन प्रभावकारी ढंगबाट गर्न असफल भएको छ । ५९ आदिवासी जनजातिको कानूनी मान्यता, नवौं र दशौं योजनामा आदिवासी जनजातिका लागि विकास कार्यक्रम, गरिबी निवारण रणनीतिपत्र वा दशौं योजनामा सामाजिक समावेशीकरणलाई चारमध्ये एक आधार स्तम्भ मानिएको । निजामती सेवा, प्रहरी, सेना र शिक्षामा आरक्षणको व्यवस्था, स्थानीय निकायको बजेटमा ३५ प्रतिशत बजेट आदिवासी जनजाति, दलित, मधेशी, ओबीसी, मुस्लिम, महिला लगायतका लागि छुट्याउने व्यवस्था, संविधानसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था लगायतका प्रयासहरु सकारात्मक, तर अपर्याप्त छन् ।

**संविधान निर्माण प्रक्रिया र आदिवासी जनजातिः**

२०६२/०६३ को जनआन्दोलनले राजा ज्ञानेन्द्रद्वारा विघटित संसदलाई ब्युँताउने (जुनपछि व्यवस्थापिका संसद भयो), निर्वाचित संविधानसभाबाट संविधान निर्माण गर्ने, राज्यको पुनर्संरचना समावेशी ढंगबाट गर्ने र सबै प्रकारको जातीय, लैंगिक, क्षेत्रीय, वर्गीयलगायतका भेदभावहरुको अन्त्य गर्ने म्याण्डेट दिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि सबैभन्दा पहिला आदिवासी जनजातिहरु असन्तुष्ट भएकोले नेपाल आदिवासी जनजाति महासंघले माइतीघर मण्डलामा अन्तरिम संविधान जलाउने काम गर्‍यो । त्यस लगतैपछि मधेशीहरु असन्तुष्ट भएर मधेशी जनअधिकार फोरमले पनि माइतीघर मण्डलामा अन्तरिम संविधान जलायो । मधेशीहरुले अन्तरिम संविधान जलाउँदा प्रहरी हस्तक्षेप र धरपकड भई २७ जना आन्दोलनकारीहरुलाई प्रहरी हिरासतमा राखियो । मधेश बन्दका बेला नेकपा (माओवादी)को एकजना नेताको नेतृत्वमा लहानमा मारिएको मधेशीको लाश जबरजस्ती उठाउने काम भएपछि २१ दिने मधेशी आन्दोलन चर्कियो । नेपाल सरकारले मधेशी आन्दोलनकारीसँग संघीयतामा जाने सहमति गरेपछि राज्य पुनर्संरचना गर्दा संघीय संरचनामा जान बाध्य भयो । आदिवासी जनजातिको आन्दोलन चर्केपछि नेपाल सरकारले नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संयुक्त संघर्ष समितिसँग काठमडौंको गोदावरीमा

अगष्ट ७, २००७ मा २० बुँदे सहमति गरेको थियो । यो पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ को घोषणा भएको थियो ।

२०६२/०६३ को जनआन्दोलनले सार्वभौमसत्ता जनतामा निहित, निर्वाचित संविधानसभाको माध्यमबाट नेपाली जनताले संविधान लेख्ने र राज्यको पुनर्संचना समावेशी तरिकाले गर्ने जनादेश दिएको थियो ।

२०६३ को मधेशी आन्दोलनले संघीयता र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको र आदिवासी जनजातिको आन्दोलनले धर्मनिरपेक्षता र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको थियो । पहिलो संविधानसभाको निर्वाचन सन् २००८ (२०६४) मा २ वर्षको लागि भएकोमा ४ पटक समयावधि थप गरी ४ वर्ष बनाइएको थियो । दोस्रो संविधानसभाको निर्वाचन सन् २०१४ (२०७०) मा ४ वर्षका लागि भएको छ । माघ ८ मा संविधान दिने राजनीतिक दलहरूको वाचा संविधान नदिइकनै नाघेको अवस्था छ । संविधानसभाको विगत ५ वर्ष एकल पहिचान र बहुपहिचान अर्थात् पहिचान विरोधीबीचको द्वन्द्वमा बितेको छ ।

नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समितिबीच ७ अगष्ट २००७ मा भएको २० बुँदे सहमतिमा भनिएको छः

- प्रथम हुने निर्वाचित हुने चुनावमा उम्मेदवारमा सकेसम्म समावेशी गर्ने,
- समानुपातिक निर्वाचनमा जातजाति, क्षेत्र र लैङ्गिक आधारमा समानुपातिक बनाउने,
- २६ जना मनोनयन गर्दा दुवै निर्वाचनबाट छुटेका आदिवासी जनजातिलाई प्रतिनिधित्व गराउने ।

यो निर्वाचन पद्धतिमा आदिवासी जनजातिको प्रतिनिधित्व राजनीतिक दलका माध्यम हुनसक्ने तर आदिवासी जनजातिको प्रत्यक्ष प्रतिनिधित्व आफ्नो प्रथाजन्य पद्धतिबाट छनौट गरेर हुन नसक्ने प्रष्ट छ ।

सर्ड (CERD) समितिको अध्यक्षले १३ मार्च २००९ मा पहिलो र २८ सेप्टेम्बर

२००९ मा दोस्रो अग्रीम चेतवानीपत्र जारी गरी संविधानसभामा स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरीको संयन्त्र र आदिवासी जनजातिको विषयगत समिति स्थापना गर्न सुझाव दिएको थियो । सर्ड समितिलाई नेपाल सरकारले दिएको जवाफ र आदिवासी जनजातिको मानव अधिकार र मौलिक स्वतन्त्रता सम्बन्धी विशेष समाधिक्षक प्रा. जेम्स् अनायाले नेपाल सरकारसँग यस सम्बन्धमा जानकारी माग्दा नेपाल सरकारले अल्पसंख्यक र सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिले आदिवासी जनजातिको अधिकार बारे हेर्ने गर्दछ भनेको थियो । दोस्रो अग्रीम चेतावनीपत्रमा सर्ड अध्यक्षले उक्त प्रयास सराहनीय भए पनि आदिवासी जनजातिको सवाललाई सम्बोधन गर्न अपुग भएको बताएका थिए ।

सर्वोच्च अदालतले २१ अप्रिल २०१३ मा निर्देशनात्मक आदेश जारी गरी संविधानसभा निर्वाचन ऐन, २०६४, संविधानसभा निर्वाचन नियमावली, २०६४ र संविधानसभा नियमावली, २०६५ लाई सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगनको महाससन्धि नं १६९ लगायतका अन्तर्राष्ट्रिय कानून र उत्कृष्ट अभ्यासलाई ध्यान दिएर आवश्यक संशोधन गर्न आदेश दिएको थियो । सर्वोच्च अदलातले दुई पटक आदेशको अनुगमन गरेको र नेपाल आदिवासी जनजाति महासंघले आदेशको कार्यान्वयनका लागि निर्वाचन आयोगलाई ज्ञापनपत्र दिएको तर कार्यान्वयन नगरिकनै संविधानसभाको निर्वाचन गरी सर्वोच्च अदालतको मानहानी गरिएको छ ।

नेपालको अन्तरिम संविधान अनुसार  प्रथम हुने निर्वाचित हुने र समानुपातिक निर्वाचनबाट छुटेका आदिवासी जनजातिहरूलाई र राजनीतिक दलसँग आबद्ध नभएका स्वतन्त्र विज्ञहरूलाई मनोनयन गर्न गराउन सर्वोच्च अदलातले सरकरालाई परमादेश जारी गरेको थियो । राजनीतिक दलहरूले यो परमादेश विपरीत कार्य गरी सर्वोच्च अदालतको मानहानी गरेका छन् । राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिले गरेको सिफारिशलाई उल्टाउन राज्य पुनर्संरचना आयोगको गठन गरिएको थियो, सो आयोगले पहिचानसहितको १० स्वायत्त

प्रदेश र एउटा गैरभौगोलिक प्रदेश, स्वायत्त, विशेष र संरक्षित क्षेत्रको सिफारिश र ६ वटा भौगोलिक प्रदेशको भिन्न मतको सिफारिश संविधानसभामा पेश गरेको थियो । तर विवादका कारण यो प्रतिवेदन कार्यान्वयन भएन । माघ ८ मा संविधान जारी गर्ने मिति नजिकिंदै गर्दा सत्तारूढ नेपाली कांग्रेस र नेकपा (एमाले)लगायतका केही दलहरु र नेकपा (माओवादी), मधेशवादी दलहरु, आदिवासी जनजातिका दलहरूबीच सहमति हुन नसकेपछि सत्तारूढ दलले आफूसँग दुई तिहाई बहुमत भएको आधारमा विवादित विषयहरु बहुमतले निर्णय गर्ने प्रक्रिया अघि बढायो । नेकपा (माओवादी) नेतृत्वको ३० दलको मोर्चाले शान्ति प्रक्रिया तथा जनआन्दोलन र मधेश आन्दोलनलगायतका आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिमलगायतका आन्दोलनसँग नेपाल सरकारले गरेका सहमतिहरूको कार्यान्वयन गर्न माग गरेको छ । हाल पहिचान विरोधी सत्तारूढ दलहरूले प्रक्रियालाई अघि बढाएको र पहिचान पक्षधर दलहरु सडकमा उत्रेको स्थिति छ ।

**नेपालको अन्तरिम संविधान, २०६३ मा राज्य पुनर्संरचना सम्बन्धमा भएका प्रावधानहरू:**

राज्य पुनर्संरचनाको सम्बन्धमा हामी आदिवासी जनजातिका लागि नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा उल्लेख भएका कुराहरु पर्याप्त नभए पनि सकारात्मक र महत्त्वपूर्ण छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा "हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता, नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक–पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्दै" भनिएकोले आदिवासी जनजाति विरूद्ध भइरहेका जातीय समस्या र आदिवासी जनजाति महिला विरूद्ध भएका थप लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने भन्ने कुरा महत्त्वको छ ।

प्रस्तावनामा "प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै" भनिएको छ । आदिवासी जनजातिका लागि यसमा भएका महत्त्वपूर्ण कुरा राज्यको मानव अधिकारप्रतिको पूर्ण प्रतिबद्धता हो । अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र अन्ड्रिपमा उल्लिखित आदिवासी जनजातिको अधिकार मानव अधिकार भएको र नेपालले महासन्धि नं. १६९ लाई अनुमोदन गरी पक्ष राष्ट्र भएको र घोषणापत्रलाई स्वीकार गरिसकेको हुनाले नेपालको नयाँ संविधानमा आदिवासी जनजातिको मानव अधिकार सुनिश्चित गर्न नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनाले प्रतिबद्धता जनाएको छ ।

प्रस्तावनामा "नेपाली जनताको आफ्नो लागि आफैं संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै, आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधानसभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनैतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं" भनिएको छ ।

हुन त राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू नैतिक मात्र हुन्, बाध्यात्मक होइनन् । तथापि विद्यमान यी सकारात्मक प्रावधनहरूलाई समातेर राज्य, सरकार र दलहरूलाई आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्न राज्य, सरकार, राजनीतिक दल र गैरआदिवासीहरूसँग आवश्यक सम्वाद गर्न र दवाव दिन मद्दत गर्दछ ।

भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा ३३ अन्तर्गत राज्यको दायित्वमा उल्लिखित राज्यको केही दायित्व आदिवासी जनजातिका लागि महत्त्वपूर्ण छः

(ख) देशमा अग्रगामी राजनैतिक-आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने,

(घ) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पीछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने,

(ङ) राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने,

(ढ) सबै विभेदकारी कानूनको अन्त्य गर्ने,

भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा ३४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्तहरूमा निम्नलिखित राज्यको निर्देशक सिद्धान्त आदिवासी जनजातिका लागि महत्त्वपूर्ण छः

(५) सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।

भाग १७ मा राज्यको ढाँचा र स्थानीय स्वायत्त शासन अन्तर्गत धारा १३८ मा राज्यको अग्रगामी पुनर्संरचना सम्बन्धी निम्न उपधाराहरू पनि आदिवासी जनजातिका लागि महत्त्वपूर्ण छन्ः

(१) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक

संघीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको राज्यको पुनर्संरचना गर्नको लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गरिनेछ । त्यस्तो आयोगको गठन, काम, कर्तव्य, अधिकार र सेवाका शर्त नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) राज्यको पुनर्संरचना तथा संघीय शासन प्रणालीको स्वरूप सम्बन्धी विषयको अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

संविधानसभाको निर्वाचन अघि आयोग गठन हुनुपर्नेमा निर्वाचन भएपछि गठन भएको अयोगलाई काम गर्न अनुकूल वातारण नदिएपछि संविधान संशोधन गरेर विज्ञ समितिको माध्यमबाट संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिले पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधार मानेर १४ प्रान्त, २३ स्वायत्त क्षेत्र, विशेष र संरक्षित क्षेत्रको सिफारिशलाई सत्तापक्षले ध्वस्त पार्न गरेको षड्यन्त्रलाई आदिवासी जनजाति ककस र नेकपा (माओवादी) वैद्य पक्षले उल्टाएपछि सरकारले सीमित अधिकार दिएर अयोगको गठन गरेकोमा सो आयोगले विवादास्पद प्रतिवेदन बुझाएको अवस्था छ ।

भाग १७ मा राज्यको ढाँचा र स्थानीय स्वायत्त शासनमा उल्लिखित प्रावधान आदिवासी जनजातिका लागि महत्वपूर्ण छः

धारा १३८ राज्यको अग्रगामी पुनर्संरचनाः

(१) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ ।

(१क) "मधेशी जनतालगायत आदिवासी जनजाति र पीछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । नेपालको सार्वभौमिकता, एकता, अखण्डतालाई अक्षुण्ण कायम राख्दै स्वायत्त प्रदेशहरूको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।"

(२) "उपधारा (१) र (१क) बमोजिमको राज्यको पुनर्संरचना गर्नको लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गरिनेछ । त्यस्तो आयोगको गठन, काम, कर्तव्य, अधिकार र सेवाका शर्त नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।"

(३) "राज्यको पुनर्संरचना तथा संघीय शासन प्रणालीको स्वरूप सम्बन्धी विषयको अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरे बमोजिम हुनेछ ।"

राज्य पुनर्संचनाका सम्बन्धमा भएका उपर्युक्त संवैधानिक प्रावधानहरूलाई टेकेर घोषणापत्र र महासन्धि नं. १६९ मा प्रत्याभूत आदिवासी जनजातिको अधिकारहरूलाई संविधानमा अक्षरशः लिपिबद्ध गर्ने चुनौती छ ।

**नेपाल सरकारले आदिवासी जनजाति आन्दोलनसँग गरेको सहमति तथा त्यसको कार्यान्वयनको अवस्था**:

आदिवासी जनजातिले बेला-बेलामा विभिन्न आन्दोलन गर्दै आएका छन् । आन्दोलनको राप र तापलाई मत्थर पार्न नेपाल सरकारले पटक-पटक आन्दोलनकारीसँग विभिन्न सहमति गर्दै आएको छ । सरकार सहमतिहरूलाई

इमान्दारीपूर्वक प्रभावकारी रूपमा कार्यान्वयन गर्न सधैं चुकेको देखिन्छ । सरकारले आन्दोलनको राप र ताप मत्थर पार्न सहमति गर्ने, तर कार्यान्वयन भने नगर्ने रणनीति र आन्दोलनकारीले धेरै लामो समयसम्म बन्द र हडताल जस्ता कार्यक्रम राख्दा आम जनतालाई गाह्रो पर्ने र असह्य भएमा प्रतिरोध हुने महशूस गरेर केही मात्रामा भए पनि सरकारलाई झुकाउन सके आन्दोलन बन्द गर्ने रणनीतिले गर्दा यस्तो स्थिति आएको देखिन्छ ।

२०६२/०६३ को जन आन्दोलन र २०६३ को मधेश आन्दोलनपछि भएको आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालको आन्दोलन उत्कर्षमा पुगेको बेला नेपाल सरकार नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालबीच दर्जनौं पटक वार्ता भएको थियो । पहिलो ऐतिहासिक संविधानसभाको निर्माणको क्रममा आन्दोलन चर्कंदै गएपछि नेपाल सरकारले उक्त संयुक्त संघर्ष समितिसँग २०६४ श्रावण २२ गते निम्नलिखित २० बुँदे सहमति गरेको थियोः

१. संविधानसभाको निर्वाचनका लागि वर्तमान संविधानमा भएको व्यवस्था अन्तर्गत "पहिलो हुने निर्वाचित हुने" प्रणालीमा दलहरूले उम्मेदवारी दिंदा सबै जाति-जनजातिको समानुपातिक समावेशी हुने कुरालाई ध्यानमा राखी उम्मेदवारी तय गरिनेछ ।

२. राजनीतिक दलहरूले समानुपातिक सूची तयार गर्दा निर्वाचनमा सहभागी हुने सबै दलहरु मिलेर सूचीकृत आदिवासी जनजातिका प्रत्येक समुदायबाट प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।

३. दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका सूचीकृत आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गराउने सम्बन्धमा संवैधानिक वा कानूनी सुनिश्चितता कसरी गर्ने भन्ने विषयमा नेपाल सरकारले आठ राजनीतिक दलमा सहमति गरी निष्कर्ष निकालिने छ ।

४. नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरी राखी जाति, भाषा, भौगोलिक क्षेत्र तथा आर्थिक आधार र साँस्कृतिक विशेषता समेतका आधारमा राज्यको संघीय संरचना सम्बन्धी सुझाव अब बन्ने संविधानसभा समक्ष प्रस्तुत गर्न एक राज्य पुनर्संरचना आयोग तत्काले गठन गरिनेछ । सो आयोगमा आदिवासी जनजाति, मधेशी, दलित, महिलालगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका विशिष्ट विशेषज्ञहरु रहनेछन् ।

५. आदिवासी जनजाति आयोग गठन गर्ने ।

६. नेपाली भाषालाई मात्रै सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गरिएकोमा नेपाली भाषा र स्थानीय स्तरमा बोलिने मातृभाषालाई समेत मान्यता प्रदान गरिने व्यवस्था संविधानसभाबाट गरिनेछ । नागरिकहरुको भाषिक अधिकारलाई सुनिश्चित तुल्याउने दिशामा सरकारी प्रतिबद्धता कायमै गरिनेछ ।

७. संविधानसभा लगायतका सार्वजनिक महत्वका विषयहरुमा जानकारी माग्ने र तत्सम्बन्धी सूचना र जानकारी प्राप्त गर्ने नागरिकहरुको अधिकारको संरक्षण र सम्मान गर्दै यस सम्बन्धी सूचना र जानकारीहरु सर्वसाधारण जनताले आ-आफ्नो मातृभाषामा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

८. राजनीतिक दलहरुका सबै तहमा सबै वर्ग, लिङ्ग, समुदाय र जातजातिको प्रतिनिधित्व हुनुपर्नेमा सिद्धान्ततः नेपाल सरकारको सहमति रहेको छ । राज्यका सबै अंग र तहमा सबै जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रको समावेशी, सहभागिता र समानुपातिक प्रतिनिधित्वका लागि सबैको प्रतिनिधित्व रहेको एक कार्यदल तत्काले गठन गरी अध्ययन गर्न लगाइने छ ।

९. राज्य सञ्चालनका सबै अङ्ग र तहहरूमा आदिवासी जनजातिहरू लगायतका सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायको समावेशी–समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कानूनी एवं नीतिगत तहमा व्यक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्न सबै क्षेत्रबाट पहल गर्दै लगिनेछ ।

१०. आदिवासी जनजातिलगायत विभिन्न वर्ग क्षेत्र, लिङ्ग र समुदायहरूको सरोकारका विषयहरूमा महत्त्वपूर्ण निर्णय लिंदा सम्बन्धित पक्ष र निकायहरूको सल्लाह र परामर्श लिने व्यवस्थालाई विकसित गर्दै लगिनेछ ।

११. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को अनुमोदन गर्ने प्रस्तावलाई अविलम्ब पारित गराइने व्यवस्था मिलाइनेछ ।

१२. आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, (२००७) लाई अनुमोदन गर्ने सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया पूरा गरी अविलम्ब उपयुक्त कदम चालिनेछ ।

१३. आदिवासी जनजाति सम्बन्धी जिल्ला समन्वय समिति गठन गर्ने सिलसिलामा लोकतान्त्रिक एवं पारदर्शी प्रक्रियाको अवलम्बन गरिनेछ । साथै यस प्रक्रियामा आदिवासी जनजाति महासंघ र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संलग्नतालाई उच्च महत्त्व दिइनेछ ।

१४. अन्तरिम योजनालगायतका विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहीकरणको मर्म र भावनालाई आत्मसात गर्दै कार्यक्रमको कार्यान्वयन तथा लाभको बाँडफाँडमा महिला विविधतालाई दृष्टिगत गरी आदिवासी जनजाति, दलित र मधेशी महिलाहरूको समेत समान सहभागितामा जोड दिइनेछ ।

१५. जैविक विविधता सम्बन्धी महासन्धिको पक्ष राष्ट्रको हैसियतले आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, शीप, अभ्यास र प्रविधिको उपयोग र संरक्षणमा राज्यले विशेष ध्यान दिनेछ ।

१६. वरिष्ठ भूगोलविद् डा. हर्क गुरूङलाई राष्ट्रले विशेष सम्मान प्रदान गर्नेछ ।

१७. ताप्लेजुङको घुन्सामा भएको हेलिकोप्टर दुर्घटनामा परी दिवंगत भएका सबै नेपालीहरूलाई राहतस्वरूप प्रतिपरिवार रू.१० लाख क्षतिपूर्ति दिने व्यवस्था मिलाउने ।

१८. मुक्त कमैयाहरूको समस्यालाई स्थायी तवरले समाधान गर्न नेपाल सरकारले शुरू गरेको प्रक्रियालाई सम्झौता अनुसार प्रभावकारी रूपमा अगाडि बढाउने ।

१९. मधेशी, महिला, दलितलगायतका विभिन्न वर्ग र समुदायहरूबाट उठाइएका मागहरूलाई सम्बन्धित पक्षहरूसँग सम्वाद र छलफल गरी समाधान गर्ने सन्दर्भमा सरकारले गम्भीरतापूर्वक पहल गरी सहमति कायम गराउने ।

२०. देशभरिका सम्पूर्ण आदिवासी जनजाति समुदायहरूलाई आगामी संविधानसभा निर्वाचन सफल पार्न एकजुट हुन नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ हार्दिक आह्वान गर्दछ ।

उक्त सहमतिको कार्यान्वयनका सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई व्यवस्थापिका संसदले भदौ ५, २०६४ मा अनुमोदन गरी नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको जेनेभामा भएको मुख्यालयमा भदौ २८, २०६४मा दर्ता गरी भदौ २९, २०६४ देखि कार्यान्वयनमा आइसकेको छ । साथै संयुक्त राष्ट्रसंघको महासभामा आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई पारित गर्ने सम्बन्धमा भएको मतदानमा भदौ २७, २०६४ मा नेपालले पक्षमा मतदान गरेको थियो र नेपाललगायत १४४ सदस्य राष्ट्रहरूले उक्त घोषणापत्रलाई पारित गरेका थिए ।

पहिलो संविधानसभाको निर्वाचनका बेला पहिलो हुने निर्वाचित हुने प्रणालीमा समावेशी र समानुपातिक दुवैलाई दलहरूले कार्यान्वयन गरेनन् । समानुपातिक प्रणालीमा आदिवासी जनजाति, दलित, मधेशी, र महिलालाई कोटा नै तोकिदिएकाले समानुपातिक भयो । तर कैयन आदिवासी जनजातिको प्रतिनिधत्व छुटेकोले सो भएन । समावेश भएका आदिवासी जनजातिहरूलाई पनि दलले आदिवासी जनजातिको मुद्दाप्रति प्रतिबद्धभन्दा पनि दलप्रति बफादार बनाई राख्ने काम भयो । पहिलो संविधानसभाका आदिवासी जनजाति सभासद्हरूले ककस बनाएर आदिवासी मुद्दामा धेरै सभासद् एक भए । तर दोस्रोमा त्यस्तो हुने परिस्थिति निर्माण हुन दिइएन । २६ जना मनोनितको प्रणालीमा पहिलो दुवै प्रणालीबाट छुटेका आदिवासी जनजातिलाई प्रतिनिधित्व गराउने भनेको, तर सो अनुसार गर्ने काम भएन (संविधानसभामा आदिवासी जनजातिको प्रत्यक्ष प्रतिनिधित्वका सम्बन्धमा संयुक्त राष्ट्रसंघको सबै प्रकारका जातीय भेदभाव उन्मूलन समितिले जारी गरेको अग्रीम चेतावनी र नेपालको सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक आदेशको सम्बन्धमा छुट्टै चर्चा गरिएको छ) ।

सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच मिति २०६४/११/१८ मा सम्पन्न भएको सहमतिको धारा ३ मा यस्तो उल्लेख छः

"२३९ वर्षदेखिको केन्द्रीकृत तथा एकात्मक शासन प्रणाली वा राज्य व्यवस्थालाई अन्त्य गरी राज्यको नयाँ संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरूहटलगायतका आदिवासी जनजाति, दलित, पीछडिएका वर्ग र जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा, भौगोलिक क्षेत्र र आर्थिक स्रोत तथा सम्भाव्यताका आधारमा वैज्ञानिक स्वशासनयुक्त स्वायत्त गणराज्यसहितको संघीय शासन प्रणालीको संविधानसभाबाट संवैधानिक व्यवस्था गरिनेछ । यसलाई सुनिश्चितता प्रदान गर्न मन्त्रिपरिषद्मा प्रस्तुत गरी अनुमोदन गराई सम्बद्ध पक्षलाई जानकारी गराउने । राज्यको नयाँ संरचना गर्दा सबै वर्ग र जातिका जनताका

आत्मसम्मानको रक्षा गरिने छ । स्वायत्त गणराज्यहरूको संरचना, केन्द्र र प्रदेशको सूचीहरूको पूर्ण विवरण एवं अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरे बमोजिम हुनेछ । राज्यको नयाँ संरचनाको सम्बन्धमा गठन हुन गइरहेको पुनर्संरचना आयोगमा यो सम्झौता कार्यान्वयनको लागि पठाइने छ ।"

साथै, सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषद्बीच मिति २०६४/१२/६ मा सम्पन्न भएको सहमति अनुसार बुँदा नं. १ मा भनिएको छः "लिम्बुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण्ण राख्दै संविधानसभाबाट वर्तमान नेपालको राज्य पुनर्संरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरूको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्बन गरिनेछ ।" र बुँदा नं. ३ मा "लिम्बुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण्ण राख्दै संविधानसभाबाट वर्तमान नेपालको राज्य पुनर्संरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्रलगायतका आधारमा स्वायत्त राज्यहरूको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्बन गरिनेछ ।" सरकारी वार्ता टोली र किरात जनवादी वर्कर्श पार्टीबीच मिति २०६५ माघ ५ गते भएको सहमतिको बुँदा नं. ४ अनुसार "नेपाल सरकारले आई. एल. ओ. महासन्धि नं. १६९ अनुमोदन गरिसकेको छ । सोको कार्यान्वयनको क्रममा आवश्यकता अनुसार ऐन कानूनहरू संशोधन गरिनेछन् ।"

त्यसैगरी नेपाल सरकार र आदिवासी थारू समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधिबीच मिति २०६५ साल चैत्र १ गते भएको सहमतिको बुँदा नं. १ मा "तराईका आदिवासी थारूलगायत देशका सम्पूर्ण आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक समुदायको आ–आफ्नै विशिष्ट पहिचान छ भन्ने कुरामा नेपाल सरकार स्पष्ट छ । तसर्थ उनीहरूको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान

संवैधानिक तथा कानूनी व्यवस्थालाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने छ ।" र बुँदा नं. २ मा "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लिखित "मुलुकको राज्यसंरचनाका सबै अंगहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पीछडिएका वर्ग र क्षेत्रलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने" भन्ने व्यवस्थाप्रति प्रतिबद्ध रहँदै अध्यादेशमार्फत जारी भएका प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन, सैनिक ऐन, शिक्षा ऐन, विकास ऐन, स्वास्थ्य सेवा ऐन, नेपाल विशेष सेवा ऐनहरूलाई आवश्यक प्रकृया पूरा गरी संशोधन गरिने छ ।" भन्ने उल्लेख छ ।

सरकारी वार्ता टोली र ताम्सालीङ संयुक्त संघर्ष समितिबीच मिति २०६५ चैत २९ गते भएको सहमतिको केही महत्त्वपूर्ण बुँदाहरू यस प्रकार छन्ः

६. आदिवासी जनजातिको ऐतिहासिक थलोहरूमा सोही जातिको भाषामा नामाङ्कन गर्न पहल गर्ने । मातृभाषामा शिक्षा दिने सरकारको स्पष्ट नीति रहेको र सोको कार्यान्वयनका लागि आगामी आ. व. देखि बजेटमा थप व्यवस्था गर्ने ।

७. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ नेपाल सरकारद्वारा अनुमोदन भइसकेको सन्दर्भमा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ को नेपाल पक्ष राष्ट्र भएको स्थितिमा प्राकृतिक स्रोतसाधन, नदीनाला तथा खनिजहरूमा आदिवासी र स्थानीय समुदायको स्वामित्व कायम राख्न सरकारले आवश्यक कानून बनाई अगाडि बढ्ने ।

८. शिक्षा, स्वास्थ्य र रोजगार जनताको मौलिक अधिकारको रूपमा संविधानमा उल्लेख भए तापनि कार्यान्वयन हुन बाँकी रहेको सन्दर्भमा कानून बनाई कार्यान्वयन गर्ने ।

नेपाल सरकारले आदिवासी जनजाति आन्दोलनसँग गरेका सहमति मात्र नभएर आदिवासी जनजातिको मानव अधिकार समेत उल्लंघन हुने गरी नेपाल सरकारको वार्तटोली र क्षेत्री राष्ट्रिय आन्दोलन समितिबीच मिति २०६८ जेठ ८ गते निम्न सहमति भएको छः

१. निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गरियोस् भन्ने मागलाई सरकारले स्वीकार गर्दछ ।

२. राज्यको पुनर्संरचना गर्दा राष्ट्रिय अखण्डता र जातीय सद्भावलाई सुदृढ पार्नेगरी भौगोलिक निकटता, प्रशासनिक अनुकूलता, स्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा साँस्कृतिक समानताको आधारमा समेत गर्न संविधानसभामा सिफारिश साथ अनुरोध गर्ने ।

३. राज्यका तर्फबाट प्रदान गरिने विभिन्न आरक्षण सुविधाहरूमा सामाजिक-आर्थिक हैसियत (वर्ग) लाई समेत प्राथमिकता दिन नेपाल सरकार प्रतिबद्धता व्यक्त गर्दछ ।

४. भविष्यमा समानुपातिक निर्वाचन प्रणालीका लागि जातीय समूह बनाउँदा 'खस-क्षेत्री'हरूलाई निश्चित पहिचानसहित प्रतिनिधित्वको व्यवस्था गरियोस् भन्ने मागका सम्बन्धमा सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

५. क्षेत्री जातिलाई आदिवासी जातिमा सूचीकृत गरियोस् भन्ने मागका सम्बन्धमा अध्ययन गर्न एक महिनाभित्र सरकारले एउटा अध्ययन कार्यदल बनाउनेछ र त्यसको सुझावको आधारमा आवश्यक व्यवस्था गरिनेछ ।

६. क्षेत्री राष्ट्रिय आन्दोलन समितिले आव्हान गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रमहरू आजैका मितिबाट फिर्ता लिइएका छन् ।

त्यसैगरी नेपाल सरकारको वार्तटोली र ब्राम्हण, खस क्षेत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समितिबीच मिति २०६८ मंसिर ९ गते भएका सहमति यस प्रकार छः

१. ब्राम्हण, खस क्षेत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समितिले राखेका न्यायोचित एवं तत्काल गर्न सक्ने मागहरू १ (एक) महिनाभित्र परिवर्तनको आभाष हुने गरी सम्बोधन गर्ने सहमति गरियो ।

२. प्रक्रिया पूरा गरी सम्बोधन गर्ने कानूनी एवं संवैधानिक विषयहरूसँग सम्बन्धित मागहरू सम्बोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सहमति गरियो ।

**संविधानसभाले राज्य पुनर्संरचनाका सम्बन्धमा गरेका सिफारिशः**

पहिलो संविधानसभाको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले संविधानसभा नियमावली, २०६५ को नियम ७३ को उपनियम १(घ) तथा नियम ८२(१) बमोजिम अवधारणापत्र र प्रारम्भीक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ संविधानसभामा पेश गरेको थियो । उक्त प्रतिवेदनको अनुच्छेद ४.१.२ मा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड आधारहरूमा "नेपाललाई एकात्मक राज्यबाट संघीय राज्यमा रूपान्तरण गर्ने सन्दर्भमा संघीय एकाई निर्माणको आधार पहिचान गर्ने वा निर्धारण गर्ने भन्ने कुरा निकै महत्त्वपूर्ण विषय" भएकोले "संघीय एकाईको निर्माणको आधारका रूपमा पहिचान र सामर्थ्यलाई ध्यान दिनुपर्ने हुन्छ" भन्दै "त्यसमध्ये पनि पहिचानलाई प्राथमिक आधारका रूपमा लिनु उपयुक्त हुन्छ भनेको छ । संविधानसभाले पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधार मानेर राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड गर्न एकमतले निर्णय गरेको थियो ।

४.१.२.१. पहिचानका आधारः

२०६२/०६३ को जनआन्दोलन, माओवादी जनयुद्धपछिको शान्ति प्रक्रियामा आउँदा राज्यपक्ष र विद्रोही माओवादीबीच भएको सहमति, मधेशी आन्दोलन, आदिवासी जनजाति आन्दोलन, मुस्लिम आन्दोलनलगायतका आन्दोलनको माग र चाहना, अन्तरिम संविधानमा भएको प्रावधान आदिलाई ध्यान दिएर पहिलो संविधानसभाले "संघीय एकाई निर्माणको महत्त्वपूर्ण आधार पहिचानलाई

बनाइरहँदा कुन-कुन पहिचानलाई आधारका रूपमा लिने भन्ने कुरा आफैंमा कठीन विषय हो" भन्दै "नेपाली समाजमा पनि एउटै व्यक्तिका अनेक पहिचानहरू" भएकोमा "वर्गीय, सामाजिक, राजनीतिक, साँस्कृतिक, भाषिक, सामुदायिक, पेशागत, लैङ्गिक, क्षेत्रगत जस्ता अनेक पहिचानहरू नेपाली समाजमा प्रचलनमा रहेका" र "त्यसमध्ये संघीय एकाई निर्माणका सन्दर्भमा प्रमुख प्रतिनिधिमूलक पहिचान र अवस्थाका रूपमा निम्न कुरालाई लिन सकिन्छ" भनेको छः

१. जातीय/समुदायगत
२. भाषिक
३. साँस्कृतिक
४. भौगोलिक/क्षेत्रगत निरन्तरता
५. ऐतिहासिक निरन्तरता

४.१.२.२. सामर्थ्यका आधारः

पहिलो संविधानसभाले "संघीय एकाईहरू निर्माण गरिरहँदा त्यस्ता एकाइहरूको स्वायत्तता र स्वशासन, आर्थिक-भौतिक एवं अन्य स्रोतसाधनका दृष्टिले सवल र सक्षम रहन सकुन् भन्ने कुरालाई ध्यान दिनुपर्ने हुन्छ" भन्दै "पहिचानमा आधारित प्रत्येक समुदायहरू समान रूपमा स्वायत्तता र स्वशासनको प्रयोग गर्न सक्ने अवस्थामा छैनन्" र "यस्तो स्थितिमा संघीय एकाई निर्माण गर्दा पहिचानका अतिरिक्त अन्य आधारहरूलाई त्यतिकै महत्वका साथ लिनु आवश्यक हुनेछ" भनेर "संघीय एकाईहरूलाई सवल र सक्षम बनाउने हो भने पहिचानका साथै निम्न आधारहरूमा ध्यान दिनु जरूरी हुनेछ" भनेको छः

१. आर्थिक अन्तरसम्वन्ध र सामर्थ्य
२. पूर्वाधार विकासको अवस्था र सम्भावना
३. प्राकृतिक साधन र स्रोतको उपलब्धता
४. प्रशासनिक सुगमता

राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति र त्यसपछि गठन भएको राज्यको पुनर्संरचना गर्नका लागि सुझाव दिन एक उच्च स्तरीय आयोग दुवैले

पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधार मानेर संघीय राज्य, प्रान्त, स्वायत्त, विशेष र संरक्षित क्षेत्रको सिफारिश गरेको थियो । पहिलो संविधानसभामा नेकपा (माओवादी) पहिलो, नेकपा (एमाले) दोस्रो र नेपाली कांग्रेस तेस्रो र मधेशवादी दल चौथो शक्तिको रूपमा उपस्थित थिए भने एकल पहिचानसहितको संघीयताको पक्षमा दुई तिहाई बहुमत रहेको थियो । नेकपा (एमाले), नेपाली कांग्रेस र अन्य केही साना दलहरु यसको विरूद्धमा भएको र सहमतिमा संविधान बनाउने भनिएकोले पहिलो संविधानको चार वर्षको कार्यकालको समाप्तिसम्ममा दलहरुबीचमा मतभिन्नता भएकोले संविधानसभालाई नै अन्त्य गर्ने काम भयो ।

निर्वाचित दोस्रो संविधानसभाले पहिलो संविधानसभाले गरेको कामको स्वामित्व लिएकोले फेरी पनि राज्य पुनर्संरचना गर्दा पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधार मान्न स्वीकार गरे । तर यसपटक भने शक्ति समीकरण बदलिएर नेपाली कांग्रेस सबैभन्दा ठूलो, नेकपा (एमाले) दोस्रो ठूलो दल र एनेकपा (माओवादी) तेस्रो दलको रूपमा रूपान्तरित भए । मधेशवादी दलहरु चौथो शक्ति भए पनि सभासद्‌हरुको संख्या कम र दलहरु विभाजित भएकोले शक्ति न्यून भएको अवस्था रह्यो । नेपाली कांग्रेस, नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका साना दलको सहयोगमा एकल पहिचान विरोधीहरुको उपस्थिति दुई तिहाईभन्दा बढी भएकोले पहिचानलाई स्वीकार गरे जस्तो गर्ने, तर यसको विकृत अर्थ लगाएर पहिचानलाई गौण बनाई सामर्थ्यलाई प्राथमिकतामा राख्दै प्रान्तको विभाजन गर्दा भौगोलिक आधारमा उत्तर र दक्षिण काटेर सकभर ६ प्रदेश नभए ८ प्रदेशसम्म बनाउने प्रयत्नहरु भए ।

समितिको प्रतिवेदनको अनुसूची १मा संविधानको धारा ५ सँग सम्बन्धित भनेर प्रदेशको संख्या, सीमाना र क्षेत्र दिएको छ । समितिले सिफारिश गरेका १४ प्रदेश यस प्रकार छः (१) लिम्बुवान, (२) किरात, (३) सुनकोशी, (४) शेर्पा, (५) ताम्सालिङ, (६) नेवा, (७) नारायणी, (८) तमुवान, (९) मगरात, (१०) जडान, (११), कर्णाली, (१२) खप्तड, (१३) लुम्बिनी–अवध–थारूवान, र (१४) मिथिला–भोजपुरा–कोच–मधेश ।




स्वायत्त क्षेत्रको सूची (अन्तरिम संविधानको धारा ७ सँग सम्बन्धित) मा २३ वटा स्वायत्त क्षेत्रको नाम सूचीबद्ध छः (१) कोचिला, (२) झाँगड/उरावँ, (३) धिमाल, (४) मेचे, (५) सन्थाल, (६) लेप्चे, (७) याक्खा, (८) चेपाङ, (९) दुरा, (१०) कुमाल, (११) दनुवार, (१२) पहरी, (१३) थामी, (१४) माझी, (१५) बराम, (१६) थमाली, (१७ छन्त्याल, (१८) सुनुवार, (१९) दनुवार, (२०) सुरेल, (२१) जिरेल, (२२) ह्योल्मो, र (२३) ब्यासी । उक्त सूचीमा दनुवार दोहोरिएकोले २३ को सट्टा २२ वटा स्वायत्त क्षेत्र हुन्छ । साथै **थकाली**लाई थमाली भनिएको छ । यो सूचीले ५९ मध्ये ८ वटा प्रदेश र २३ स्वायत्त क्षेत्र पाउने आदिवासीका लागि व्यवस्था भयो । तर बाँकी आदिवासी जनजातिका लागि भने स्वायत्त क्षेत्र नपाउने भयो । समितिले यी बाँकी आदिवासीमध्ये केहीका लागि विशेष क्षेत्र र अन्यका लागि संरक्षित क्षेत्रको व्यवस्था भने गरेको छ ।

आयोगले भने बहुमत सदस्यको सिफारिशमा ११ संघीय प्रदेश, स्वायत्त, विशेष र संरक्षित क्षेत्रको सिफारिश गरेको छः (१) लिम्बुवान, (२) किरात, (३) ताम्सालिङ, (४) नेवा, (५) नारायणी, (६) तमुवान, (७) मगरात, (८) कर्णाली-खप्तड,

(९) मधेश–अवध–थारूवान, (१०) मधेश–कोचिला–भोजपुरा, र (११) दलितका लागि गैरभौगोलिक प्रदेश । तर अल्पमत सदस्यहरूले ६ भौगोलिक प्रदेशको मात्र सिफारिश गरेको छः (१) कोशी–शिरीजङ्गा, (२) नारायणी–काष्ठमण्डप–कान्तिपुर, (३) गण्डकी–मुक्ति क्षेत्र, (४) जनकपुर–विद्यापति, (५) कर्णाली–खप्तड, र (६) लुम्बिनी–दङ्गीशरण ।

संविधानसभाका चार प्रमुख दलबीच भएको १६ बुँदे सहमतिको आधारमा संविधानको मस्यौदा तयार गरी जनताको सुझाव लिएर परिमार्जित मस्यौदा बनाउने काम भइरहेको छ ।१६ बुँदे सहमतिले मूलतः नामङ्कन र सीमाङ्कनबिनाको पहिचानको ५ र सामर्थ्यको ४ आधारमा ८ प्रदेश निर्माण गर्ने भनेको छ । पहिचानवादी राजनीतिक दल, मधेशी र आदिवासी जनजातिले यो नामङ्कन र सीमाङ्कनबिनाको ८ प्रदेश अन्तरिम संविधान, विगतका सहमतिलगायत आन्दोलनको भावनाको विपरीत र सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको विपरीत भएकोले गैरकानूनी भएको भन्दै विरोध गरेको थियो । विरोधको बावजूद चार प्रमुख दलले मस्यौदा संविधानलाई प्रक्रियामा लगेर जनताको रायसुझाव लिन पारित गरी नेपाल राजपत्रमा छापिसकेको छ । यो मस्यौदा संविधानलाई मधेशवादी दलहरूबाट संविधानसभाभित्र च्यात्ने काम भएको थियो । संविधानसभा बाहिर मधेशी, आदिवासीलगायतका अन्य आन्दोलनले पनि जलाउने, च्यात्ने र विरोध गर्ने गरेका छन् ।

# तराई मधेशमा संरचनागत र प्रणालीगत विभेद तथा कानूनी, संवैधानिक समस्या

- रक्षाराम हरिजन (चमार)
रन्धिर चौधरी

## पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक मुलुक हो । नेपाल तीन भौगोलिक क्षेत्रमा विभाजित रहेको छ - हिमाल, पहाड तथा तराई क्षेत्र । हिमाली क्षेत्रमा उच्च हिमाली भेगसमेत रहेको छ भने पहाडी क्षेत्रमा मध्यमस्तरीय पहाडी भेगहरु पनि रहेका छन् । तराई क्षेत्र भन्नाले दक्षिणी सीमा क्षेत्रमा रहेको समथर मैदानी इलाकालाई बुझाउँछ । तराई क्षेत्रमा देशको झण्डै आधा जनसंख्याको बसोवास रहेको छ । यो क्षेत्रमा खासगरी तीन समुदायको बाहुल्य रहेको छ- जनजाति, जसको आफ्नै भाषा तथा संस्कृति रहेको छ र जुन परम्परागत हिन्दू जातीय संरचनामा रहेको छैन । अर्को जातीय समूह भनेको मधेशी हो (यो समुदायको साँस्कृतिक, भाषिक समानता तथा नाताको सम्बन्ध भारतसँग रहेको छ), तेस्रो मुख्य बासिन्दाको रूपमा रहेको तराईका पहाडीहरु (यिनीहरु पहाडबाट बसाई सरेका हुन) ।[2] मधेशी भन्नाले समथर तराई वा मधेशका बासिन्दालाई बुझाउँछ । त्यसैगरी पहाडी भन्नाले पहाडका बासिन्दा भन्ने बुझाउँछ । तर समयको अन्तरालसँगै यी शब्दहरूको परिभाषामा रुपान्तर भएको छ, जसले जातीय अर्थ बोकेको छ ।[3] मधेशीहरूले बोल्ने भाषा, संस्कृति, पहिरन

---

[2] कल्याण भक्त माथेमा (२०११) मधेशी अपराइजिङ, द रिसर्जेन्स अफ एथ्नीसिटी, मण्डला बुक प्वाइन्ट, पृ.२ ।

[3] ऐ ।

तथा विधिविधानहरू (रिचुअल) एवं भाषा पहाडी समुदायको भन्दा फरक छ ।[4] नेपालमा मधेशीहरू कूल जनसंख्याको एक तिहाईदेखि लिएर झण्डै आधा जनसंख्यामा रहेकोछ ।[5] तराईका मधेशी जनता लामो समयदेखि राष्ट्रिय रूपमा वर्चश्व कायम गर्न सफल पहाडी बाहुन क्षेत्रीबाट भेदभावको शिकार हुँदै आएका छन् ।[6] नागरिकता प्रमाणपत्रको अधिकारलाई संकुचन गर्नु विभेदको एउटा माध्यम भएकोछ ।[7] नेपालको नागरिकता सम्बन्धी कानूनले ऐतिहासिक रूपमा मधेशीहरूलाई भेदभाव गरेको सामान्य बुझाई छ ।[8]

तराई नेपालको अन्नभण्डार क्षेत्रको रूपमा चिनिन्छ । तर पनि तराईमा अशिक्षा, बेरोजगारी र गरिबीको ठूलो समस्या रहेको छ । शिक्षा तथा साक्षरताको प्रतिशत यो क्षेत्रमा अझै पनि निकै कम रहेको छ । युवा समुदायलाई आफ्नो वृत्ति विकासको लागि निकै कम अवसर प्राप्त रहेको छ । भेदभाव एउटा संरचनागत र प्रणालीगत समस्या भएको छ । विभिन्न क्षेत्रमा मानिसहरू भेदभावको शिकार भएका छन्, जसले गर्दा राजनीतिक वार्ताहरूमा ठूलो एजेन्डा हुने गरेको छ भने भेदभावकै विषयलाई लिएर अदालतमा मुद्दा

---

[4] कल्याणभक्त माथेमा (२०११) मधेशी अपराइजडिः, द रिसर्जेन्स अफ एथ्नीसिटी, काठमाडौंः मण्डला बुक प्वाइन्ट, पृ. ४६ ।
फ्रेडरिक एच गेज (२००९) रिजनालिज्म एण्डा नेशनल युनिटी इन नेपाल (दोस्रो संस्करण), नेपालः हिमाल बुक्स, पृ. १४ ।

[5] दीपेन्द्र झा (फेब्रुअरी १५, २०१३) सिटिजनशीप फर मधेशीः ए म्याटर अफ स्टेट हेडेक अर अफ राइट एण्ड जस्टिस, रिपब्लिका दैनिक, http://theweek.myrepublica.com/details.php ? news_id=50017.

[6] फ्रेडरिक एच गेज (२००९) रिज्नालिज्म एण्ड नेशनल युनिटी इन नेपाल ( दोस्रो संस्करण), नेपालः हिमाल बुक्स ।

[7] कल्याणभक्त माथेमा (२०११), मधेशी अपराइजिङ, द रिसर्जेन्स अफ इथ्नीसिटी, काठमाडौंः मण्डला बुक प्वाइन्ट, पृ. ४५-४७ ।

[8] फ्रेडरिक एच गेज (२००९) रिजनालिज्म एण्ड नेशनल युनिटी इन नेपाल (दोस्रो संस्करण), नेपालः हिमाल बुक्स, पृ. xxi.

पनि पर्ने गरेको छ ।[9] उदाहरणका लागि मधेशीहरूलाई नागरिकता प्राप्ति तथा सार्वजनिक सेवासँग सम्बन्धित जागीरको लागि आवेदन गर्ने क्रममा पनि अवरोधको सामना गर्नुपर्दछ । हाल मधेशीलगायतका सीमान्तकृत वर्गका लागि लोकसेवालगायतको जागीरमा कोटाको जुन व्यवस्था गरिएको छ, त्यो सही दिशामा गरिएको सुधार हो । तर यस क्रममा अरू धेरै काम गर्न बाँकी नै छ । यो ऐतिहासिक पृष्ठभूमिको सन्दर्भमा र मधेशीहरूले सामना गर्नु परेको आर्थिक कठिनाई तथा भेदभावका कारण मधेशी राजनीतिक दलहरूले सन् २००७ पछि जनताबाट राम्रो समर्थन प्राप्त गरेका छन्, जसले गर्दा राजनीतिक प्रतिनिधित्वको क्षेत्रमा एउटा नयाँ युगको थालनी गर्नेछ । यसले गर्दा वृहत्तर समानता कायम गर्नमा मद्दत पुग्नेछ । यी मधेशी दलहरु सन् २००८ को संविधानसभा निर्वाचनपछि एउटा महत्त्वपूर्ण शक्तिको रूपमा उदाएका छन् । सन् २००८ मा नयाँ सरकार गठन भएपछि सरकारले जसै संघीयताको चुनौतीलाई सामना गर्न कोशिस गऱ्यो, मधेशी दलहरूले सम्पूर्ण तराई एउटा सिंगो प्रदेश हुनुपर्दछ भन्ने मागलाई जोडतोडका साथ उठाए । यदि सम्पूर्ण तराई एउटा सिंगो प्रदेश भयो भने नेपालको मूल कृषि भूमि र औद्योगिक प्रतिष्ठानहरु यस क्षेत्रमा पर्नेछन्, र भारतसँगका महत्त्वपूर्ण सीमाहरु पनि यसै क्षेत्रसँग जोडिने हुन्छ, जसले गर्दा नेपालमा यो एउटा अत्यन्त महत्त्वपूर्ण क्षेत्र हुनेछ । नेतृत्वको असफलता नै यो अवधिको सबैभन्दा ठूलो समस्याको रूपमा रह्यो । यो अवधिमा तराईमा देखिएको सशस्त्र समूहहरूको उपस्थितिले राजनीतिक प्रक्रियामा केही प्रभाव पाऱ्यो ।[10]

२००७ मा भएको मधेश आन्दोलनपछि तराईमा कैयौं सशस्त्र समूहहरूको जन्म भयो । अधिकांश यी सशस्त्र समूहहरु पछि आपराधिक कार्यमा संलग्न हुन थाले । आर्थिक विषमता तथा राजनीतिक दलहरूको खस्कँदो साखका कारण

---

[9] प्रशान्त झाँ (फेब्रुअरी २८, २०१२) लेजिटिमेसी क्राइसिस, काठमाण्डु पोष्ट, तथा आदित्य अधिकारी (अप्रिल १०, २०१२), लिमिट्स अफ लिगालिटी, काठमाण्डु पोष्ट ।

[10] तराईमा निरन्तर गैरन्यायिक हत्या, पृ. ११ ।

यो प्रवृत्तिमा वृद्धि भयो । राजनीतिक अस्थिरताको सन्दर्भमा भएको सशस्त्र समूहहरूको बढ्दो आपराधिक गतिविधिलाई आधार बनाएर सरकारले आफ्नो विवादास्पद विशेष सुरक्षा योजनाको औचित्य सावित गर्न खोज्यो, जुन असार २५, २०६६ मा लागू भयो । यो योजना लागू भएपछि ओएचसीएचआर तथा यो प्रतिवेदनले अन्य स्थानमा उल्लेख गरेजस्तै गैरन्यायिक हत्यामा पनि त्यसै अनुरूप वृद्धि भयो ।[11] मानव अधिकारको उल्लंघनका घटनाहरूलाई सञ्चार माध्यमहरूले सतही तथा भ्रमपूर्ण तरिकाले उल्लेख गर्ने गरेका छन् ।

मधेशीहरु ऐतिहासिक विभेदका शिकार भएका छन् । यो समस्यालाई तराईमा व्याप्त आर्थिक कठिनाई तथा विभेदको ऐतिहासिक पृष्ठभूमिमा बुझिनुपर्दछ । नीतिगत तहमा द्वन्द्वको मूल कारण पत्ता लगाउन नसक्दा त्यसले हिंसाको खतरालाई बढाउँछ । उदाहरणको लागि २०६८ को ज्येष्ठमा राजनीतिक शून्यता र ठूला दलहरूले पहिचानमा आधारित संघीयता विरूद्ध वकालत गर्दा साम्प्रदायिक हिंसा जन्मायो र मुश्किलले गम्भीर परिणामको खतरालाई टार्न सकियो ।[12]

सन् २००८मा जुन मुद्दाहरूका कारण मधेशी राजनीतिक दलहरूको उदयको कारण बन्यो, ती कारणहरु अझै पनि समाप्त भएका छैनन् । तर पनि २०७० को मंसिरमा भएको संविधानसभाको दोस्रो निर्वाचनमा यी राजनीतिक दलहरूले ठूलो पराजय भोग्नुपर्‍यो । पहिचानमा आधारित राजनीतिको मुद्दालाई जोडतोडका साथ उठाउने एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले पनि ठूलो हारको सामना गर्नुपर्‍यो ।[13]

---

[11] ओएचसीएचआर, तराईमा गैरन्यायिक हत्याको छानबिन, ओएचसीएचआर-नेपाल चासो र सरोकारसम्बन्धी सारांश प्रतिवेदन, जुलाई २०१० । http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/Investigating%20Allegations%20of%20Extra Judicial%20Killings%20in%20the%20Terai.pdf

[12] http://taraihumanrights.org/contentSingle-c20=

[13] मनिष ज्ञवाली (डिसेम्बर ३०, २०१३) मधेश तथा नेपालको भविष्य, द डिप्लोम्याट । http://thediplomat.com/2013/12/the-madhes-and-the-future-of-nepal/

उक्त निर्वाचनको चिरफार गर्ने क्रम जारी रहेको छ । अहिलेसम्ममा मधेशी पार्टीहरूको पराजयका बारेमा विभिन्न कारणहरू प्रकाशमा आएका छन्, जसमा २०६४ को निर्वाचनपछि क्षेत्रीय दलहरूको प्रतिनिधित्वमा देखिएको कमीकमजोरीहरू, मधेशी दलहरूमा देखिएको एकपछि अर्को विभाजन तथा मधेशी दलहरूबीचको तीव्र प्रतिस्पर्धाका साथै स्थायित्व, सुरक्षा तथा आर्थिक वृद्धिको अभावजस्ता कारणहरू रहेका छन् ।

विगत पाँच वर्षमा तराई क्षेत्र डकैती, राजनीतिक हिंसा, आर्थिक विषमता, कमजोर आर्थिक लगानी र कमजोर आर्थिक पूर्वाधारको समस्याबाट प्रताडित रहेको छ ।[14] अधिकांश जनता शिक्षा तथा स्वास्थ्य सेवाको पर्याप्त अवसरबाट विमुख रहेका छन् । निरक्षरता तथा गरिबीको उच्च दरले व्यवहारमा धेरै ठूलो प्रतिशतमा मानिसहरू मताधिकारबाट बन्चित हुने अवस्था रहन्छ भने यसै कारणले उनीहरू बेरोजगार पनि हुन्छन् ।[15]

मधेशको सामाजिक, आर्थिक संकटको प्ररिणाम स्वरूप धेरै ठूलो संख्यामा कामको खोजीमा कामदारहरू समुद्रपार खासगरी खाडी राष्ट्रहरूमा जाने गरेको कुरालाई उल्लेख गर्न सकिन्छ । वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको आर्जनले देशको कूल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशतसम्म योगदान गर्ने गरेको छ । तर यो वैदेशिक रोजगारीले पनि नेपालको खाद्यान्नको टोकरी (ब्रेड बास्केट)को उपनाम कमाएको तराई क्षेत्रको गरिबीलाई उजागर गर्दछ ।

वैदेशिक रोजगार संस्थाको तथ्यांकअनुसार २०६० देखि २०६६ बीचमा काम गर्न विदेश गएका कामदारहरूमध्ये ४७.८ प्रतिशत मधेशबाट, ४६.२ प्रतिशत

---

[14] मनिष ज्ञवाली (डिसेम्बर ३०, २०१३) मधेश तथा नेपालको भविष्य, द डिप्लोम्याटमा । http://thediplomat.com/2013/12/the-madhes-and-the-future-of-nepal/

[15] बीरेन्द्र पाण्डे, द स्टेट अफ नेपाल एज ए प्रोटेक्टर एण्ड/अर भायलेटर अफ मधेशिज ह्युमन राइट्स ? तराई ह्युमन राइट्स जर्नल १, तराई ह्युमन राइट्स डिफेन्डर्स एलायन्स । http://taraihumanrights.org/contentSingle-bWlX

पहाडबाट र ६ प्रतिशत हिमाली क्षेत्रबाट रहेका थिए । धनुषा जिल्लाबाट सबैभन्दा बढी मानिस वैदेशिक रोजगारीमा जान्छन् । त्यसपछि सबैभन्दा बढी व्यक्ति वैदेशिक रोजगारीमा जाने जिल्लाहरूमा झापा (५.३ प्रतिशत), सिराहा (४.८ प्रतिशत), मोरङ (४.२ प्रतिशत), महोत्तरी (४ प्रतिशत) नवलपरासी (३.२ प्रतिशत) तथा चितवन (२.९ प्रतिशत) रहेका छन् ।[16] यद्यपि वैदेशिक रोजगारीमा जाने मधेशी कामदारहरूले परिवारको गरिबी घटाउनमा मद्दत गरेका छन् । तर यो प्रक्रियाले उनीहरूको शोषण पनि गरेको छ । अधिकांश कामदारहरु अत्यन्त थोरै पढेलेखेका पुरूषहरु रहेका छन् । धेरैलाई नेपाली भाषा बोल्न आउँदैन, जसले गर्दा उनीहरु वैदेशिक रोजागारीमा जानका लागि दलालहरूको भर पर्दछन् । यसले उनीहरूको तलवबाट केही रकम खाइदिन्छन् । उनीहरूलाई करारमा उल्लेख भएको काममा नलगाएर अन्य काममा लगाइन्छ र उनीहरूलाई खतराजन्य काम गर्न बाध्य पारिन्छ । उनीहरूको करार उल्लंघन गर्नेहरु विरूद्ध कुनै कारवाही हुँदैन । जब मधेशी कामदारहरूले विदेशमा आफ्ना दूतावासमा आफूहरु विरूद्ध भएको शोषणको शिकायत गर्दछन्, तब त्यहाँ पनि उनीहरु भेदभावको शिकार हुन्छन् । किनभने त्यहाँ उनीहरूलाई भारतीय भनेर व्यवहार गरिन्छ । समाजबाट ठूलो संख्यामा पुरूषहरु कामको खोजीमा बाहिरिन्छन्, जसले गर्दा परिवार छिन्नभिन्न हुने समस्या पनि देखिएको छ । धनुषा जिल्लाका गाउँहरूमा युवा पुरूषहरु देखिदैनन्, जसले गर्दा खेतमा काम गर्ने मानिस पाइदैन र स्थानीय वस्तुहरूको भाउ महंगो हुन्छ । त्यति मात्र नभएर महिलाहरूले बढी सामाजिक, आर्थिक भार बहन गर्नुपर्दछ ।[17]

दैनिक जीवनमा मधेशीहरूको आर्थिक कठिनाईको समस्याका अतिरिक्त विगतका सरकारमा मधेशी विरूद्धको भेदभाव कायम छ भन्ने कुरा धेरै कुराहरूले इंगित

---

[16] रामकुमार कामत खत वैदेशिक रोजगारीमा जाने मधेशी कामदारहरू जोखिम र देश तथा विदेशमा सामाना गर्नुपर्ने जातीय पूर्वाग्रहहरूका बारेमा अत्यन्त कम जानकारी राख्छन् । हेर्नुहोस्
http://taraihumanrights.org/contentSingle-dGs=

[17] मनिष झवाली (डिसेम्बर ३०, २०१३) मधेश तथा नेपालको भविष्य द डिप्लोम्याटमा लिखित ।
http://thediplomat.com/2013/12/the-madhes-and-the-future-of-nepal/

गरेका थिए । यसले गर्दा मधेशी दलहरूको आलोचना बढेको थियो । उदाहरणको लागि जब मधेशी दलहरु बाबुराम भट्टराई सरकारमा थिए, त्यसबेला उनीहरूले नेपाली सेनाको भर्ना प्रक्रियामा मधेशी विरूद्ध रहेको भेदभाव हटाउनका लागि खासै केही गर्न सकेनन् । समावेशी सिद्धान्तहरूलाई कानूनमा समावेश गर्नका लागि चाहिने कानूनहरु पारित हुन सकेनन् । माधवकुमार नेपालको सरकारमा दौरा सुरूवाललाई राष्ट्रिय पोशाक बनाउने निर्णय हुँदा मधेशी दलहरूले प्रभावकारी ढंगले त्यसको विरोध गरेनन् । हालै सञ्चार माध्यमहरूले विवादास्पद मतदाता परिचयपत्रको बारेमा समाचारहरु लेखे, जसमा भनिएको थियो नागरिकता प्राप्त गर्न नसकेका मतदाताहरूले मतदाता परिचयपत्र प्राप्त गर्न सकेनन् । यसले गर्दा कडा प्रतिक्रिया मधेशमा देखिएको थियो । किनभने निर्वाचन क्षेत्रको निर्धारणमा मधेशले जायज व्यवहार नपाएको गुनासो लामो समयदेखि कायमै छ ।[18]

दशवर्षे माओवादी जनयुद्धले मधेशी, दलित, जनजाति तथा महिलालगायतका उपेक्षित र विभेदमा परेका वर्गलाई आफ्नो हकहितको लागि बोल्ने, दवाव दिने र आन्दोलन गर्ने साहस पैदा गर्‍यो भन्दा शायद अत्युक्ति नहोला । मधेश आन्दोलन पनि यस्तै हिम्मत र आँटको एउटा रिफ्लेक्शन थियो । तर माओवादी पार्टी शान्ति प्रक्रियामा आएपछि उसले जनयुद्धमा गरेको बाचा, मधेश स्वायत्तता र पहिचानको कुरामा उ पछि हट्यो । किनभने २०६३ माघमा नेपालको अन्तरिम संविधान जारी हुँदा, त्यो संघीयताबिना नै जारी भयो र त्यसका लागि माओवादीको कुनै सकारात्मक भूमिका भएन, जसले गर्दा मधेशीहरूले माओवादीबाट धोका भएको महशूस गरे र विरोध प्रदर्शन शुरू भयो । माइतीघर मण्डलाबाट उपेन्द्र यादवलगायत केही मधेशी नेताहरु गिरफ्तार भए । त्यस लगतै मधेश बन्द गराउने क्रममा मधेशी युवा रमेश

[18] दीपेन्द्र झाँ (अगस्त ८, २०१३) मतदानको अधिकारबाट बन्चित मतदाताहरू, द काठमाण्डु पोष्ट। http://www.ekantipur.com/the-kathmandu-post/2013/08/04/related_articles/disenfranchised-voters/251980.html

महतो एक माओवादी कार्यकर्ताबाट मारिएपछि सरकार र माओवादी विरूद्धको विद्रोहको आन्दोलन मधेशका अन्य जिल्लाहरूमा फैलिंदै गयो र यो स्वतः स्फूर्त आन्दोलनमा ५२ जना मधेशीहरु शहीद भए । मधेशी दलहरूले उठाएको मधेशीहरूको मूल प्रवाहीकरण, संघीयता, नागरिकता र समानुपातिक प्रतिनिधित्वको सवालमा राज्य पक्षले अझै पनि धेरै काम गर्न बाँकी छ । यी विषयहरूमा दूरदर्शिता र खुला मनको साथले चिन्तन गर्न आवश्यक छ । अन्यथा मधेशी दलहरु यिनै विषयहरूलाई लिएर भविष्यको राजनीतिलाई तताइरहने र त्यसले अन्ततः मुलुकलाई नै अस्थिर बनाइरहने सम्भावना पनि देखिन्छ ।

**नागरिकता**ः

नेपालमा नागरिकताको विषय सबैभन्दा जटील र संवेदनशील विषय हो । नागरिकताको विषयलाई केही राजनीतिक दलहरूले सदाबहार राजनीतिक एजेन्डा बनाएका छन् भने केही दलले यो विषयलाई सधैँ बल्झाई राख्ने र आफ्नो स्वार्थको रोटी सेकी राख्ने विषयको रूपमा प्रयोग गरेका छन् । नागरिकताको विषयमा नेपालमा दुईवटा अतिवाद देखिन्छ । एउटा अतिवाद भनेको आफूभन्दा फरक अनुहार क्षेत्र, जाति र लिङ्ग भएको व्यक्ति विदेशीको रूपमा व्यवहार गरी उनीहरूलाई सँधै नागरिकताबाट बन्चित गर्ने, अर्को अतिवाद भनेको वरिपरि छेउछाउबाट नेपाल छिरेका बाहिरीयाहरूलाई नेपाली नागरिकताको प्रमाणपत्र दिने कुराको वकालत गर्ने । यी दुई अतिवादको चेपुवामा वास्तविक र शदियौँदेखि बसोवास गर्दैआएका लगभग २० प्रतिशत नेपाली नागरिकहरु परेका छन्, जो अझै पनि नागरिकताबाट बन्चित छन् । महिला, कानून तथा विकास मञ्चले २०७१मा प्रकाशित गरेको एउटा नागरिकतासम्बन्धी प्रतिवेदनले २० प्रतिशत नेपाली जनतासँग नागरिकताको प्रमाणपत्र नरहेको कुरा उल्लेख गरेको छ ।[19]

---

19 नेपालमा नागरिकता प्रमाणपत्रको प्राप्तिको विद्यमानता अध्ययन, महिला, कानून तथा विकास मञ्च, २०७० ।

अहिले हामी संविधान निर्माणको प्रक्रियामा छौं । वि. सं. २००९ सालदेखि नै नागरिकतासम्बन्धी संवैधानिक र कानूनका प्रावधानहरु विवादित रहेका छन् र तिनै प्रवाधानहरु नागरिकता समस्याका मूल कारणहरु हुन् ।

वि. सं. २०६९ जेठ १०मा पेमा अब्राहम्स् तथा जर्ज भर्गिजले लेखेको "स्टेटलेस इन न्यू नेपाल: इन्क्लुजन विदाउट सिटिजनशीप इज इम्पोसिबल" (नयाँ नेपालमा राज्यविहीनता: नागरिकताबिना समावेशीकरण असम्भव) लेखमा झण्डै तीन करोड जनसंख्या भएको नेपालमा २१ लाख जनता राज्यविहीन रहेको कुरा उल्लेख गरेका थिए । अन्य मुलुकहरूले नागरिकताको मामिलामा विश्वव्यापी स्तरमा प्रचलनमा रहेका उत्तम व्यवहारहरूलाई अवलम्बन गर्ने गरेकोमा नेपालको नागरिकताको बहश पुरानो सामन्ती सोंचको आधारमा अगाडि बढिरहेको कुरा लेखकहरूले उल्लेख गरेका थिए । नागरिकताको प्रावधानका कारण यहाँ मातृसत्तात्मक समाजको संरचना हुनसक्ने र धेरै संख्यामा भारतीयहरु तराईमा बसोवास गर्नसक्ने डर राजनीतिज्ञहरूले व्यक्त गर्ने गरेको कुरा पनि सो लेखमा उल्लेख छ । यहाँनेर यो कुरा स्मरणीय छ कि सन् १९९५ मा गठित धनपति उपाध्याय आयोगले ३४ लाख नेपालीहरु राज्यविहीन रहेको कुरा उल्लेख गरेको थियो ।[20]

नागरिकताविहीनहरूलाई नागरिकता दिनुपर्दछ भन्ने कुराको वकालत गर्नेलाई आफूलाई राष्ट्रवादी भन्नेहरूले मधेशी वा भारतीय भएर यस्तो कुरा गरेको होला वा डलरवादी होला भन्ने सजिलो गरी एकशब्दे आरोप लगाउँछन् । देश फिजीकरण र सिक्किमीकरण हुन्छ भन्ने हौवा फैलाइन्छ । केही विद्वानहरु नागरिकतासम्बन्धी मुद्दा लिएर सर्वोच्च अदालत जान्छन् । त्यस मुद्दालाई यहाँका संचार माध्यमहरूले मूल समाचार बनाउँछन् र त्यहीं समाचारको आधारमा दृष्टिकोण वा मत निर्माण हुन्छ । यहीं दृष्टिकोण निर्माण गरिएको सत्यताको आधारमा नागरिकता पाउने वास्तविक नागरिकको अधिकारमाथि अंकुश लगाइन्छ । यही भूमरीमा नागरिकता मुद्दा वि.सं. २००९ सालदेखि अहिलेसम्म बल्झिरहेको छ ।

[20] नेपाल मधेश फाउण्डेशन (२०७०) मधेश अध्ययन, पृ. ६० ।

यसकारण, अब नागरिकता सम्बन्धमा संविधानमा राखिने विषयमा सुझाव दिँदा कसैप्रति आग्रह पूर्वाग्रह र कुनै अमूक राजनीतिक दलको घोषणापत्रको छायाँप्रतिवेदन दिनेभन्दा पनि सबैलाई सर्वस्वीकार्य हुने विश्वव्यापी मान्यता, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र लोकतान्त्रिक सिद्धान्त र समानताको कसीमा खरो उत्रिने खालका सुझावहरू दिन सक्नुपर्दछ । नागरिकताको सन्दर्भमा अब बन्ने संविधानमा लिङ्ग, समुदाय वा कुनै पनि आधारमा कुनै पनि खालको विभेदपूर्ण भाषाको प्रयोग गरिनु हुँदैन ।

पछिल्लोपटक प्रविना वस्तीद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का विरूद्ध दायर रीट निवेदन (२०६८-w0-५१३)मा सर्वोच्च अदालतले वंशजको आधारमा नागरिकता पाउने कुरा सम्बन्धमा अन्तरिम संविधानमा नै व्यवस्था रहेको हुँदा गृह मन्त्रालयलाई त्यसबारे मापदण्ड बनाउने बारेमा अधिकार नरहेको भनेर अन्तरिम आदेश (स्टेअर्डर) जारी गर्‍यो, जसले गर्दा बाबुआमा नेपालको नागरिक हुनुअघि नेपालमा जन्मेका १,७०,०४२ जनालाई नागरिकता पाउनबाट बन्चित राखियो । यसअघि २०६२/०६३ को आन्दोलनपछि २०४६ चैत मसान्तभित्र नेपालमा जन्म भएका र जन्मपछि नेपालमा स्थानीय रूपमा बसोवास गर्दै आएका व्यक्तिहरूलाई जन्मसिद्धको नाताले नागरिकता प्रमाणपत्र प्रदान गरिएको थियो । तर यसका लागि संविधान र कानूनबमोजिम उल्लिखित म्यादभित्र व्यक्तिहरूले नागरिकता प्रमाणपत्र प्राप्त गरीसक्नुपर्ने प्रावधान थियो । एउटा महत्त्वपूर्ण कुरा के छ भने नेपाली इतिहासमा शायद पहिलोपल्ट होला गृहमन्त्रालयको सर्कुलरलाई मातहतका प्रमुख जिल्ला अधिकारीहरूले अवज्ञा गरे । यो अवज्ञाले नेपालको कर्मचारीतन्त्र र राजनीतिक दलहरू नागरिकताको सवालमा कसरी रूढिवादी र मधेशीविरोधी रहेका छन् भन्ने कुरालाई पुष्टि गर्दछ । नेपाल सरकारले नागरिकतालाई राष्ट्रियतासँग दाँजेको छ ।[21]

---

[21] महिलाविरुद्धको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडा) को धारा १८ अनुसार राज्य पक्ष-नेपालको बाँकी संयुक्त चौथो तथा पाँचौं प्रतिवेदन, जुन २०६७ को कात्तिक २३ मा प्रस्तुत गरिएको थियो, पृ. ३५, सिडा/सी/एनपीएल/४-५

नेपालमा व्यक्तिका लागि नागरिकताको प्रमाणपत्र सबैभन्दा बढी महत्त्वको कानूनी दस्तावेज हो । यो कागजले व्यक्तिको आधिकारिक परिचय मात्रै स्थापित नगरेर, उसको अधिकारको संरक्षण पनि गर्दछ र यसले व्यक्तिको अवसर तथा सेवामाथिको पहुँच पनि कायम गर्दछ, जुन कुरा अन्यथा सम्भव रहन्न । नागरिकलाई अधिकारको उपभोग गर्न खासगरी सरकारी तथा स्थायी जागिर पाउन, विभिन्न कुराहरूको अनुमतिपत्र प्राप्त गर्न, सम्पतिको स्वामित्व ग्रहण गर्न, राहदानी बनाउन, बैंकमा खाता खोल्न र मतदान गर्नेलगायतको अधिकारको उपभोगका लागि नागरिकताको प्रमाणपत्र अत्यन्त आवश्यक हुन्छ । राज्यको सरहदभित्र बस्ने व्यक्तिहरूको लागि नागरिकता भनेको वैधताको प्रतीक हुन्छ ।[22]

यतिखेर नेपालले २०६३मा गरेको विस्तृत शान्ति सम्झौताको माध्यमबाट १० वर्षे माओवादी जनयुद्धलाई अन्त्य गरेको छ र राजतन्त्रलाई अन्त्य गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा नेपाल रूपान्तरण भई संक्रमणकालबाट गुज्रिरहेको छ । २०६३ को मंसिर ५का दिन विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि र त्यसको केही हप्तापछि अन्तरिम सरकारको गठन भएपश्चात् नेपाल सरकारले नागरिकता वितरणको अभियान थाल्यो । यो अभियान सन् १९९४को सरकारी प्रतिवेदनको सन्दर्भमा थियो, जसमा नागरिकताविहीन व्यक्तिहरूको संख्या ३५ लाख रहेको जनाइएको थियो ।[23] २०६३ मा थालिएको नागरिकता वितरणको अभियानको क्रममा बाबुआमा वंशजको नागरिक भएका व्यक्तिका सन्तानहरूलाई नागरिकता दिनुका साथै २०४६ को चैत मसान्तसम्म नेपालमा जन्म भएका व्यक्तिकालाई पनि जन्मसिद्धको नागरिकता दिने प्रावधान अनुरूप नागरिकता वितरण गरियो र यो जन्मसिद्धको आधारमा नागरिकता लिनको लागि दुई वर्षको अवधि कायम गरियो । तर

22 फ्रेडरिक एच गेज, (२००९) नेपालमा क्षेत्रीयतावाद तथा राष्ट्रिय एकता (दोस्रो संस्करण), नेपाल: हिमाल बुक्स, पृ. ८७।

23 इन्टरनेशनल क्राइसिस ग्रुपको प्रतिवेदन, “नेपाल्स ट्रबल्ड तराई रिजन,” एसिया प्रतिवेदन नं. १३६ (२००७) पृष्ठ ४, संगै रहेको दीपेन्द्र झाको धारणा पनि हेर्नुहोला।

यसरी जन्मसिद्ध नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानहरु, जसको जन्म उनीहरुका बाबुआमाले जन्मसिद्ध नागरिकता प्राप्त गर्नुअघि भएको थियो, र जो त्यस अवधिमा १६ वर्ष पुगिसकेका थिएनन्, तिनीहरुले नागरिकताको प्रमाणपत्र पाउन सकेनन् । यस्ता व्यक्तिहरुलाई उनीहरुको जन्म हुँदाको बखत उनका बाबुआमा नेपालको नागरिक भइनसकेको आधारमा नागरिकता दिनबाट इन्कार गरियो ।[24] यसले गर्दा नागरिकहरु आफ्नो पहिचान तथा अधिकारबाट बन्चित भएका छन्, जसको प्रभाव स्वरूप यस्ता नागरिकहरु राज्यविहीन हुन पुगेका छन् । सन् २००७ मा १,७०,०४२ जनाले जन्मको आधारमा नागरिकता प्राप्त गरे ।[25] जन्मसिद्ध नागरिकका सन्तान जो बाबुआमा नेपालको नागरिक हुनुअघि नेपालमा जन्मेका थिए, र नेपालमा नै बसोवास गर्दै आएका थिए । तिनीहरुले नागरिकता नपाउने भन्ने सरकारको निर्णयले गर्दा जन्मसिद्ध नागरिकका सन्तानहरु बढी प्रभावित भए । प्रायः एउटा परिवारसँग एकभन्दा बढी सन्तान हुनेहुँदा यो अवरोधका कारण नागरिकताको प्रमाणपत्र पाउनबाट बन्चित व्यक्तिहरुको संख्या १,७०,०४२ भन्दा निकै बढी रहेको सहजै अनुमान गर्न सकिन्छ । जन्मसिद्धको नागरिकता प्राप्त गर्ने १,७०,०४२ व्यक्तिमध्ये अधिकांश मधेश वा तराई क्षेत्रका मधेशीहरु थिए ।

**नागरिकता सम्बन्धी कानूनी व्यवस्थामा विभेद**:

नेपाली नागरिकता ऐन, २००९ को दफा १० मा भोट सरकारसँग भएको सन्धि बमोजिम नेपाली लोग्नेमानिस भोटमा रहेको बखत भोटिनी स्वास्नीबाट जन्मेका छोराहरु नेपाली नागरिक र छोरीहरु भोटको नागरिक ठहरिने उदेक्लाग्दो र लैङ्गिक विभेदयुक्त प्रावधान थियो ।[26] झण्डै यहीं प्रवृत्तिको निरन्तरता दिने गरी उच्चस्तरीय कार्यदलले नागरिकताको विषयमा २०६६ मा एउटा ११ बुँदे सम्झौता गर्‍यो । यो सम्झौता अनुसार कुनै नागरिकले

---

[24] यो बन्चिती नेपालको अन्तरिम संविधान, नागरिकता ऐनसँग जोडिएको छ ।

[25] २०६८ को मंसिर २० मा गृह मन्त्रालयद्वारा जारी सर्कुलर ।

[26] सीताराम भट्टराई, नागरिकता कानून आफैं समस्या, मधेश अध्ययन, २

वंशजका नाताले तब मात्र नागरिकता पाउँछन् जब उनका दुवै अभिभावक अर्थात बाबु र आमा दुवैजना वंशजको नाताले नेपालको नागरिक हुन्छन् । यो प्रावधान यदि संविधान वा कानूनको अंग भयो भने ठूलो संख्यामा नेपाली अभिभावकका सन्तानहरू नगरिकता पाउनबाट बन्चित हुनेछन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्धको धारा २४ले "प्रत्येक बच्चालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ," भन्ने कुरा उल्लेख गरेको छ ।[27] बाल अधिकारसम्बन्धी महासन्धिको धारा ७(२)ले आफ्नो भूमिभित्र जन्मेका बालबालिकालाई नागरिकता दिनुपर्ने दायित्व राज्यमाथि तोकेको छ र पनि नेपाल सरकारले नागरिकताको समस्या नेपालको आन्तरिक समस्या हो भन्ने तर्क गर्दै आएको छ र अन्तर्राष्ट्रिय समुदायले पनि यो अत्यन्त संवेदनशील विषय हो भनेर स्वीकार गरेको छ ।[28] नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)[29] तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा[30] व्यक्तिले आमाको नागरिकताको आधारमा वंशजको नागरिकता प्राप्त गर्न सक्ने कुरा उल्लेख छ र पनि सरकारी अधिकारीहरूले नेपाली आमाका सन्तानहरूलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न अस्वीकार गर्दै आएका छन् । प्रस्तावित संविधानको मस्यौदामा समेटिएका प्रावधानहरू प्रजातन्त्र र समानता विरोधी छ र ती प्रावधानहरू अन्तरिम संविधानमा उल्लेख गरिएको प्रावधानभन्दा पछाडि गएको आभास हुन्छ । महिला, कानून तथा विकास मञ्चका अनुसार हालसम्म नागरिकता प्राप्त नगरेको व्यक्तिको संख्या ४३ लाख छ भनी प्रतिवेदन निकालेको छ ।[31] यसले पनि नेपालमा नागरिकताको समस्या भयावह रहेको देखाउँछ ।

---

27 थर्ड एलायन्सद्वारा प्रकाशित न्यायको खोजी पुस्तक, पृष्ठ ९५

28 मानव अधिकारको विश्वव्यापी घोषणापत्र, धारा १५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (आइसीसीपीआर), धारा २४

29 नेपालको अन्तरिम संविधान, २०६३, धारा ८(२)

30 दफा ३ (१) का अनुसार व्यक्तिको जन्म हुँदा उनको बाबु वा आमा नेपालको नागरिक भए त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

31 महिला, कानून र विकास मञ्च (२०६९) नेपालमा नागरिकताको प्रमाणपत्र प्राप्तिको अनुमानित अवस्था, पृ. १ ।

दोस्रो संविधानसभाले नागरिकता समस्याको समाधान गर्ला कि भनेर मानिसहरु यतिखेर आशावादी छन् । मुलुकको लागि यो लज्जाको विषय हो कि २१ औं शताब्दीमा पनि महिलाहरूलाई पुरूषसरह व्यवहार गरिदैन । पितृसत्तात्मक मान्यताहरूका कारण महिलाहरु समान अधिकार प्राप्त गर्नबाट बन्चित रहेका छन् । प्रशासनिक नियम तथा साँस्कृतिक व्यवहारका कारण नेपाली महिलाहरु आफैं नागरिकताको लागि निवेदन दिन सक्दैनन्, उनीहरु परिवारका पुरूष सदस्यप्रति निर्भर हुनुपर्दछ ।[32]

नेपालको संविधान तथा कानूनले के भनिरहेको छ भने नेपाली पुरूषले जो कोहीसँग विवाह गर्न सक्छ र उसको सन्तानले नेपालको नागरिकता प्राप्त गर्ने छ । तर यदि कुनै नेपाली महिलाले विदेशी पुरूषसँग विवाह गर्दछ भने उसको सन्तानलाई नेपाली नागरिकता प्राप्त गर्नमा समस्या हुनेछ ।[33] धेरै महिला संघसंस्था तथा कार्यकर्ताहरु महिला अधिकारको पक्षमा आवाज उठाइरहेका छन् । तर राज्यले उनीहरूको चासोको सम्बोधन गरेको देखिदैन ।

नागरिकता दिनबाट बन्चित गर्नाले समाजमा सुकुम्बासी र बन्चितीकरणको समस्या बढेको छ भने जनता राज्यप्रदत सेवा तथा सुविधा पाउनबाट पनि बन्चित रहेका छन् । यदि अहिलेको नागरिकतासम्बन्धी प्रावधान कायमै रह्यो भने ठूलो संख्यामा मानिसहरु नागरिकताबाट बन्चित रहनेछन् । बन्चित समुदायका व्यक्तिहरु, मधेशी, दलित तथा जनजातिहरु अझ बढी मारमा पर्नेछन् । कुनै पनि राज्यले आफ्ना नागरिकलाई नागरिकताको प्रमाणपत्र दिएर न्याय गर्नुपर्दछ ।

---

32 महिला, कानून तथा विकास मञ्च (२०७१) नेपालमा नागरिकता प्रमाणपत्रको प्राप्ती, पृ. ३० ।

33 मल्लिका अर्याल, स्टेटलेश इन नेपाल । http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=72161

यदि सहमति भइसकेको भनिएको कुराहरु नयाँ संविधानको अंग बन्यो भने त्यो नेपाल सदस्य रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धलगायतका अन्तर्राष्ट्रिय सन्धिहरूको पनि विपरीत हुनेछ । नागरिकताबाट नागरिकलाई बन्चित राख्दा त्यसले व्यक्तिमा निराशा र नकारात्मक भावना पैदा गर्नसक्छ र त्यसबाट समाजमा थुप्रै खालका समस्याहरु उत्पन्न हुनसक्छन् ।

छोराछोरीहरूलाई बाबु वा आमामध्ये कुनै एकको नामबाट स्वतन्त्र रूपमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सक्ने अधिकारको सुनिश्चित गरिएमा उक्त सरोकारको सम्बोधन हुने देखिन्छ । यो कुरा यहाँ उल्लेखनीय छ कि संसारका अधिकांश मुलुकहरूले यो सिद्धान्तलाई अवलम्बन गरेका छन् । १२२ मुलुकहरूको सर्वेक्षणले बाबु र आमा दुवै नागरिक नभएमा वंशजको आधारमा नागरिकता दिन इन्कार गर्ने एकमात्र मुलुकको पहिचान गरेको छ ।[34]

नेपालको संविधानसभामा विचाराधीन नागरिकताका सम्बन्धमा प्रस्ताव गरिएको बुवा र आमा भन्ने शव्दावली हटाई बुवा वा आमा भने शव्दावली प्रयोग गर्नुपर्ने देखिन्छ । तल उल्लिखित सुझावको भाषा बन्ने नयाँ संविधानमा प्रयोग गर्दा उपयुक्त हुन्छ ।

> कुनै पनि बालबालिकाको आमा वा बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक हुनेछ ।

**बाबु र आमा दुवै नेपाली नागरिक हुनुपर्ने व्यवस्थाले सिर्जना गर्ने समस्याहरूः**

- प्रस्तावित व्यवस्थाहरु अहिले विद्यमान नागरिकतासम्बन्धी कानूनहरूभन्दा समस्यामूलक छन् ।
- नेपालको मानवअधिकारमा सन्धि महासन्धिहरु अनुसारको दायित्व विपरीत छन् ।
- पुरूष र महिला दुवैको अधिकार कटौती गर्दछ ।

[34] संवैधानिक कानून व्यवसायी मंचले प्रकाशन गरेको *नागरिकता* पुस्तक २०६८

- आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्नका लागि महिलालाई पुरूषमा र पुरूषलाई महिलामा भर पर्नुपर्ने हुन्छ ।
- बाबु र आमामध्ये एक अर्काको सहयोगबिना महिला र पुरूषले आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न सक्दैनन् ।
- यो प्रावधानका कारण बाबु र आमा दुवै नेपाली नागरिक भएका तर (क) बाबु र आमा दुवैले सहयोग नगरेको, (ख) बाबु र आमामध्ये कुनै एकसँग वा दुवैसँग नागरिकताको प्रमाणपत्र नभएको वा (ग) बाबु र आमा दुवै वा कुनै एक नागरिकता दिलाउनका लागि उपलब्ध नभएको वा उपलब्ध हुन नसक्ने अवस्थाका बालबालिकाहरूले नागरिकता प्राप्त गर्न सक्दैनन् ।
- यो व्यवस्थाले एकल महिलाका सन्तानको नागरिकतासम्बन्धी समस्याहरू समाधान गर्दैनन् । विशेष गरी बाबु वा आमा को हो भन्ने थाहा भएको तर सहयोग गर्न अस्वीकार गरेको वा सहयोग गर्न नसकेको अवस्थाका एकल महिला तथा पुरूषका सन्तानहरूले नागरिकता पाउन सक्दैनन् ।
- मिश्रित विवाह (बाबु वा आमामध्ये एक विदेशी) बाट जन्मिएका यस्ता बालबालिकाहरू राज्यविहीन हुन सक्ने देखिन्छ ।
    (क) नेपालमा नजन्मिएको,
    (ख) विदेशी बाबु वा आमाले नेपाली नागरिकता नलिएको वा लिन असम्भव भएको,
    (ग) विदेशी बाबु वा आमाले विदेशको नागरिकता दिलाउन नसकेको,
    (घ) अंगीकृत नागरिकताका लागि योग्य, तर यो राज्यको स्वविवेकमा भर पर्ने हुँदा सुनिश्चित नभएको ।

**विवाहको आधारमा नागरिकता**:

सहमति भएको प्रावधान अनुसार नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरूषलाई नेपालको अंगीकृत नागरिकता प्राप्त गर्नका लागि १५ वर्ष नेपालमा बसोवास गरेको हुनुपर्दछ, जब कि नेपाली पुरूषसँग विवाह गर्ने विदेशी

महिलाले विवाहपछि तुरून्तै नेपालको नागरिकता प्राप्त गर्दछिन् । यसले हजारौं व्यक्तिको भविष्य अन्धकारमा छ र उनीहरु निरन्तर बहिर्गमनको सामना गर्न बाध्य छन् ।[35] पुरूषले जुन देशको महिलासँग बिहे गरे पनि छोराछोरीले नागरिकता पाउने, तर नेपाली महिलाले अन्य देशको पुरूषसँग बिहे गर्‍यो भने छोराछोरीले बस्नै नहुने, नागरिकता पाउनै नहुने, यो कस्तो समानताको कुरा हामीले गरिरहेका छौं ? आजको २१ औं शताब्दीमा महिला र पुरूषबीच नागरिकता सम्बन्धमा यस्तो ठूलो भिन्नता किन ? यसकारण प्रस्तावित संवैधानिक प्रावधान विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १५ द्वारा संरक्षित राष्ट्रियता प्राप्त गर्ने अधिकार विपरीत छ ।

नेपालसमेत पक्ष राष्ट्र भएको महिलाविरूद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सिड)ले महिलाहरूलाई उनीहरूले विदेशी नागरिकसँग विवाह गरेको कारणबाट वा लोग्नेले विदेशी राष्ट्रियता प्राप्त गरेको कारणबाट उनीहरूको नागरिकताको स्वतः खारेजी वा परिर्वतन हुनेबाट संरक्षण गरेको छ (धारा ९) । विवाहित महिलाको राष्ट्रियतासम्बन्धी महासन्धिको धारा ३ ले विदेशीसँग विवाह गर्ने महिलाले विवाहको आधारमा आफू बसोवास गरेको मुलुकको अंगीकृत नागरिकता प्राप्त गर्ने अधिकारसमेत स्थापित गरेको छ । हुन त प्रस्तावित संवैधानिक प्रावधानअनुसार नेपाली पुरूषले विवाह गरेको महिलाले विवाहपश्चात् तुरून्त नागरिकता प्राप्त गर्न सक्छिन् । यसरी यो प्रावधानले बुहारीको हकको संरक्षण गरेको देखिन्छ भने छोरीको श्रीमान अथवा ज्वाईँलाई नागररिकता लिन १५ वर्ष कुर्नुपर्ने प्रावधान अन्तर्राष्ट्रिय कानूनको प्रावधान बमोजिम छैन ।

---

[35] अनुराग आचार्य, नेपाली टाइम्स, पेन इन द प्लेन्स । http://nepalitimes.com/regular-columns/by-the-way/Pain-in-the-plains, 37

**अभिलेख तथा निक्र्योल समितिद्वारा सहमति भइसकेको दस्तावेजले छोरी बुहारी तथा पुरुष र महिलाबीच फरक व्यवहार गरेको देखिन्छः**

अधिकांश मुलुकहरूले उनीहरूका नागरिकसँग वास्तविक रूपमा विवाह गरेको अवस्थामा आफ्ना विदेशी पति वा पत्नीलाई नागरिकता प्रदान गर्नसक्ने व्यवस्था गरेको छ । थुप्रै मुलुकहरूले आफ्ना नागरिकसँग विवाह गर्ने विदेशी पति वा पत्नीलाई सो मुलुकमा बसोवास गरेको हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेका छैनन् र बसोवास गरेको हुनुपर्ने व्यवस्था गर्ने मुलुकहरूले पनि बसोवासको अवधि दुईदेखि पाँचवर्ष तोकेको पाइन्छ । भारतको कानूनले भारतीय नागरिकका विदेशी पति वा पत्नी भारतमा बासेवास गरेको ७ वर्षपछि अंगीकृत नागरिकताको लागि आवेदन गर्न सक्ने व्यवस्था गरेको छ ।

**जन्मसिद्धमा देखिएको समस्याः**

नेपाल अधिराज्यको संविधान, २०१५ मा नागरिकतासम्बन्धी छुट्टै संवैधानिक व्यवस्था थिएन । नागरिकताको हकमा नागरिकता ऐन, २००९ र नियम त्रियाशील रहेको थियो । पहिलोपल्ट २०१९ सालको संविधानमा नागरिकतासम्बन्धी छुट्टै भागको व्यवस्था गरियो । यसरी नेपालको इतिहासमा पहिलोपल्ट राजा महेन्द्रको पालामा नागरिकतासम्बन्धी प्रावधान संविधानमै उल्लेख भयो । राजा महेन्द्रले नागरिकता सम्बन्धमा संकुचित धार लिनुको पछाडि उनका आफ्नै कारणहरु थिए । उनको पालामा लोकतन्त्रिक आन्दोलन दक्षिणतिर बढी सक्रिय थियो । बैरगनीया, जनकपुर, राजविराज, झापा आदि क्षेत्रहरु लोकतान्त्रिक आन्दोलनका लागि बढी सक्रिय थिए । यसकारण राजा महेन्द्रले खासगरी दक्षिण भेगका मान्छेहरूलाई नागरिकतासम्बन्धी संवैधानिक कानूनी अड्चन सिर्जना गरी लोकतान्त्रिक आन्दोलन नियन्त्रण गर्न चाहन्थे । वि सं. २०१९ सालमा बनेको नेपालको संविधानले नागरिकता प्राप्तिको आधारमा नेपाली मूलको व्यक्तिलाई दुईवर्ष नेपालमा बसोवास गरेको हुनुपर्ने, तर गैरनेपाली मूलका व्यक्तिका हकमा १२ वर्ष नेपालमा बसोवास गरेको

हुनुपर्ने प्रावधान कायम गऱ्यो ।[36] तर २०१९ सालको संविधानले नेपाली मूल भन्ने शव्दलाई भने परिभाषित गरेन । यो शब्दको व्याख्या गर्ने अधिकार पूर्णतः नागरिकता बाँड्ने अधिकारीमाथि नै छोडियो ।[37] यस संवैधानिक प्रावधानको सबैभन्दा ठुलो मारमा नेपाली भाषा बोल्न र लेख्न नजान्ने मधेशी र हिमाल पहाडमा रहेका जनजाति समूहहरु परे । यहीं कारणले नागरिकताबाट बन्चित समूहहरुमा सबैभन्दा बढी संख्या मधेशी र जनजातिहरुको रहेको छ ।[38] नागरिकता ऐन, २००९ले व्यवस्था गरेको र नेपालको संविधान, २०१९ले संविधान लागू हुनुभन्दा अघि जन्मेका व्यक्तिलाई जन्मका आधारमा नागरिक ठहऱ्याए पनि त्यही संविधानअन्तर्गत बनेको नागरिकता ऐन, २०२० ले भने जन्मसिद्ध नागरिकताको प्रावधान राखेको छैन ।

शुरूमा नेपालले वंश र जन्मको आधारमा नागरिकता दिंदै आएको थियो । तर जन्मको आधारमा नागरिकता दिने विचार तीन दशकअघि त्याग्यो । किनभने त्यसमा ठूलो संख्यामा भारतीयहरूले नागरिकता प्राप्त गरे । यसले मुलुकको जनसंख्याको संरचना (डिमोग्राफिक सेट अप) र पहिचानमा एउटा ठूलो चुनौती थपिदियो ।[39] यसरी योग्य नागरिकहरूलाई नागरिकता दिने कार्यलाई राष्ट्रियताको सवालसँग जोडेर जसरी विरोध गर्ने गरेको देखिएको छ, त्यसले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनमाथि प्रश्नचिन्ह खडा गरेको छ । यसले खासगरी समानताको हक, समान संरक्षणको हक र भेदभावविरूद्धको हकको

---

[36] फ्रेडरिक एच. गेज (२००९) रिजनालिज्म एण्ड नेशनल युनिटी इन नेपाल, पृ. ९८-९९

[37] दीपेन्द्र झा, पोलिटिक्स अफ विलोङ्गिङ, काठमाण्डु पोष्ट । http://np.ekantipur.com/2013/06/03/oped/politics-of-belonging/372662.html

[38] नेपाालमा नागरिकता प्रमाणपत्रको प्राप्तीको विद्यमानता अध्ययन, महिला, कानुन तथा विकास मञ्च, २०७०

[39] न्यू प्रभिजन्स अफ सिटिजनशीप सर्टिफिकेट: एब्सोलुटली डेन्जरस (२०६८ फागुन ५) विक्ली मिरर ।

उल्लंघन गरेको छ । सन् २००६को नोभेम्बरमा विस्तृत शान्ति सम्झौता[40] को परिपालना स्वरूप नेपालको नागरिकता कानूनमा संशोधन गरियो । यसले १९९० अघि नेपालमा जन्म भएका र यहाँ स्थायी बसोवास भएका व्यक्तिहरूलाई नागरिकता दिने प्रावधान अंगीकार गऱ्यो । २०६२/०६३ को जनआन्दोलनको सफलतापछि गृह मन्त्रालयको सर्कुलरको आधारमा एकपल्टका लागि २०४६ को चैत मसान्तसम्ममा नेपालमा जन्मेका १,७०,०४२ जनालाई जन्मको आधारमा नागरिकता प्रदान गरिएको थियो । तर यसरी जन्मसिद्ध नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानहरु जसको जन्म उनीहरूका बाबुआमाले जन्मसिद्ध नागरिकता प्राप्त गर्नुअघि भएको थियो र जो त्यस अवधिमा १६ वर्ष पुगिसकेका थिएनन्, तिनीहरूले नागरिकताको प्रमाणपत्र पाउन सकेनन् । यस्ता व्यक्तिहरूलाई उनीहरूको जन्म हुँदाको बखत उनका बाबुआमा नेपालको नागरिक भइनसकेको आधारमा नागरिकता दिनबाट इन्कार गरियो ।[41] यसले गर्दा नागरिकहरु आफ्नो पहिचान तथा अधिकारबाट बन्चित भएका छन् । नेपालको इतिहासमा सम्भवतः यो पहिलो घटना थियो, जुनबेला गृहमन्त्री विजयकुमार गच्छेदारले जन्मसिद्ध नागरिकका सन्तानहरूलाई वंशजको आधारमा नागरिकता दिने सर्कुलर जारी गर्दा उनकै मातहतका प्रमुख जिल्ला अधिकारीहरूले त्यसलाई मानेनन् ।

ठीक छ, जन्मसिद्धको आधारमा नागरिकता नदिने राजनीतिक सहमति भइसकेको छ भने त्यसलाई पुनः खोल्न गाह्रो हुन्छ । तर सन् २००७ मा

---

[40] विस्तृत शान्ति सम्झौताको दफा ३.५ मा 'वर्ग, जातीयता, भाषा, लिङ्ग, संस्कृति, धर्म तथा क्षेत्रको आधारमा हुने भेदभाव हटाउन तथा महिला, दलित, जनजाति, जातीय अल्पसंख्यकहरू (जनजातिहरू), तराईका समुदायहरू (मधेशीहरू) उत्पीडनमा परेकाहरू, उपेक्षित वर्ग तथा अल्पसंख्यक समुदायहरू तथा पछाडि परेका भौगोलिक क्षेत्रको समस्या समाधान गर्न कायम रहँदैआएको केन्द्रीकृत एकात्मक राज्य संरचनालाई हटाएर राज्यलाई समावेशी, प्रजातान्त्रिक तथा अग्रगामी पुनर्सरचना गरिनेछ । हेर्नुहोस् अन्मिनको वेवसाइट http://un.org.np/unmin-archive/downloads/keydocs/2006-11-29-peace_accord-MOFA.pdf.

[41] यो बन्चिती नेपालको अन्तरिम संविधान, नागरिकता ऐनसँग जोडिएको छ ।

१,७०,०४२ जनाले जन्मको आधारमा नागरिकता प्राप्त गरेका थिए ।[42] जन्मसिद्ध नागरिकता लिएका सन्तान जो बाबुआमा नेपालको नागरिक हुनुअघि नेपालमा जन्मेका थिए, र नेपालमा नै बसोवास गर्दै आएका छन् । यो जन्मसिद्धको आधारमा नागरिकता लिनको लागि दुई वर्षको अवधि कायम गरिएको थियो । तर सो दुई वर्षको निश्चित समयमा १६वर्ष नपुगेका व्यक्तिहरूले लामो समयसम्म नागरिकता पाएनन् । तिनीहरूले दोस्रो संविधानसभाको निर्वाचनअघि नेपालको अन्तरिम संविधानमा भएको संशोधनपछि मात्रै नागरिकताको प्रमाणपत्र पाउन सके । यीमध्ये कतिपय व्यक्तिले त दुई वर्षको निश्चित समयमा नागरिकता लिइसक्नुपर्ने कुराका बारेमा थाहै पाएनन् । यसका लागि अब बन्न लागेको संविधानले अन्तिम पटक मौका दिनुपर्दछ ।

**अंगीकृत नागरिकता र समस्या**ः

मिश्रित विवाह (कुनै एक नेपाली बाबु वा आमा र कुनै एक विदेशी आमा वा बाबु)बाट जन्मेका सन्तानले अंगीकृत नागरिकताका लागि आवेदन दिन सक्ने प्रावधान अन्तरिम संविधानले गरेको छ । संविधानले अंगीकृत नागरिकताको व्यवस्था गरेको भए पनि व्यवहारतः झण्डै विगत पाँच वर्षदेखि गृह मन्त्रालयले कसैलाई पनि अंगीकृत नागरिकता दिएको अवस्था छैन । जन्मसिद्ध नागरिकताको प्रावधान नराख्ने, वंशजको सन्दर्भममा अन्तरिम संविधानमा रहेको बाबु वा आमालाई हटाई बाबु र आमा गर्ने र अंगीकृत नागरिकताको प्रावधान पनि सजिलो गरी पाउने व्यवस्था नराख्ने हो भने नागरिकतासम्बन्धी प्रावधान विश्वकै सबैभन्दा जटील र कठोर हुनेछ । अंगीकृत नागरिकताका लागि चाहिने आवश्यक कागजात तथा प्रशासनिक शर्तहरू जटील छन् । खासगरी बन्चित समुदायहरूका लागि आवश्यक कागजात र प्रमाणहरू जुटाउनै गाह्रो छ । अंगीकृत नागरिकता प्रदान गर्ने विषय राज्यको तजबिजी अधिकार भए पनि अंगीकृत नागरिकताको प्रावधान नयाँ संविधानमा खुकुलो गर्नुपर्ने देखिन्छ ।

[42] २०६८ को मंसिर २० मा गृह मन्त्रालयद्वारा जारी सर्कुलर ।

जस्तै अंगीकृत नागरिकताको लागि आवेदन दिएको तीन महिनाभित्र उपलब्ध गराउनुपर्ने संवैधानिक प्रावधान राख्न सकिन्छ । त्यस्तै जिल्लास्तरमै सो नागरिकताको निर्णय गर्न सक्ने अधिकार सुम्पिन सकिन्छ ।

अझै, नोभेम्बर, २००९ मा संविधानसभाले ल्याएको मौलिक हकसम्बन्धी भागमा उल्लेख भए अनुसार अंगीकृत नागरिकले वंशजका आधारमा बनेका नागरिकसरह समान अधिकार उपभोग गर्न सक्दैनन् । सन् २००९, नोभेम्बरमा आएको मस्यौदा अनुसार अङ्गीकृत नागरिकहरू विभिन्न सार्वजनिक पद धारण गर्न निषेधित छन् र उनीहरूको अङ्गीकृत नागरिकता एकतर्फी रूपबाट खोसिने जोखिम पनि हुन सक्छ ।[43]

मिश्रित वैवाहिक सम्बन्धबाट जन्मेका सन्तानले अंगीकृत नागरिकताका लागि आवेदन गर्न सक्ने प्रस्तावले दुई गम्भीर सरोकार उत्पन्न गर्छ । एक– स्वीकृति गर्ने विषय राज्यको स्वविवेकको विषय भएकाले यस उपायबाट नागरिकता पाउनु व्यवहारिक रूपमा असम्भवप्रायः छ । दुई– यदि नागरिकता पाइहाले पनि यो कमजोर र "दोस्रो दर्जा" प्रकृतिको अंगीकृत नागरिकता हुनेछ ।

अन्तर्राष्ट्रिय अभ्यासका सन्दर्भमा यो कुरा ख्याल गरिनु पर्दछ कि अंगीकृत नागरिकता भनेको पहिले नागरिकता प्राप्त गरिसकेका आप्रवासीलाई राष्ट्रियता/नागरिकता प्रदान गर्ने सरकारी प्रक्रिया हो । कुनै देशको नागरिकबाट त्यसै देशमा जन्मेका बालबालिकाले नागरिकता पाउनका लागि अंगीकृत प्रक्रियालाई एकमात्र उपायको रूपमा प्रयोग गर्ने राज्य अन्यत्र कतै छैन ।

---

43 सन् २००९ नोभेम्बरको मसौदा अनुसार सरकारले "गैर नेपालीले नेपाली नागरिकता लिएको पाइएमा" नागरिकता रद्द गर्नेछ भन्ने उल्लेख छ । यसको शाब्दिक व्याख्याले अङ्गीकृत नागरिकताको महत्वलाई निष्प्रभावी पार्दछ । किनकि परिभाषा अनुसार गैरनेपालीलाई यस्तो नागरिकता प्रदान गरिन्छ । यी प्रावधानहरू जात, जातीयता, र राष्ट्रिय उत्पत्तिको आधारमा सम्भावित रूपमा विभेदपूर्ण छन् किनकि तिनीहरूले कानुनी रूपमा प्रमाणसिद्ध नागरिकतालाई रैथाने नेपालीसँग बराबर ठान्दछ ।

**निष्कर्ष**:

गलत हिसाबले नागरिकता लिन नसक्ने संयन्त्रहरु बनाऔं । जस्तै स्थायी प्रकृतिको नागरिकता आयोग, जसले नागरिकता सम्बन्धी कानून कार्यान्वयनको अनुगमन गर्न सक्छ र नागरिकता पाउन नसकेका वास्तविक नागरिकहरूलाई नागरिकता दिने सिफारिश गर्छ । त्यस्तै संघीय संरचनामा नागरिकता दिने अधिकार स्थानीय निकाय र राज्य सरकारलाई दिँदा सजिलो हुन्छ । स्थानीय र राज्य सरकारले नागरिकता सम्बन्धमा गरेका काम कारवाहीहरु स्थायी प्रकृतिको नागरिकता आयोगले नागरिकता अनुगमन गर्न सक्छ ।

नागरिकता जालसाजी तथा नागरिकता प्रणाली दुरूपयोगको रोकथामको महत्वका सम्बन्धमा नेपालको उचित सरोकार रहेको छ, तथापि यी सरोकारहरूलाई सम्बोधन गर्न नेपाली बालबालिकाहरूलाई दण्डित गर्ने तथा उनीहरूलाई राज्यविहीनताको उच्च जोखिममा पार्ने कार्यले राष्ट्रहित गर्दैन । सबै राष्ट्रहरूले जस्तै नेपालले पनि आफ्नो नागरिकता प्रणालीलाई जालसाजी र दुरूपयोगबाट रोक्ने सम्बन्धमा उचित सरोकार व्यक्त गरेको छ । यसलाई स्पष्ट कानूनी व्यवस्थाद्वारा राम्रोसँग सम्बोधन गरिएको छ र यसले यस्तो दुरूपयोग रोक्न तथा यस्तो कार्य गर्नेलाई दण्डित गर्ने र कानून अनुसार राज्यको नागरिक हुन योग्य नभएका कुनै पनि व्यक्तिले जालसाजी तरीकाले नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा सो व्यक्तिलाई सम्बन्धित कानून अनुसार दण्डित गर्ने र त्यसरी जालसाजी तरिकाबाट प्राप्त गरेको नागरिकता पनि बदर हुने व्यवस्था गरेर पनि सम्बोधन गर्न सकिन्छ ।

नेपाल सन्धि ऐन, २०४७ अनुसार नेपालले अनुमोदन गरेको कुनै अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रावधानसँग कुनै राष्ट्रिय कानून बाझिएमा बाझिएको हदसम्म त्यो खारेज हुने व्यवस्था छ । नेपालको राष्ट्रिय कानूनले मानव अधिकारको कार्यमूलक परिभाषाको नेपालको संविधान तथा नेपाल पक्ष रहेको विभिन्न सन्धिहरूद्वारा प्रत्याभूत अधिकारहरु जस्तो कि व्यक्तिको बाँच्न पाउने अधिकार, स्वतन्त्रताको हक, समानता तथा मर्यादा पाउने अधिकारलाई ग्रहण

गरेको छ । सर्वोच्च अदालतले कैयौं पटक नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलगायतका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूलाई उल्लेख गर्दै ती अन्तर्राष्ट्रिय सन्धिहरूसँग बाझिएको अवस्थामा राष्ट्रिय कानूनहरूलाई धेरै पटक खारेज गरेको अवस्था छ । यसकारण अन्तर्राष्ट्रिय सन्धिको प्रावधानहरूसँग बाझिने संवैधानिक प्रावधान नयाँ संविधानमा राखिनु हुँदैन ।

नागरिकता सम्बन्धी विषयलाई अब धेरै तन्काउनु हुँदैन । अब बन्ने नयाँ संविधानले अहिले देखिएको नागरिकतासम्बन्धी जटिलतालाई क्रमभंग गरी निष्कर्षमा पुऱ्याउनु पर्दछ । संविधानमा राखिने प्रावधानहरू खुकुलो किसिमको हुनुपर्दछ । तर त्यसलाई कार्यान्वयन तथा अनुगमन गर्ने दरिलो संयन्त्र बनाउनुपर्दछ, जसले गर्दा एकजना पनि वास्तविक (Genuine) नागरिक नछुटोस्, कुनै पनि विदेशी नागरिकले नागरिकताको प्रमाणपत्र लिन नसकोस् । जस्तो बुवा र आमाको प्रावधानलाई हटाई अन्तरिम संविधानमा व्यवस्था भएजस्तै बुवा वा आमा राखिनुपर्दछ । बुवा वा आमामध्ये कुनै एकको नागरिकताको आधारबाट वंशजको आधारमा नागरिकता पाउनु पर्दछ । यसमा लैङ्गिक विभेद हुने खालको प्रावधान राखिनु हुँदैन । विवाहको आधारमा विभेद नगरी पुरूष र महिलालाई एकै खालको व्यवहार गर्नुपर्छ । छोरी बुहारीबीच भिन्नता गर्नुहुँदैन । जन्मको आधारमा नागरिकता लिएको नेपाली नागरिकको सन्तानको हकमा अन्तिम मौका प्रदान गरी नागरिकता लिने व्यवस्था मिलाउनु पर्दछ । दोहोरो नागरिकतालाई निषेध गरी गैरआवासीय नेपाली नागरिक (NRN) को हकमा व्यापार गर्न सक्ने पहिचानपत्रको व्यवस्था गर्नु पर्दछ । अंगीकृत नागरिकतालाई सहज, सरल र सुलभ तरिकाले स्थानीय निकायबाट प्राप्त गर्नसक्ने व्यवस्था मिलाउन आवश्यक छ ।

अन्त्यमा नागरिकता दिने अधिकार राज्यलाई दिनुपर्दछ । नागरिकता वितरण प्रक्रिया सुरक्षा निकायबाट हटाई स्थानीय निकाय गाविस, नगरपालिकालाई दिइनु पर्दछ । साथै स्थानीय निकायले नागरिकतासम्बन्धी कामकाजको अनुगमन सुधार तथा नियन्त्रणका लागि केन्द्रस्तरमै स्थायी नागरिकता आयोग बनाउन सकिन्छ ।

**विभेद र बहिस्करणः**

बहिस्करणका आवश्यकताहरु सम्बन्धमा एकमत रहेको देखिंदैन । बहिस्करण र समावेशीकरणको परिभाषा संसारका विभिन्न ठाउँमा विभिन्न सन्दर्भ, विभिन्न परिवेश र विभिन्न उद्देश्य वा स्वार्थ राखेर गरिने भएकोले यो मुलुक, सरकार, समाज, संस्कृति, समूह, संघसंस्था र विभिन्न व्यक्तिको बुझाई, परिभाषा र कर्म आदि अनुसार धेरै भिन्नता पाइन्छ । यस विषयमा देखिएको प्रकृति, बुझाई र परिभाषामा भिन्नता भित्रको अन्तरनिहित समानता पनि देखिएको छ, जसलाई एकथरी बहिस्करण र समावेशीकरणकलाई प्रभुत्वशाली वा शोषक वा एकाधिकारवादी वा नेपालको सन्दर्भमा बाहुनवादी, पितृसत्तावादी, हिन्दू वर्णाश्रमवादी, विपरीतलिङ्गवादी, पहाडिया एकाधिकारवादीहरूले गर्ने बहिस्करण तथा समावेशीकरणलाई परिभाषित गरेको पाइन्छ भने बहिस्करणमा पारिएका समुदायहरूले अर्को किसिमले परिभाषित गरेको पाइन्छ ।

समुदायको अवस्था, प्रकृति, बुझाई तथा सामाजिक बनावटको आधारमा विविधता रहेको पाइन्छ । नेपालको सन्दर्भमा बहिस्करणको अवधारणाले बाहुनवादी, पितृसत्तावादी, पहाडीया एकाधिकारवादी, विपरीतलिङ्गवादी, सामन्तवादी, आन्तरिक उपनिवेशवादी, साम्राज्यवादी, खस नेपाली भाषा, हिन्दू वर्णाश्रमवादी र शारीरिक र मानसिक रूपमा सक्षमहरूले विभिन्न जाति, भाषा, धर्म, लिङ्ग, यौनिकता, वर्ग, क्षेत्र र अपांगता भएका लगायतका व्यक्ति वा समुदायलाई घर परिवार वा सार्वजनिक जीवन वा सार्वजनिक स्थल वा निजी क्षेत्र वा गैरसरकारी, प्रतिनिधत्व र फाइदा प्राप्त गर्नबाट आशिंक वा पूर्णरूपमा रोक्ने सोच, नीति र व्यवहारलाई जनाउँदछ ।

नेपालमा विभेद कायम रहेको कुरा स्वीकार गर्दै नेपालको अन्तरिम संविधानले विभेदलाई दण्डनीय समेत भनेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ का उपधारा (२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन र उपधारा (३) राज्यले नागरिकहरूकाबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये

कुनै कुराको आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । त्यसैले सोही संविधानको धारा ३३ (घ) ले "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पीछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने" भन्ने संकल्प समेत लिएको देखिन्छ ।[44]

विभेद भन्ने शब्दले व्यक्ति वा कुनै समूह उपर गरिने फरक वा भिन्न किसिमको व्यवहार हो । अर्थात् जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि आधारमा गरिने फरक व्यवहार नै विभेद हो । व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादा विपरीत गरिने भिन्न प्रकारको कार्य नै भेदभाव हो । विभेदका स्वरूपहरु समाज, समुदाय, देश, महादेश आदिमा फरक–फरक हुन्छ । सामाजिक एवं भौगोलिक कारणले गर्दा विकासमा सहभागी नगराइनु, प्राकृतिक साधन र स्रोतको उपभोग गर्न नपाउनु, देशको राजनैतिक तथा प्रशासनिक एवं निर्णय प्रक्रियामा सहभागिता हुने अवसरबाट बन्चित गरिनु तथा सोसम्ममा पहुँच नहुनु पनि विभेद हो ।

नेपाल विविधतायुक्त राष्ट्र हो । यहाँ बहुजातीय, बहुसाँस्कृतिक, बहुभाषिक, बहुधार्मिक नागरिकहरूको बसोवास रहेको छ । तर नेपालमा दलित, मुस्लिम, मधेशी, जनजाति, थारू, महिला, पीछडिएको समुदाय आदि सबैले सामुदायिक रूपमा भेदभाव महशूस गरेका छन् । यी सबैले फरक–फरक तरिकाले विभेदको सामना गर्नु परेको छ । दलितलाई विभिन्न सार्वजनिक स्थानहरूमा विभेद भोग्नु परेको हुन्छ । मठमन्दिर, हाट बजार, होटल, सार्वजनिक कार्यालय, विद्यालय लगायतका सार्वजनिक स्थलहरूमा विभेद भइरहेको छ । नेपालमा

[44] नेपालको अन्तरिम संविधान, २०६३, धारा १३(२), (३) र धारा ३३(घ) ।

दलितहरू प्रधानमन्त्री कार्यालय जस्तो स्थानमा समेत विभेदबाट मुक्त हुन सकेका छैनन् ।[45] त्यहीं भएर कतिपय दलित समुदायको व्यक्तिहरूले आफ्नो थर लुकाउने तथा परिवर्तनसमेत गरिरहेका छन् ।[46] तराई मधेशका दलित समुदायलाई दोहोरो विभेदको सामना गर्नु परेको छ । मधेशका महिलाहरूको आफ्नै भोगाई रहेको छ ।

यहाँसम्म कि मधेशी जनतालाई बिखण्डनकारीको संज्ञासमेत दिने गरेको पाइन्छ । प्रसङ्ग सन् २००२/२००३ तिरको हो । कमलादी प्रज्ञाभवनमा आयोजित एक कार्यक्रममा माधव नेपालले भनेका थिए, मधेशका केही जमिनदारहरूले नेपाललाई सिक्कीमीकरण गर्न खोजेका छन् । प्रतिउत्तरमा माधव कुमार नेपाल तर्फ संकेत गर्दै गजेन्द्रबाबुले भन्नुभएको थियो, "सभीको याद रहे सिक्कीममे हम जैसे मधेशी नही था, नेपालजी जैसे पहाडी था ।" तत्कालीन सद्भावना पार्टीका अध्यक्ष स्व. गजेन्द्र नारायण सिंहले भनेका थिए "सिक्कीमीकरण मधेशीले होइन्, माधवकुमार नेपाल जस्तो पहाडियाले गरेका हुन् ।"[47]

तराई भारतसँगको खुला सीमासँग जोडिएको छ । तराईको पूर्वी तथा पश्चिमी भाग नेपालले सन् १८१६ तथा १८६० मा बृटिश इष्ट इण्डिया कम्पनीबाट प्राप्त गरेको थियो ।[48] मधेशमा मैथिली, भोजपुरी, अवधि तथा हिन्दी भाषा बोलिन्छ (यी भाषाहरु सीमावर्ती भारतीय क्षेत्रमा पनि बोलिन्छ) । नेपालको सरहदभित्र मधेशमा पाइने साँस्कृतिक विशेषता भारतको सीमावर्ती क्षेत्रमा पनि समान किसिमको पाइन्छ ।[49] मधेशीहरूलाई कालो वर्णको मानिसको रूपमा लिइन्छ । आजसम्म मधेशीहरूलाई "भारतीय" भनेर भेदभाव गरिन्छ भन्ने कुरा

---

45 http://www.ratopati.com/2014/06/04/134541.html

46 http://www.ekantipur.com/np/2070/12/13/full-story/386393.html

47 सभासद लक्ष्मण लाल कर्णसँग कुराकानी ।

48 गोलीका विरुद्ध कुचोः नेपालमा मधेश विद्रोहको कथा," डा. सि.के. राउतद्वारा नोभेम्बर १५, २०१० का दिन हावर्ड विश्वविद्यालयमा दक्षिण एसिया विषयक सेमिनारमा दिएको भाषण ।

49 ईन्टरनेशनल क्राइसिस ग्रुपः "नेपाल्स ट्रबल्ड तराई रिजन" एसिया रिपोर्ट, जुलाई २००७ ।

विभिन्न दस्तावेजहरूमा लेखिएको छ । पहाड तथा हिमालमा बस्ने बासिन्दाहरूलाई पहाडी भनेर भनिन्छ भने तराई–मधेशका बासिन्दाहरूलाई मधेशी भनिन्छ यो क्षेत्र महत्त्वपूर्ण छ । किनभने यहाँ मुलुकको करिब आधा जनसंख्याको बसोवास रहेको छ र कूल गार्हस्थ्य उत्पादनको ७० प्रतिशत योगदान यस क्षेत्रबाटै आउँछ । तर पनि न्यायपालिका, निजामती सेवा, प्रहरी तथा सेनामा मधेशीहरूको प्रतिनिधित्व धेरै नै कम रहेको छ ।[50] मधेशी समुदायको व्यक्तिलाई मान्छे नै होइनन् भन्नेसम्मको काठमाडौंमा विभेदको सामना गर्नु परेको थियो ।[51] "धेरै अगाडिको कुरा हो, जतिबेला काठमाडौंमा शौचालय हुँदैनथ्यो र सम्भ्रान्त परिवारका महिलाहरु समेत बागमतीको किनारमा नित्यकर्म गर्न जाने गर्थे । तिनीहरु आफ्ना नोकर लिएर जाने गर्थे, जसको काम कोही मान्छे आउन लागेको खण्डमा आवाज दिएर तिनलाई सचेत गराउनु थियो, ताकि तिनीहरु आफ्नो लाज छोप्न सकून् । हुस्सु लागेको एक बिहानी त्यतातिर एउटा मधेशी आएको देखेर नोकरले 'मान्छे आयो, मान्छे आयो' भनेर कराएछ । नित्यकर्ममा तल्लीन मालिकनी उठ्दै मधेशीतिर एक छिन टोलाइन्, अनि 'देख्दैनस्, मान्छे हैन, मधिशे हो' भनेर नोकरलाई बेस्सरी गाली गर्दै बेफिकर आफ्नो काममा पुनः लागिन् ।"[52]

**समावेशीकरण**:

मधेशी भन्ने बित्तिकै त्यसमा सबै एकैनासको समस्याबाट पीडित होलान् भन्ने हाम्रो सामान्य बुझाई छ । जातीय, लैङ्गिक, क्षेत्रीय, वर्गीय हिसाबले चुनौतीमा पनि विविधता छ । आर्थिक, सामाजिक र धार्मिक हिसाबले फरक पृष्ठभूमि भएका मधेशीहरूको वास्तविकता र सन्दर्भ पनि फरक छन् । स्रोतमा पहुँच,

---

50 "गोलीका विरुद्ध कुचोः नेपालमा मधेश विद्रोहको कथा," डा. सि. के. राउतद्वारा नोभेम्बर १५, २०१० का दिन हावर्ड विश्वविद्यालयमा दक्षिण एसिया विषयक सेमिनारमा दिएको भाषण ।

51 https://ckraut.wordpress.com/pub/dr-ck-raut-autobio/#11

52 The Kathmandu Post Review of Books, Vol. 3, No. 15, Martin Chautari, 29 November, 1998.

गाउँ र शहरबीचको ठूलो खाडल र लैङ्गिक विविधताले पनि उनीहरूको राजनीतिमा पहुँचको स्थानलाई सुनिश्चित गर्दछ । खास गरेर ग्रामीण स्तरमा रहेका मधेशी, दलित, मुस्लिम र महिलाको राज्यका संरचनाहरूमा कम पहुँच छ । जस्तै मधेशी महिला र पुरूषमा छान्नुपर्‍यो भने महिलालाई ग्राह्यता दिनुपर्दछ । मधेशी उपल्ला जातका भन्दा पनि मधेशी दलित वा जनजातिहरूलाई अवसर दिनु नै मधेशी समावेशीकरणको मूल मर्म हो । यस कदमले पितृसत्तात्मक शासन व्यवस्थाको क्रमभङ्ग हुन्छ र तेस्रो मधेशी/दलितको मूलप्रवाहीकरणको पहिलो शुरूआतका साथै समावेशी लोकतन्त्रको म्यान्डेटको सम्मान पनि हुन्छ । मधेशमा पनि पीछडिएकाहरूमध्येलाई प्राथामिकताको आधारमा राज्यको हरेक निकायमा बराबरी हिस्सेदार बनाउनु नै समावेशी विधेयकको स्पष्टीकरण दफा (१) ले आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुस्लिम भन्नाले आर्थिक वा सामाजिक रूपमा पछाडि परेको आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुस्लिम सम्झनु पर्छ भनी व्याख्या गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३को प्रस्तावनामै "नेपाली जनताले २००७ सालदेखि हालसम्म पटक–पटक गर्दै आएको संघर्ष र जनआन्दोलनमार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनआन्दोलनको सम्मान गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधन गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गरेको" भनी उल्लेख छ । साथै अन्तरिम संविधानको धारा २१ ले सामाजिक न्यायको हक अन्तर्गत "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने" अधिकार प्रदान गर्नका साथै धारा ३३ र १३८ (१क) ले पनि मधेशी समावेशीकरणको सुनिश्चितता गरेको छ । परम्परागत राजनीतिक संस्कार र शासकीय मानसिकताका अवशेषहरू अझै पनि विद्यमान रहेकाले प्रस्तावित समावेशी विधयेकको विरोध भइरहेको छ । अन्तरिम संविधानको भावना विपरीत यस्ता

विरोधहरु भइरहेका छन् । मधेश आन्दोलनपश्चात् भएका २२ बुँदे र ८ बुँदे सम्झौतामा राज्य तथा संवैधानिक हरेक निकायमा मधेशीहरूको समानुपातिक सहभागिताको सुनिश्चितता भए पनि सो सम्बन्धी कानूनको अभाव तथा अनुगमन र कार्यान्वयन गराउने संरचनाहरूको निर्माण हुन सकेको छैन । सम्झौताहरूको अनुगमनको लागि राज्य वा अन्य कुनै पनि निकायबाट मधेशी आयोग निर्माण गरी लागू भए-नभएको अनुगमन गर्नेतर्फ ध्यान पुऱ्याउन सकिएको छैन ।

समावेशीकरण सधै लोकतन्त्रसँग नै जोडिएर आउने विषय हो । समावेशीकरणको मूल जरो भनेको नै लोकतान्त्रित पद्धति हो । लोकतान्त्रितक पद्धतिको अभावमा समावेशीकरण अधुरो हुन्छ । राज्यमा लोकतान्त्रिक पद्धतिको प्रत्याभूतिको लागि पनि अर्थपूर्ण सहभागिता र समावेशी हुनु आवश्यक हुन्छ । नेपालको सन्दर्भमा समावेशीकरणको केही मात्रामा २०४६ को जनआन्दोलनपछि प्रतिनिधित्विमा मात्रै सीमित रहेको पाइन्छ भने तत्कालीन नेकपा (माओवादी)को जनयुद्धपश्चात् समावेशीरकणको आवाज उठ्न थाल्यो । नेकपा (माओवादी) जनयुद्धसँगै उठ्न थालेको समावेशीकरणको आवाज जनयुद्धको क्रमसँगै विभिन्न आन्दोलनले झन चर्चामा ल्याएको हो, जसमा खासगरी मधेशमा मधेश विद्रोह/आन्दोलन तथा जनजाति आन्दोलनले समावेशीकरणको आवाजलाई माथि उठाएको छ,[53] जुन नेकपा (माओवादी)सँग भएको विस्तृत शान्ति सम्झौतामा समावेशीकरण सम्बन्धमा "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पीछडिएको क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने" भनी सम्झौता भएको छ ।[54] मधेश आन्दोलनको क्रममा मधेशी जनअधिकार फोरम, नेपालले

[53] समावेशीकरण: राजनीतिक दल, राज्य र मिडिया पृ. २ ।

[54] नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्तिसम्झौताको बुँदा नं. ३.५ ।

उठाएको कुरामा मधेशी, आदिवासी जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अंग र तहमा समावेशीकरण गर्न नीति निर्धारण र कानूनको तर्जूमा गर्न उच्चस्तरीय कार्यदलको तुरून्त गठन गर्ने समेतको सम्झौता भएको छ, भने संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले उठाएको मागको सन्दर्भमा नेपाल सरकारले मधेशी, आदिवासी जनजाति, महिला, दलित, पीछडिएको क्षेत्रको समावेशी समानुपातिक सहभागिता, सेनामा प्रत्येक समुदाय, वर्ग, जाति, क्षेत्रको समानुपातिक समावेशी, सेनालाई लोकतान्त्रिकरण तथा समूहगत प्रवेशलाई सुनिश्चित गर्नेसम्मको सम्झौता भएको थियो ।[55] त्यसका अलावा आदिवासी जनजाति, दलित, महिला लगायतको आन्दोलनले समावेशीकरणको कुरा उठाउँदै आएका छन् र ती समूहसँग भएको सहमति/सम्झौतामा सो कुरा उल्लेख गरेको पाइन्छ । तर सो सहमति/सम्झौता अनुसार हाल निर्माणधीन अवस्थामा रहेको संविधानमा सुनिश्चितता हुने छाँटकाट देखिँदैन । नेपाल सरकारले उसकै मातहतमा रहने गरी राष्ट्रिय समावेशीकरण आयोग, २०६७ गठन गऱ्यो । उक्त आयोगले अध्ययन अनुसन्धान गरी प्रतिवेदन समेत नेपाल सरकारलाई बुझाई सो प्रतिवेदन कहाँ र कुन अवस्थामा छ भन्ने कुरा कसैलाई पनि थाहा छैन, त्यसलाई लागू गर्ने कुरा परै जाओस् ।

नेपाल विविधतायुक्त समुदायद्वारा निर्मित राष्ट्र हो । राज्यको सञ्चालन प्रक्रिया/पद्धतिमा सम्पूर्ण समुदायको अपनत्व हुनु जरूरी छ । राज्यसँग अपनत्व भएपछि मात्रै राज्य आफ्नो भएको अनुभूति  हुन्छ । नेपालमा नीति निर्माण, राज्य संचालन समेतमा आज पनि एक जात, एक लिङ्ग, एक भाषाको वर्चश्व रहेको छ भने राजनीतिक वृत्तमा पनि उनीहरूकै हालीमुहाली रहेको छ । बाँकी समुदायको राज्यमा उपस्थिति नगण्य सरह नै रहेको छ । यसरी राज्य सञ्चालनको मूल स्रोत नै राजनीति र यसका एजेण्डा हुन् भन्ने मान्यता सबैभन्दा बढी हावी भएकोले समावेशीकरणको बहश राजनीतिक वृत्तमा केन्द्रीत हुनु स्वाभाविक हो । राजनीतिक सहभागिताको प्रमुखता बारे

[55] नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको सझौताको बुँदा नं. २०, नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच सम्पन्न सम्झौताको बुँदा नं. ४ र ५ ।

अमर्त्य सेनको भनाई छ, "राजनीतिक स्वतन्त्रता र सहभागिता धेरै नै महत्त्वपूर्ण हुन्छ । यसको प्रमाण स्वरूप विभिन्न एसियाली मुलुकहरूको अवस्थालाई लिन सकिन्छ । आर्थिक रूपले सफल हुँदै गएका विभिन्न पूर्वी तथा दक्षिणपूर्वी एसियाली देशहरूमा राजनीतिक समावेशी तथा सहभागिताको माग बढदो छ ।"[56]

एमाओवादी र मधेशी मोर्चाबीच भएको चार बुँदे सहमतिमा १० हजार मधेशी युवालाई सेनामा क्रमशः समावेश गराउने भन्ने प्रतिबद्धता अगाडि बढ्न सकेको छैन । मधेशी युवाको नेपाली सेनामा सामुहिक प्रवेशको भर्ना प्रस्तावित समावेशी विधेयकको दफा १४ अनुसार ४८ प्रतिशतलाई १०० प्रतिशत मानी २७ प्रतिशत छुट्याइएको छ, जुन १०० मा लगभग ८ वटा सीट हुन आउँछ । यसरी हेर्दा ३००० लाई भर्ना लिने हो भने मधेशी युवा ३०० को हाराहारीमा हुन आउँछ । चुनौतिपूर्ण विषय के हो भने संघीय लोकतान्त्रिक गणतन्त्रमा सेनाको पुरानै संरचनाले काम गर्न सक्दैन । नेपाली सेना पनि पूर्णतः समावेशी संरचना बनाउन तयार रहेको अवस्थामा मधेशी मोर्चाले पहल गर्न आवश्यक छ । समूहगत प्रवेशका लागि छुट्टै रेजिमेन्ट खोल्दा द्वन्द्व आउन सक्ने कुरामा कुनै आधार छैन । त्यसो हुने भए नेपाली सेना स्वयंले नै प्रकौली ब्यारेकमा सवुर गण स्थापना गर्ने थिएन होला । त्यस्तै भारतीय सेनामा पनि गोर्खा रेजिमेन्ट, राजपुत रेजिमेन्ट, यादव रेजिमेन्टलगायतका थुप्रै रेजिमेन्टहरूमार्फत बिहार, पंजाब जस्ता सम्पूर्ण राज्य र समुदायका जनतालाई समेटिएको छ । यसकारण यो मागको यथाशीघ्र सम्बोधन हुन जरूरी छ । त्यस्तै नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच २०६४ फागुन १६ गते भएको सम्झौता अनुसार नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशीलगायत अन्य समुदायको समानुपातिक र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ । नेपाली सेनाको लोकतान्त्रिकरणका लागि विस्तृत कार्ययोजना, रक्षा मन्त्रालयका अनुसार, नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिवासी जनजाति, दलित, महिला, पीछडिएका क्षेत्रलगायत जनताको प्रवेश समानता र समावेशी आधारमा

56 समावेशीकरण: राजनीतिक दल, राज्य र मिडिया पृ. ३ ।

कानूनी व्यवस्था गरी सुनिश्चित गरिनेछ । विस्तृत शान्ति सम्झौताको ४.७.७ ले नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने, अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थाको सम्बन्धित समितिको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जूमा र कार्यान्वयन गर्ने, यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्नेलगायतका कामहरु गर्ने ।

त्यस्तै सैनिक ऐन, २०६३ सङ्गठनको स्वरुप दफा ७(१) नेपाली सेनाको संङ्गठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ । २) उपदफा (१) बमोजिम व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नीति, योजना तथा कार्यक्रम बनाउने छ भनी भाषा प्रयोग भएको छ ।

नेपाली राज्यको मुख्य अंगको रूपमा रहेको नेपाली सेनाको पुनर्संरचना र लोकतान्त्रिकरण पनि राजनीतिक दलहरुले स्वीकारी सकेको विषय नै हो । नेपाली सेनाको संरचनालाई समावेशी र लोकतान्त्रिक बनाउने विषय विस्तृत शान्ति सम्झौता र संविधानमार्फत टुंग्याउन खोजिएको छ ।[57] नेपाली सेनाको संरचना र भर्तीको मूल आधार 'लडाकु नश्ल' (मार्शल रेस)को अवधारणा रहेको छ । 'लडाकु नश्ल'को अवधारणाअनुसार पहाडीहरु बढी बलवान हुन्छन् र मधेशीहरु चाहिं कमजोर हुन्छन् । यस अवधारणा अनुसार शारीरिक रूपमा पनि कमजोर हुने भन्ने भएकाले नै मधेशीहरु सेनामा जागीर खान अनिच्छुक रहेको तर्कलाई रिटायर्ड ब्रिटिस कर्णेल साम कोएन ठाडै अस्वीकार गर्छन् । उनले नेपाली सेना मधेशीप्रति पूर्वाग्रही रहेको र रूपान्तरणका लागि तयार नरहेको स्पष्ट पारेका छन् ।[58] पृथ्वी नारायण शाहले "खस, मगर, ठकुरी र गुरूङलाई मात्र सेनामा भर्ना लिनू" भनी दिएको दिव्य उपदेश र उक्त मानसिकतालाई

[57] विस्तृत शान्ति सम्झौताको बुँदा नं. ४.७ र अन्तरिम संविधान २०६३, धारा १४४(४क) ।

[58] http://www.ekantipur.com/the-kathmandu-post/2012/11/25/oped/colonial-dogma/242108.html

गणतन्त्रात्मक नेपालमा पनि कुनै न कुनै रूपमा निरन्तरता दिइरहेको देखिन्छ । राज्यसँगै त्यसको अंगको रूपमा रहेको सेनामा पनि मधेशी, जनजाति, दलित र महिलाहरूको जायज मागको रूपमा स्थापित भइसकेकोले नीतिगत तथा संवैधानिक रूपमा नै सेनामा समावेशीको सुनिश्चितता गर्नुपर्छ ।[59]

एक लाखको हाराहारीमा रहेको नेपाली सेनामा मधेशीको उपस्थिति तल्लो तहमा लगभग १,६०० को हाराहारीमा रहेको छ र त्यस्तै माओवादी जनसेनामा पनि १ प्रतिशतभन्दा पनि कम संख्यामा मधेशीहरू रहेका थिए । प्रस्तावित समावेशी विधेयक, २०६८ले सैनिक ऐन, २०६३को दफा ७ उपदफा २ (१) बमोजिम नेपाली सेनाले नीति, योजना र कार्यक्रम नबनाएकोले सो ऐन अनुरूप तत्काल नीति बनाइनु पर्दछ । साथै भर्खरै रक्षा मन्त्रालयले सार्वजनिक गरेको नीति बमोजिम मधेशी युवाहरूको सेनाप्रति आकर्षण र स्वामित्व बढाउन संख्यात्मक हिसाबले प्रस्तावित विधयेकको दफा १४ मा रहेको नेपाली सेना अन्तर्गतको २७ प्रतिशतलाई बढाएर ३२ प्रतिशत पुऱ्याउनु पदर्छ ।

समानुपातिक प्रतिनिधित्वको सवाल दुई तरिकाले समाधान गर्न सकिन्छ । पहिले त जनसंख्याको आधारमा जनप्रतिनिधित्वको लागि संविधानमा समावेश गर्न आवश्यक छ, जसको लागि संविधानसभाको राजनीतिक तथा सम्वाद सहमति समितिमार्फत हुन सक्छ । अन्य कुरामा खासगरी सरकारी सेवामा समावेशीको लागि समानुपातिक प्रतिनिधित्वमा केही काम भएको छ । लोकसेवा आयोगले आरक्षणको व्यवस्था गरेको छ । तर एउटा वर्ग समुदायको लागि छुट्याइएको सीट त्यस वर्ग समुदायबाट पूरा नहुँदा त्यो सीट गुम्ने अवस्था छ । त्यो अन्त्य गर्न कानूनमा संशोधन आवश्यक छ । अर्धसरकारी संस्थाहरू जस्तो कि त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्जमा यो व्यवस्था पूर्णरूपमा लागू गर्न त्यहाँको व्यवस्थापनले अस्वीकार गरेको अवस्था छ । सरकारले यस विषयमा निर्देशन दिएर कानूनमा संशोधन गर्न लगाएर कार्यान्वयन गर्न जरूरी छ ।

---

59 सेनामा मधेशी: चुनौतीमा समावेशिता, मधेश अध्ययन, पृ. १६६ ।

# सबै प्रकारका जातीय विभेद् उन्मूलन गर्ने महासन्धि र नेपालका दलितहरू

– हिरा विश्वकर्मा

**पृष्ठभूमिः**

नेपालको २६,४९४,५०४ जनसंख्यामध्येको १३.२ प्रतिशत अर्थात् करीब ३५ लाख जनसंख्या दलित समुदायभित्र पर्छ । राष्ट्रिय जनगणना २०५८ र २०६८ ले दलितको जनसंख्या फरक–फरक देखाएकोले यो संख्या वास्तविक होइन भन्ने तर्कलाई बलियो बनाउँछ र आजभन्दा करीब ११ वर्ष पहिले गरिएको ६ वटा जिल्लाको गैरसरकारी, तर सरकारी तथ्यांक विभागका पूर्व कर्मचारीलाई लगाएर गरेको अध्ययनले २२ देखि २८ प्रतिशतसम्म दलित जनसंख्या देखाएको छ । सोही जिल्लाहरूको सरकारी तथ्यांकमा ६ प्रतिशत बिन्दुसम्म फरक परेको देखियो । अतः गैरसरकारी क्षेत्रले दाबी गरेको २० प्रतिशत जनसंख्यालाई पनि धेरै हदसम्म जायज भन्न सकिने आधार देखिन्छ । नेपालको जनसंख्याको अन्य बनौटलाई हेर्दा पनि सबैभन्दा धेरै जनसंख्या भएको क्षेत्री १६ प्रतिशत, बाहुन १२ प्रतिशत र जनजातिको कूल जनसंख्या ३७ प्रतिशतलाई एकमुष्ट नहेर्ने हो भने दलितको जनसंख्या दोस्रो ठूलो समूहमा पर्दछ । अतः यो समुदायले भोगेको समस्या तथा सवालहरूलाई कुनै पनि अर्थमा सानो अथवा कम महत्त्वको मान्न सकिंदैन ।

छुवाछूत भोगेका समूहहरूलाई एकैठाउँमा राख्दा दलित समुदायको ठूलो जनसंख्याको हिस्सा भए तापनि यसभित्र पनि विविधता रहेको छ । जात तथा जातीयताको आधारमा पनि यसलाई छुवाछूत तथा दलितलाई वर्गीकरण गर्न सकिन्छ । यसको उदाहरणको रूपमा आर्यन ककेसियनको रूपमा पहाडका

दलितहरू, द्रवीड र केही हदसम्म आर्यनको रूपमा मधेशका दलितहरू र तिब्बतीयन मंगोलको रूपमा नेवार समुदायका खासगरी पोडे, च्यामेलाई मान्न सकिन्छ । यी तिनै समुदायमध्येका पहाडका पाँच (कामी, दमाई सार्की, गाइने र वादी) तथा तराईका १७ वटा जातिहरू र नेवारका २वटा जातिहरूलाई दलित समुदायभित्र समेटिएको र त्यसलाई दलित आयोगमार्फत सरकारी मान्यता दिलाइएको छ ।

नेपालमा धेरै राजनैतिक परिवर्तनहरू भएका छन् । २०५२ देखि २०६२ सम्म नेकपा (माओवादी)ले चलाएको सशस्त्र जनयुद्ध, २०६२/०६३ को १९ दिने जनआन्दोलन र त्यसपछि सृर्जित परिवेशले धेरै राजनैतिक उथलपुथल नेपालमा ल्याएको छ । २०७२सम्म आइपुग्दा नेपाल हिन्दू राजतन्त्रात्मक मुलुकबाट गणतन्त्र भएको छ ।२००७ सालदेखि जनताको संविधान जनताकै प्रतिनिधिहरूबाट लेखाउनको लागि दुई पटक संविधानसभाको चुनाव भएको छ । २०६४ सालको चुनावमा ५०जना दलित समुदायका सभासदहरू संविधानसभामा पुगेका थिए भने अहिले २०६८ सालमा भएको दोस्रो संविधानसभाको चुनावपछि ४० जना सभासद्हरू संविधानसभामा रहेका छन् । नेपालको राजनैतिक इतिहासमा यति धेरै सभासदहरू संविधानसभा वा संसद्मा पुगेको पहिलो र दोस्रो पटक हो । त्यस्तै धेरै लामो समयसम्म हिन्दू अधिराज्य भएको नेपाल अहिले धर्मनिरपेक्ष राष्ट्र भएको छ । २०६३मा पुनर्स्थापित प्रतिनिधिसभाले जेष्ठ २१ गते नेपाल "छुवाछूत मुक्त राष्ट्र" भएको घोषणासमेत गरिसकेको छ । यी सबै पृष्ठभूमिको सेरोफेरोमा नेपालको मानव अधिकारको स्थितिमा पनि धेरै फरक तथा धेरै अर्थमा सुधार पनि भइरहेको छ । सन् २००५ मा भएको अन्तर्राष्ट्रिय जातीय विभेद विरूद्धको नेपालमा भएको सम्मेलनको बेला सबै प्रकारका जातीय विभेद उन्मूलन गर्ने महासन्धि हेर्ने विशेष प्रतिवेदक (Special Rapporteur) को नेपाल भ्रमण भएको थियो । तर त्यसपछि त्यस्तो उच्च पदस्थ व्यक्तिको नेपाल भ्रमण भएको छैन ।

अहिले संयुक्त राष्ट्रसंघको सबै प्रकारका जातीय विभेद उन्मूलन अनुगमन समितिका अध्यक्षको नेपाल भ्रमण भइरहेको छ । दलितको मानव अधिकारको

परिप्रेक्ष्यमा के कति प्रगति भइरहेको छ र जातीय विभेद उन्मूलन महासन्धिले दलितलाई के कति अवसरहरु प्रदान गर्दछ र यसको कसरी उपयोग भइरहेको छ वा हुन सक्छ भन्ने छलफल गर्नु यो दस्तावेज लेखनको मूल उद्देश्य हो ।

**समस्याको अवस्था**:

दलित भन्ने बित्तिकै शदियौंदेखि लादिएको जातीय विभेद तथा अन्य विभिन्न प्रकारका अत्याचार तथा छुवाछूतका कारणले गर्दा सामाजिक, आर्थिक, शैक्षिक तथा राजनैतिक क्षेत्रमा सबैभन्दा पछाडि पारिएको समुदायको रूपमा बुझिन्छ, जो न्याय तथा मानवीय सम्मानबाट बन्चित रहेका छन् । यो परिभाषा राष्ट्रिय दलित आयोगले नेपाल सरकारलाई राष्ट्रिय दलित अधिकार आयोगको विधेयकमा उल्लेख गरेको थियो । नेपालमा जातीय विभेद तथा छुवाछूत करीब २ हजार वर्षदेखि विद्यमान भएको मानिन्छ । तर राज्यका सबै संरचनाहरुमा यसले विक्रम सम्वत् १९१० को मुलुकी ऐन जारी भएपछि लागू भएको थियो । अर्थात् राज्यका सबै संरचनाहरु जातपात तथा छुवाछूतको आधारमा संचालन गर्ने संस्थागत प्रयास भयो । राज्यले धेरै लामो अवधिसम्म राज्यका सबै संरचनाहरुबाट बाहिर राखेको, मानवीय जीवन यापन गर्नको लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा शिक्षाबाट बन्चित पारेको र कुनै पनि प्रकारको राजनैतिक निर्णय प्रक्रियामा सहभागी नगराएको हुनाले दलितहरुको अवस्था गणतन्त्र स्थापना भएको ८ वर्षसम्म पनि उल्लेख्य सुधार हुन सकेको छैन ।

कानूनी रूपमा दलितलाई २०२० सालको मुलुकी ऐनले समानता दियो । तर त्यसमा छुवाछूतको व्यवहार गर्नेलाई दण्डको व्यवस्था गरेको थिएन । अतः स्वभाविक रूपमा सो ऐन प्रभावकारी थिएन र दलितहरुले छुवाछूतको मार खेप्नु पर्ने बाध्यता रहेको थियो । २०४७ सालको संविधानले नेपालमा छुवाछूत रहेको कुरा आत्मसात गर्दै त्यसलाई दण्डनीय गर्ने कुराको उद्घोष गऱ्यो र २०६३ सालको नेपालको अन्तरिम संविधान, २०६३ ले छुवाछूत विरूद्धको हकलाई मौलिक हकमा समावेश गऱ्यो । २०६८ सालमा छुवाछूत कसूर सजायँ ऐनको व्यवस्था समेत भएको छ । यी सबै संवैधानिक तथा कानूनी व्यवस्थाका बावजूद दलितको समग्र आर्थिक,

सामाजिक तथा राजनैतिक अवस्थामा उल्लेख्य सुधार हुन नसकेको कुरा सरकारले नै उपलब्ध गराएको विभिन्न तथ्याङ्कहरूबाट स्पष्ट हुन्छ ।

अहिले दलितको सबैभन्दा ठूलो समस्या गरिबी देखिएको छ । राष्ट्रिय योजना आयोगले आफ्नो १३औं योजनाको आधारपत्रमा नेपालको गरिबी २३.८ प्रतिशत रहेको बताएको छ । तर दलितको गरिबी ४२ प्रतिशत रहेको छ । त्यसमा पहाडका दलितको गरिबी ४३ प्रतिशत रहेको छ भने तराईका दलितको गरिबी ३८ प्रतिशत छ । अन्य सबै समुदायको गरिबी ३० प्रतिशतभन्दा कम रहेको छ भने बाहुन र नेवारको गरिबी १० प्रतिशत मात्रै रहेको छ । शिक्षाको क्षेत्रमा दलितको साक्षरता अहिले ४९ प्रतिशत पुगेको छ, जब कि राष्ट्रिय सरदर ५९प्रतिशत देखिन्छ । स्थायी सरकार मानिने नेपालको कर्मचारीतन्त्रमा उनीहरूको १ प्रतिशतभन्दा कम प्रतिनिधित्व रहेको छ । नेपालीको सरदर आयु पहिलेभन्दा बढेको छ । त्यस्तै दलितको पनि बढेको देखिन्छ । अन्य क्षेत्रको तुलनामा दलितको सरदर आयुको वृद्धिलाई केही हदसम्म सन्तोषजनक मान्नुपर्छ । अहिले सरदर आयु ६९ वर्ष पुगेको छ भने दलितको सरदर आयु राष्ट्रिय सरदरको हाराहारीमा अर्थात ६७.१७ वर्ष पुगेको देखिन्छ ।

विगत एक वर्षमा अर्थात् जनवरी १ देखि डिसेम्वर ३१, २०१४ को अवधिमा काठमाडौंबाट प्रकाशित हुने चारवटा राष्ट्रिय दैनिक कान्तिपुर, गोरखापत्र, नयाँ पत्रिका र राजधानीमा प्रकाशित भएका दलितसँग सम्बन्धित समाचारहरूको संकलन तथा विश्लेषण गरिएको थियो । सो अनुसार जातीय विभेद सम्बन्धी घटनाहरू ३३ वटा रिपोर्टिङ भएका थिए । दलितका बालबालिका र शिक्षा सम्बन्धी ३१ वटा, अन्तरजातीय विवाह सम्वन्धी ३० वटा, महिला हिंसा सम्बन्धी १६ वटा, गरिबी र पुख्र्यौली पेशा सम्बन्धी १५/१५ वटा घटनाहरू रिपोर्टिङ भएका थिए ।
अस्पतालमा भर्ना भएका असाध्य रोग लागेकाहरू सहयोगको याचना गर्नेहरू ९ वटा र अदालतमा दलित सम्बन्धी मुद्दाको रिपोर्टिङ ७ वटा रहेका छन् । अर्धदासत्वको जिन्दगी बाँचिरहेका हलियामध्ये अधिकांश दलित रहेका छन् । अतः उनीहरूसँग सम्बन्धित जम्मा १३ वटा घटनाहरू रिपोर्टिङ भएका थिए ।

राष्ट्रिय स्तरका पत्रिकाहरूमा दलित सम्बन्धी घटनाहरु हत्पत्ति रिपोर्टिङ हुँदैनन् । किनभने रिपोर्टिङ भएका घटनाहरूलाई प्रतिनिधि घट्नाको रूपमा मात्रै हेर्नुपर्ने हुन्छ । सामान्य अवस्थामा दलितहरूले यस्ता घटना आफ्नो दैनिक जीवनमा दिनदिनै जस्तो भोगिरहेका हुन्छन् । जब घटनाले गंभीर रूप लिन्छ र पत्रकारको जानकारीमा आउँछ, तबमात्र त्यस्ता घट्नाले समाचारको रूप लिएर राष्ट्रिय पत्रिकाहरूमा आउँछन् । अतः यी घटनाहरूलाई समुन्द्रमा हुने आइसबर्गको टुप्पो मात्रै हुन् भन्दा अत्युक्ति नहोला ।

माथिका घटनाहरूलाई मानव अधिकारको खाकाभित्र राख्दा दलितहरु सबै प्रकारका दुःखकष्टबाट गुज्रिरहेका छन् भन्ने देखिन्छ । चाहे त्यो स्वास्थ्य उपचारका लागि सहयोगको योजना होस् वा आर्थिक अभाव वा गरिबीका घट्नाहरु हुन् ।

**सबै प्रकारका जातीय विभेद उन्मूलन गर्ने महासन्धिसँग सम्बन्धित प्रावधानहरू तथा नेपालले पालना गरेका क्षेत्रहरू:**

प्रतिवेदनको यो खण्डमा जातीय विभेद उन्मूलन गर्ने महासन्धिले यसको पक्ष राष्ट्रहरूले सो महासन्धिलाई कार्यान्वयन गर्नका लागि गर्नुपर्ने नीतिगत, संरचनागत, कानूनी तथा अन्य व्यवस्थाहरु के के भएका छन् भन्ने माग गर्दछ । अतः दलितको हित तथा अधिकारका लागि भएका नीतिगत, संरचनागत तथा कानूनी व्यवस्थाहरूको यहाँ चर्चा गरिनुका साथै संरचनागत व्यवस्था अन्तर्गत भएका वा गर्नुपर्ने कार्यहरूको यहाँ केही चर्चा गरिने छ ।

**संवैधानिक तथा कानूनी व्यवस्था:**

नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको संवैधानिक इतिहासमा पहिलोपटक नेपालमा छुवाछूतको व्यवहार विद्यमान भएको कुरालाई स्वीकार गरी छुवछूतको व्यवहारलाई दण्डनीय बनाइने कुरा उल्लेख गरेको थियो । २०४७ सालको संविधानभन्दा एक कदम अगाडि बढेर नेपालको अन्तरिम संविधान, २०६३ ले दलितहरूको अधिकार सुनिश्चित गर्न धेरै प्रावधानहरूको व्यवस्था गरेको देखिन्छ । मानव अधिकारका महासन्धिहरूको आधारमा हेर्दा

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ तथा सबै प्रकारका जातीय विभेद उन्मूलन गर्ने महासन्धि, १९६५ ले अंगीकार गरेका भावना तथा सिद्धान्त अनुरूप रहेको दाबी गरिएको छ । संविधानसभाले नयाँ संविधान जारी नगरिसकेको अवस्थामा अहिले नेपालमा अन्तरिम संविधान, २०६३ क्रियाशिल रहेको छ । त्यसमा उल्लेख भएका दलितसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने धारा तथा उपधाराहरु निम्न प्रकार रहेका छन् –

**धारा १४ छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक**:

(१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ ।

(२) कुनै पनि व्यक्तिलाई जात, जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट बन्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहको उँच-नीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

**धारा ३३ राज्यको दायित्व**ः

(घ) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंङ्ख्यक समुदाय पीछडिएका क्षेत्र लगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।

(घ१) मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पीछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।

(ङ) राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतको प्रभावकारी कार्यान्वयन गर्ने,

(ढ) सबै विभेदकारी कानूनको अन्त्य गर्ने,

**धारा ३४. राज्यका निर्देशक सिद्धान्तहरू**ः

(५) सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात जाति, धर्म, भाषा, वर्ण समुदाय र सम्प्रदायकाबीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।

**धारा ३५. राज्यका नीतिहरू**ः

(१४) राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंङ्ख्यक भूमिहीन, सुकुम्वासी, कमैया, अपाङ्ग, पीछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

## मुलुकी ऐन
## महल–१९, अदलको

१०क नं. कसैले कसैलाई जातिपाति, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार वा बहिष्कार वा निषेध गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ ।

हदम्यादः ३५ दिनभित्र उजूर गरी सक्नुपर्ने छ ।

अपराधको विश्लेषण गर्ने हो भने बोक्सो वा बोक्सीको आरोप र व्यवहारबाट पनि विशेष गरी दलित महिला पीडित बन्न पुगेका छन् ।
यसलाई विशेष ऐन लागू गरी खारेज गरिएको छ ।

१०ख. नं. कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोवास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा कुनै रोग लागेको व्यक्तिलाई त्यस्तो रोग लागेको कारणबाट तिरस्कार वा अमानवीय वा अपमानजनक व्यवहार गरी निजलाई बसोवास गरेको ठाउँबाट निकाला गरेमा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ ।

**जातीय भेदभाव तथा छुवाछूत** (**कसूर र सजायँ**) **ऐन**, २०६८ः

हाल २०६८ साल जेष्ठ १० गते जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजायँ) ऐन, २०६८ पारित भई यस सम्बन्धमा छुट्टै विशेष ऐन आएको छ । ऐनले निषेध गरेको कार्य गरेमा नेपाल सरकार वादी भई मुद्दा चल्ने र स. मु. स. ऐनको अनुसूची १ भित्र समावेश भएको मानिने ।

उक्त ऐनको विशेषताहरु निम्न रहेका छन् -

- सरकारी कर्मचारीले जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी अपराध गरेमा बढी सजायँको व्यवस्था रहेको ।
- जातीय भेदभाव तथा छुवाछूतको कार्य सार्वजनिक तथा व्यक्तिगत स्थानमा जहाँ गरेको भए पनि अपराध मानिने ।
- पीडकबाट पीडितलाई कम्तीमा २५ हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म क्षतिपूर्ति दिलाउन सक्ने ।
- झुट्ठा उजूरी दिनेलाई ३ महिनासम्म कैद वा ५ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुने ।
- जातीय हिंसालाई प्रोत्साहन दिने कार्यलाई पनि कसूर अन्तर्गत समावेश गरेको ।
- अनुसन्धानको काममा वाधा विरोध गर्नेलाई कसूरदारलाई हुने सजायँको आधा सजायँ ।
- बहिरअधिकार क्षेत्र ग्रहण गरेको ।

**सजायँ**:

दफा ७ : बढीमा ३ वर्षसम्म कैद र २५ हजारसम्म जरिवाना ।

दफा ८ : सार्वजनिक जवाफदेहीको पदमा रहेको व्यक्तिले कसूर गरेमा थप आधा सजायँ हुने, साथै पीडितले एकलाख रूपियाँसम्म क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ ।

माथिका संवैधानिक तथा कानूनी व्यवस्थालाई हेर्दा दलित अधिकारको क्षेत्रमा निकै प्रगति भएको देखिन्छ । तर देशका विभिन्न भागमा घटेका घटनाहरूको पत्रपत्रिकामा भएका रिपोर्टिङहरूलाई मात्र हेर्दा पनि संवैधानिक तथा कानूनी व्यवस्थाहरूको खासै राम्रो उपयोग भएको र पीडितहरूले न्याय पाएको देखिंदैन ।

**नीतिगत व्यवस्था**:

नेपालमा योजनागत विकासको लगभग छ दशक लामो इतिहास भइसकेको छ । तर दलित सम्बन्धी नीति तथा कार्यक्रम नवौं पंचवर्षीय योजना २०५४

देखि २०५९ सालसम्म रहेको योजनाले पहिलोपटक दलितसंग सम्बन्धित नीति तथा कार्यक्रम छुट्टै खण्डको रूपमा आफ्नो दस्तावेजमा उल्लेख गरेको थियो । त्यो परम्परालाई १२ औं योजनासम्म निरन्तरता दिएको थियो । तर अहिले १३ औं त्रिवर्षीय योजना बाहिर आइसकेको छ र यो दोस्रो वर्षमा दौडिरहेको छ । योभन्दा अघिल्लो योजनासम्म समावेशीकरण खण्डमा बन्चितीकरणमा परेका समुदायहरु दलित, जनजाति, महिला, मधेशी, पिछडा वर्ग, पीछडिएको क्षेत्र कर्णाली भनेर छुट्टा–छुट्टै खण्डमा उल्लेख गरिनुका साथै नतिजा र लक्ष्य पनि अलग–अलग नै हुन्थ्यो । तर यसपालीको योजनाको दस्तावेजमा सबैलाई एकैठाउँमा राखिएको छ । माथि उल्लेखित समुदायहरूलाई बन्चितीकरणमा परेको वा पारिएको भने तापनि उनीहरूको अवस्था र समस्या समान कदापि छैन । त्यसकारण उनीहरूलाई एउटै डालोमा राखेर सम्वोधन गर्न खोजिनु कतिको युक्तिसंगत हो ? यो योजना आयोगले नै जान्ने कुरा हो ।

हुन त नेपालमा बनेका योजनाहरूको कार्यान्वयन व्यवहारमा भएको कम मात्र उदाहरण छ । त्यसैले योजनाको दस्तावेजमा जुनसुकै रूपमा भए पनि यसले खासै फरक पार्दैन । तर पनि छुट्टा–छुट्टै खण्डमा राखेर कमसेकम अलग–अलग महत्त्व देखिने परम्परालाई यसपालीको दस्तावेजले हटाएको छ । यसले कतै सामाजिक समावेशीकरणको एजेण्डा हाल सत्तामा रहेका दलहरूका लागि महत्त्वको विषय हुन छाडेको हो कि जस्तो देखाएको छ । यदि यस्तो हो भने दलितको अधिकारमा क्रियाशील सबैको चासो र चिन्ताको विषय हुनुपर्छ ।

राष्ट्रिय योजना आयोगको दस्तावेजको पेज नम्बर २०७१ को समावेशीकरणको दीर्घकालीन सोंचमा यस्तो उल्लेख गरिएको छ – “महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम समुदाय, वादी समुदाय लगायत पीछडिएको वर्गलाई विकासको मूलप्रवाहमा ल्याई समतामूलक समाजको निर्माण गर्ने ।” त्यस्तै रणनीति र कार्यनीतिमा उल्लेख भएका कुराहरु यस प्रकार छन् ।

**रणनीतिः**

- महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक लोपोन्मुख जाति, कर्णाली क्षेत्र लगायतका दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्ग जस्ता बन्चितीमा परेका तथा पारिएका समुदाय तथा व्यक्तिहरूका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- सकारात्मक विभेद र आरक्षणका माध्यमबाट राज्यका सबै क्षेत्रमा लक्षित वर्गको पहुँच तथा सार्थक सहभागिता सुनिश्चित गर्ने ।
- सामाजिक सचेतना तथा क्षमता विकास कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरी सशक्तीकरण गर्ने ।
- परम्परागत शीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने ।

**कार्यनीति**:

- रोजगारीका अवसरहरूमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सबै निकायहरूमा बन्चितीमा परेका समुदायहरूलाई मूल प्रवाहीकरण गरिनेछ । (१)
- शासन प्रणालीको सबै तह र प्रक्रियामा बन्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ। (२)
- खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सेवा र उपलब्ध स्रोतसाधनमा लक्षित समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनागत सुधार गरिनेछ । (२)
- लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवं गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गरिनेछ । (२)

सोही दस्तावेजमा निम्न प्रतिफलहरु प्राप्त गर्ने भनेर उल्लेख गरिएको छः

**प्रतिफल** २.२. आदिवासी जनजातिहरु सम्बन्धी स्रोत केन्द्रको स्थापना भएको हुने ।
**असर** ३. समावेशी संस्थाहरूको विकास तथा भाषा संस्कृतिको विकास भएको हुने ।

**सामाजिक संरक्षण**:

**प्रतिफल** ३.१. समावेशी समुदायका भाषामा एफ.एम. तथा पत्रपत्रिकाका माध्यमबाट प्रसारण गर्न प्रोत्साहन गरिएको हुने ।

**प्रतिफल** ३.२. स्वदेश तथा विदेशमा उच्च शिक्षाका लागि समावेशी समुदायका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरेको हुने ।

**प्रतिफल** ३.३. समावेशी समुदायबाट मातृभाषी शिक्षक शिक्षिका उत्पादनका लागि तालीम प्रदान गरिएको हुने ।

**प्रतिफल** ३.४. स्थानीय विशेष पाठहरु विकास गर्नका लागि आदिवासी जनजातिका इतिहास, संस्कृति तथा साहित्यसम्बन्धी अभिलेख तयार भएको हुने ।

**प्रतिफल** ३.५. समावेशी समुदायका भाषा संस्कृतिको अध्ययन अनुसन्धान भएको हुने ।

**प्रतिफल** ३.६. भाषा संस्कृतिको संरक्षणको लागि सन्दर्भ सामग्रीहरु तयार भएको हुने ।

**प्रतिफल** ३.७. कला तथा संस्कृतिग्राम अन्तर्गत परम्परा संस्कृति तथा सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धन भएको हुने।

**असर** ४. समावेशी समुदायहरूको विकास भएको हुने ।

**आर्थिक**:

**प्रतिफल** ४.१. स्थानीय लक्षित समुदायका शिक्षकको नियुक्तिको वातावरण तयार भएको हुने ।

**प्रतिफल** ४.२. उच्च मूल्यका बालीहरूको खेति तथा सामुदायिक पशुपालनसम्बन्धी विशेष कार्यक्रमहरु संचालन भएको हुने ।

**प्रतिफल** ४.३. समावेशी समुदायहरूको परम्परागत शीपको व्यावसायीकरण भएको हुने ।

**प्रतिफल** ४.४. समावेशी समुदायका महिला पुरूष सम्मिलित सहकारी संस्था खोल्न प्रोत्साहन गरिएको हुने ।

**प्रतिफल** ४.५. लोपोन्मुख तथा सीमान्तकृत आदिवासी जनजातिहरूले वैदेशिक रोजगारीका लागि शीप विकास तालीम तथा विना धितो आर्थिक सहयोग प्राप्त गरेको हुने ।

माथि उल्लिखित दीर्घकालीन सोंच, रणनीति, कार्यनीति तथा प्रतिफलहरूलाई हेर्दा समग्र समावेशी विकास गर्न खोजेको देखिन्छ । तर समावेशी विकास भन्दैमा जसका भिन्दा-भिन्दै प्रकारका समस्याहरु छन्, उनीहरूलाई एउटै डालोमा राखेर कसरी विकास गर्न सकिन्छ ? समावेशीकरणको मूल मर्म भनेकै समग्र विकासको नीतिले पछाडि परेका वा पारिएका समूह र वर्गको हित गर्न सकिन्छ र उनीहरूका लागि छुट्टा-छुट्टै नीति तथा कार्यक्रम चाहिन्छ भन्ने हो । तर तेह्रौं योजनाले त्यो सबै मर्म बिर्सेको देखिन्छ । माथि उल्लिखित नीति, कार्यक्रम तथा प्रतिफलहरूलाई हेर्दा जनजातिहरूका सवालमै बढी केन्द्रीत भएर कार्यक्रमहरु बनाइएको छ । त्यसमा दलित, मुस्लिम, मधेशी, कर्णाली क्षेत्रलाई समेट्ने खालका कुनै कार्यक्रमहरु प्रष्ट छैनन् ।

राष्ट्रिय योजना आयोगको हालको बनौटलाई हेर्दा ८ जना उपाध्यक्षसहित मनोनित भएका सदस्यहरूलाई हेर्दा एकजना कार्की क्षेत्री बाहेक अरू सबै एउटै जात समुदायका अर्थात बाहुन समुदायका देखिन्छन् । एकजना महिला पनि त्यसभित्र हुनुहुन्छ । वहाँको अन्तरजातीय विवाह राईसँग भएको हुँदा उहाँको नियुक्तिले संभवतः महिला तथा जनजाति समुदायको प्रतिनिधित्व गरेको ठानिएको पनि हुनसक्छ । अतः अन्य सबै जातभन्दा बहुमतमा रहेको जनजातिसम्मको प्रतिनिधित्व नभएको यस आयोगबाट जारी भएको दस्तावेजले समावेशीकरणलाई कसरी हेर्ला भन्ने अनुमान लगाउन सकिन्छ ।

दलित लगायत अन्य बन्चितीकरणमा परेका समुदायलाई किन यसरी एकै ठाउँमा राखियो ? यसले त समावेशीकरणको मुद्दा अहिलेको सत्तासीन राजनैतिक शक्ति तथा सरकारले पन्छाउन खोजे जस्तो देखिदैन ? भन्ने प्रश्नमा एकजना योजना आयोगको सदस्यले यो योजनाको कार्यान्वयनको दोस्रो वर्षमा रहेको

छ र वहाँहरु योजना आयोगमा आउनुभन्दा पहिले नै बनाइसकिएको थियो । त्यसकारण अहिलेको योजना आयोगका सदस्यहरूको त्यसमा प्रत्यक्ष संलग्नता छैन । अब अर्को वर्ष १४ औं योजना बनाउनका लागि कार्यदल बनेर त्यसले आफ्नो कार्य थाल्छ । अतः त्यसका लागि केही सुझाव भएमा नेपाली नागरिक जोसुकैले पनि लिखित रूपमा दिन सक्छ भन्ने कुरा गर्नु भएको छ । वहाँले अर्को तीतो यथार्थ पनि बताउनु भएको छ- त्यो के भने योजना आयोग तथा सरकारका विभिन्न निकायले दलित सम्बन्धी नीति तथा कार्यक्रमहरु बनाउँदा सल्लाह तथा सुझावका लागि सरकारले नै खडा गरेको राष्ट्रिय दलित आयोगलाई पठाउने गरेको छ । तर त्यहाँबाट कुनै सुझाव प्राप्त नभए पछि त्यसलाई त्यहीँ रूपमा अन्तिम रूप दिने प्रचलन रहेको देखिन्छ । अतः यस्तो मामिलामा राष्ट्रिय दलित आयोगले प्रभावकारी तथा रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने कुरामा पनि वहाँले जोड दिनुभयो ।

**जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ को राष्ट्रिय कार्य योजना**ः

नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सामाजिक विकास शाखाको २०७० फाल्गुण ६ गते मुख्य सचिवको अध्यक्षतामा बसेको बैठकले जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ अन्तर्गतको केन्द्रीय निर्देशक समितिको संयुक्त बैठकका निर्णयको प्रतिलिपि आवश्यक कार्यार्थ सबै मन्त्रालय तथा विभागहरूमा पठाएको थियो । सो राष्ट्रिय कार्ययोजना सबै सचिवहरूलाई कार्यार्थ पठाएको भए तापनि त्यसले मूर्तरूप चाहिं पाएको देखिदैन । त्यो कार्ययोजनालाई सरसर्ती हेर्दा नेपालको कर्मचारीतन्त्र दलितका विषयमा यति सकारात्मक हुन सक्दोरहेछ भनेर अनुमान गर्न गाह्रो पर्दछ । दलितको समग्र हित तथा अधिकार प्रवर्द्धनको क्षेत्रमा यदि यसको कार्यान्वयन हुन सकेमा यसले एउटा कोशेढुंगाको रूपमा काम गर्थ्यो, सो कार्य योजनाका मूलभूत कुराहरु यस प्रकार रहेका छन्ः

१. **दीर्घकालीन सोंच**:

जातीय भेदभावमूक्त समतामूलक समाजको निर्माण गर्ने ।

२. **उद्देश्यहरू**:

क. सामाजिक बन्चितीकरणमा परेका दलितहरूको सशक्तीकरण गरी जातीय मूलप्रवाहीकरण गर्ने ।

ख. जातीय भेदभाव, छुवाछूत तथा हिंसामा परेका पीडितहरूको तत्काल उद्धार गरी राहत उपलब्ध गराउने र पीडकलाई कानूनी कारवाही गर्ने ।

ग. उक्त दुई उद्देश्य हासिल गर्न सहजीकरण एवं निगरानीका लागि केन्द्र र जिल्लास्तरको संयन्त्र मातहतमा सबै नगरपालिका तथा गाविसस्तरमा निगरानी केन्द्र विस्तार गरी परिचालन गर्ने ।

३. **नीति तथा कार्यक्रम**:

(क) दलितको सशक्तीकरण गरी जातीय मूलप्रवाहीकरण गर्ने

१. दलित विकासको लागि दीर्घकालीन गुरूयोजना तर्जूमा गरी कार्यान्वयन गर्ने ।
२. दलितहरूलाई प्रोत्साहनसहितको अनिवार्य शिक्षाको व्यवस्था गर्ने ।
३. दलितहरु सघन रहेको वस्तीहरूमा स्वास्थ्य शिक्षा सम्वन्धी शिविरसहितको स्वास्थ्य सेवा विस्तार गरी दलितहरूको पहुंच र उपयोग अभिवृद्धि गर्ने ।
४. दलितहरु सघन रहेको वस्तीहरूमा शुद्ध खानेपानी र शौचालयसहितको वस्ती विकासको व्यवस्था गर्ने ।
५. दलितहरूको परम्परागत शीपका सम्बन्धमा उपलब्ध आधुनिक प्रविधिको उपयोगको संभावना पहिचान र पूंजीकृत गरी त्यसको व्यावसायीकरण तथा बजारीकरण गर्ने ।
६. दलितहरूका गठन भएका सहकारीको प्रवर्द्धन गरी समूह परिचालन, टेवा, लघुकर्जा र शीप विकासमा जोड दिने ।
७. श्रममा संलग्न भएको आधारमा कसैलाई अपमान नगर्ने संस्कारको विकास गर्ने ।

८. छानिएका दलित वस्तीहरूमा नमूनाको रूपमा स्वास्थ्य विमाको कार्यक्रम शुरू गर्ने ।
९. दलित समुदायको संघसंगठनहरूको क्षमता अभिवृद्धि गर्दै सक्रिय साझेदारको रूपमा विकास गर्ने ।
१०. उमेर पुगेका युवायुवतीले आफूखुशी गरेको विवाहलाई संरक्षण गर्ने तथा दलितसँग अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन दिने ।
११. जाति-जाति बीच मिलेर बस्ने संस्कारलाई प्रोत्साहन गर्ने ।
१२. छुवाछूतमूक्त समाज निर्माण गर्न धार्मिक गुरूहरूको परिचालन गर्ने ।
१३. गैरदलित समुदायमा श्रमको सम्मान गर्ने संस्कारको विकास गर्ने सहयोगी चेतनामूलक शैक्षिक एवं जागरण कार्यक्रम संचालन गर्ने ।
१४. दलितहरूको सम्पत्तिमाथिको स्वामित्व वृद्धिमा सहुलियत बढाउने ।

(ख) पीडितहरूको तत्काल उद्धार, राहत तथा पीडकलाई कारवाही गर्ने-

१. दलितभित्रको पनि अतिसीमान्तकृत र बहुपक्षीय विभेदबाट पीडितहरूलाई विशेष प्याकेजसहित सम्वोधन गर्ने ।
२. जातीय भेदभाव, छुवाछूत तथा हिंसामा परेका पीडितलाई तत्काल उद्धार र राहतको व्यवस्था गर्ने ।
३. जातीय भेदभाव, छुवाछूत तथा हिंसाका घटनाका पीडकलाई कानून बमोजिम कारवाही गर्ने ।

(ग) कार्ययोजना कार्यान्वयन संरचना-

१. संयन्त्रको कार्यपत्र बमोजिम गठित सल्लाहकार समूह र केन्द्रीय निर्देशक समितिको आवधिक रूपमा बैठक बसी कार्ययोजना कार्यान्वयनको समिक्षा गर्ने । सल्लाहकारको भूमिका निश्चित गर्ने ।

२. जिल्ला समन्वय समितिको नियमित बैठक बसी केन्द्रीय निर्देशक समितिको निर्देशन र स्थानीय आवश्यक्ता बमोजिम विस्तृत कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

३. जिल्ला समन्वय समिति मातहतमा प्रत्येक नगरपालिका र गाउँ विकास समितिमा संयन्त्रको कार्यपत्र बमोजिम निगरानी केन्द्र गठन, विस्तार र परिचालन गर्ने ।

४. प्रत्येक निकायमा सामाजिक न्याय हेर्ने संरचनाको व्यवस्था गर्ने ।

## ४. अपेक्षित विषयः

यो बृहत् रूपमा तयार गरिएको राष्ट्रिय कार्ययोजना (Macro Work Plan) हो । सबै सम्बन्धित मन्त्रालय एवं निकायहरूले यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुने र नबाभिने गरी आ-आफ्नो जिम्मामा निर्दिष्ट विषयहरु समेत समाविष्ट भएको विस्तृत कार्ययोजना (Detail Work Plan) वार्षिक रूपमा बनाई कार्यान्वयन गर्ने छन् ।

माथि उल्लेख गरिएको कार्य योजनाको कार्यान्वयनको अवस्था निराशाजनक देखिन्छ । किनभने यो कार्य योजनालाई कार्यान्वयन गराउने कुरामा नेतृत्वदायी भूमिका संघीय मामिलता तथा स्थानीय विकास मन्त्रालयले निभाउने भन्ने उल्लेख छ । तर सोही मन्त्रालयमा यसलाई कार्यान्वयन गराउने संयन्त्र पनि छैन र कसैलाई चासो पनि भएको देखिदैन ।

**संरचनात्मक व्यवस्थाः**

नेपालमा मानव अधिकार रक्षा तथा प्रवर्द्धनका लागि धेरै निकायहरु गठन भएका छन् । त्यसमध्ये दलितलाई प्रत्यक्ष र परोक्ष रूपमा सरोकार राख्ने केही सरकारी निकायहरूको बारेमा यो खण्डमा संक्षिप्तमा चर्चा गरिने छ । यी चर्चा

गरिने निकायहरूमा मुख्यतया राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, उपेक्षित उत्पीडित दलित वर्ग उत्थान विकास समिति र वादी विकास समति रहेका छन् । पहिलो दुईटा निकायहरु दलितहरूसँग परोक्ष रूपमा सम्बन्धित छन् भने दोस्रो तीनवटा निकायहरु प्रत्यक्ष रूपमा सम्वन्धित छन् ।

**राष्ट्रिय मानव अधिकार आयोग**ः

नेपालमा प्रजातन्त्र पुनर्स्थापना भएको लगभग सात वर्षपछि अर्थात् २०५४ सालमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको थियो । शुरूमा ऐनमार्फत स्थापना भएको यो निकायलाई २०६३ सालको अन्तरिम संविधान जारी भएपछि यसलाई संवैधानिक आयोग बनाइएको थियो । नेपालमा मानव अधिकारलाई प्रत्यक्ष रूपमा हेर्ने निकायमध्ये यो नै एकमात्र संवैधानिक निकाय हो । यो आयोगले मानव अधिकारभित्र पनि सामुहिक अधिकारको रक्षा तथा प्रवर्द्धनमा जोड दिएको कुरा यसको २०११ देखि २०१४ का लागि जारी भएको रणनैतिक पत्रमा उल्लेख गरिएको छ । हाल संवैधानिक यस आयोगमा एकजना मुस्लिमसहित पाँचजनाको उपस्थिति रहेको छ । एकजना मुस्लिम महिलालाई नियुक्ति गर्दा उनले महिला, मुस्लिम तथा मधेशीको समेत प्रतिनिधित्व गर्ने भनेर होला, बाँकी अन्य सदस्य तथा अध्यक्षसमेत सबै एउटै जात समुदायका रहेका छन् । अहिलेसम्म यो आयोगमा एकजना पनि दलितको प्रतिनिधित्व हुन सकेको छैन । त्यसकारणले गर्दा यो समावेशी छैन भन्ने आरोप पनि लाग्दै आएको छ ।

यो आयोगमा विभिन्न विभाग तथा शाखाहरु रहेका छन् । त्यस मध्येको सबैभन्दा महत्वपूर्ण विभाग भनेको प्रवर्द्धन, जनवकालत तथा सामुहिक अधिकार विभाग हो । निर्देशकको नेतृत्वमा अन्य उपविभागहरु सामुहिक अधिकार, लैङ्गिक तथा सामाजिक समावेशीकरण र प्रवर्द्धन तथा जनवकालत उपविभागहरु रहेका छन्, जसको नेतृत्व अलग-अलग उपनिर्देशकहरूले गर्दछन् । सम्भवतः

लैङ्गिक तथा सामाजिक समावेशीकरण उपविभागले दलित तथा महिलाका सवालहरूलाई हेर्ने गर्दछ, दलितसँग सम्वन्धित जति पनि मानव अधिकार हननका घटनाहरु घट्ने गर्दछन्, त्यसको तुलनामा यहाँ अत्यन्त कम घटनाहरूको मात्रै रिर्पोटिङ हुने गरेको कुरा बताइन्छ । त्यसमा पनि पीडित दलितहरूले यहाँबाट छानवीन भई न्याय पाएका उदाहरणहरु धेरै देख्न पाइँदैन ।

राष्ट्रिय मानव अधिकारको ५ वटा क्षेत्रीय कार्यालयहरु रहेका छन् । ती कार्यालयहरु पूर्वाञ्चलको विराटनगर, मध्यमाञ्चलको जनकपुर, पश्चिमाञ्चलको पोखरा, मध्यपश्चिमाञ्चलको नेपालगंज तथा सुदुरपश्चिमाञ्चलको धनगढीमा अवस्थित रहेको छ । ती कार्यालयहरूको नेतृत्व क्षेत्रीय निर्देशकहरूले गर्ने गरेका छन् । दलित अधिकारको प्रवर्द्धन तथा सम्वर्द्धनमा ती निकायहरु कतिको प्रभावकारी रहेका छन्, सो भने अहिलेसम्म हेरिएको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो वार्षिक प्रतिवेदन २०७१/२०७२मा जनाए अनुसार आयोगमा प्राप्त भएका २४० वटा उजूरीहरूमध्ये पाँचवटा मात्र जातीय विभेदसँग सम्बन्धित रहेको जनाएको छ । यसलाई प्रतिशतमा हेर्दा २ प्रतिशत मात्रै हुन आउँछ । जातीय छुवाछूतलाई हेर्ने छुट्टै निकाय राष्ट्रिय दलित आयोग भएको हुँदा पनि सम्भवतः यहाँ कम उजूरी परेको हुनुपर्छ । यसले प्रकाशित गरेको १७६ पृष्ठको प्रतिवेदनमा साढे दुई पेज अर्थात् ३५, ३६ र ३७ पेजमा जातीय विभेद विरूद्ध भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरूको विवेचना गरिएको छ । तर उजूरी भएका पाँचवटा घटनाहरूमध्ये के के थिए ? भन्ने कहीं कतै चर्चा छैन । यसले सो अवधिसम्म जातीय विभेदसँग सम्बन्धित पाँचवटा अनुगमन तथा आठवटा अनुसन्धान भएको उल्लेख गरेको छ । तर उजूरीको प्रकृति र कस्तो प्रकारको कार्यक्रम सम्पन्न भयो भन्ने जानकारी नहुँदा त्यसको प्रभावकारीतामा प्रश्न उठाउने ठाउँ प्रदान गरेको छ ।

**राष्ट्रिय महिला आयोगः**

महिलाहरूको अधिकार तथा आवश्यक्ताहरूको परिपूर्तिको सुनिश्चित गर्न ७ मार्च २००२ मा राष्ट्रिय महिला आयोगको गठन भएको थियो । यसको करीब ३ हप्तापछि राष्ट्रिय दलित आयोगको पनि गठन भएको थियो । यी दुवै आयोगहरू मन्त्रिपरिषद्को आदेशबाट गठन भएका थिए । तर त्यसको पाँच वर्षपछि राष्ट्रिय महिला आयोगको विधेयक, २०६३ संसदबाट पारित भई यसले कानूनी मान्यता पाइसकेको छ र यसका पदाधिकारीहरूले अविछिन्न रूपमा पाँच वर्षको कार्यकाल पूरा गर्छन् । अहिलेसम्म चौथो समूहले महिला आयोगमा काम गर्दैछ । एकजना अध्यक्षसहित पाँचजनाको समिति रहने व्यवस्था भए बमोजिम दोस्रो समूहदेखि एकजना दलित महिलाको पनि प्रतिनिधित्व हुने गरेको छ । हालसम्म तीनजना दलित महिलाहरूले यसमा प्रतिनिधित्व गरेका छन् । समावेशिताको हिसाबले यो राम्रो देखिन्छ । तर महिलाभित्रका दलित महिलाको सवालहरूलाई कतिको सम्वोधन गरेको छ भनी जानकारी लिन खोज्दा त्यसको अभाव देखियो । राष्ट्रिय महिला आयोगले जारी गरेको २०६९/०७०को उजूरीहरूको सूचीलाई यसले मूलतः चार खण्डमा बाँडेको देखिन्छ । त्यसमा शारीरिक हिंसा, मानसिक हिंसा, आर्थिक हिंसा र यौनजन्य हिंसा रहेका छन् । आयोगमा परेका उजूरीमध्ये सबैभन्दा बढी शारीरिक हिंसा १२३, मानसिक हिंसा १०९ र आर्थिक हिंसा ११ रहेका छन् । यौनजन्य हिंसा सम्बन्धी एउटा पनि उजूरी परेको देखिदैन । पत्रपत्रिकाहरूमा यौनजन्य हिंसाका घटनाहरू थुप्रै पढ्न पाइन्छ । तर आयोगमा शून्य उजूरी पर्नु भने निकै आश्चर्यको कुरा मान्न सकिन्छ । आयोगले यी हिंसाहरूलाई पनि अन्य उपशीर्षकहरूमा बाँडेको छ । त्यसभित्र २० उपशीर्षकहरू देखिन्छन् । तर त्यसलाई ४ खण्डभित्र भने पारेको देखिँदैन ।

राष्ट्रिय महिला आयोगले परेका उजूरीहरूलाई जात, जातीयता तथा क्षेत्रभित्र बाँडेर नहेरेको हुँदा परेका उजूरीमध्ये कति दलित महिलासँग सम्बन्धित थिए भन्ने उल्लेख छैन । आयुक्तहरूमध्ये दलित महिला पनि भएको हुँदा आयोग आफैं समावेशी देखिन्छ । तर वहांले आयोगभित्र कस्ता मुद्दाहरू हेर्नुहुन्छ भन्ने

प्रश्न गर्नुपर्ने स्थिति देखिन्छ । किनभने लिङ्गको हिसाबले महिलाहरू एउटै भए तापनि समस्या र त्यसको प्रकारका हिसाबले हेर्दा महिला आफैं विविधता भएको समूह हो । महिलाभित्र पनि जात, जाति र क्षेत्र हेर्नुपर्ने हुन्छ र सबैलाई समान दृष्टिकोणले हेर्दा मानव अधिकारका सर्वमान्य सिद्धान्तभन्दा फरक हुन सक्छ । किनभने अहिले समावेशी सिद्धान्त राज्यले नै अंगिकार गरेको अवस्थामा महिलाभित्र पनि समावेशीका कुराहरू हेर्नुपर्ने हुन्छ । महिलाभित्रको बाहुन क्षेत्री, आदिवासी जनजाति, दलित तथा कर्णालीका महिला वा मधेशी महिलाका समस्या र सवालहरू फरक हुन सक्छन् र महिला आयोगले पनि आफूलाई त्यहीँण रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ । तर व्यवहारमा भने त्यस्तो गरेको देखिदैन ।

**दलित विकास समिति**ः

दलितहरू आर्थिक, सामाजिक र राजनैतिक रूपमा पछि पारिएको हुँदा उनीहरूको वृहत्तर विकासका लागि राज्यको कुनै एउटा निकाय हुनु पर्छ भन्ने माग उठिरहेको थियो र यो माग उठाउनेमा सबैभन्दा अग्रपंक्तिमा तत्कालीन उत्पीडित जातीय मूक्ति समाज रहेको थियो । २०५४ सालमा नेकपा (एमाले)को समर्थनमा बनेको लोकेन्द्रबहादुर चन्दको सरकारले उपेक्षित, उत्पीडित दलित वर्ग उत्थान विकास समितिको २०५४ असोज १५ गते गठन गरेको थियो । त्यसबेला स्थानीय विकास मन्त्री स्वर्गीय गजेन्द्रनारायण सिंह हुनुहुन्थ्यो । स्थानीय विकासमन्त्रीको अध्यक्षतामा गठन हुने भएकोले मधेशी दलित समुदायबाट गणेश पासवान प्रथम उपाध्यक्ष हुनुहुन्थ्यो र कार्यकारी निर्देशक दीपक न्यौपाने । २०५४ सालमा गठन भएको दलित विकास समिति अहिले १८ वर्ष पुगिसकेको छ । यो अवधिमा यसले हरेक सरकार परिवर्तनमा मात्रै नभइकन स्थानीय विकास मन्त्रीको परिवर्तनसँगै विभिन्न उपाध्यक्ष र कार्यकारी निर्देशकहरू पाइसकेको छ । मूलतः सत्तामा भएका स्थानीय विकासमन्त्रीको तजबिजमा गठन हुने भएकोले नेपालको अन्य क्षेत्रमा जस्तै स्थायित्व पाएर यसका पदाधिकारीले पूरा कार्यकाल बिताउन पाएको इतिहास धेरै लामो छैन । तर

वर्तमान एकीकृत नेकपा (माओवादी) सत्तामा भएको बेला गठन भएको खिमबहादुर विश्वकर्मा उपाध्यक्ष र चन्द्रबहादुर विश्वकर्मा कार्यकारी निर्देशक रहेको समितिले आफ्नो पूरा अवधि पूरा गर्ने पहिलो समिति हुनुपर्दछ ।

दलितको कहालीलाग्दो गरिबी र अन्य पछौटेपनको तुलनामा वार्षिक करीब पौने सात करोड रूपियाँको बजेट संचालन गर्ने निकायले हात्तिको मुखमा जीरा भन्ने उखान चरितार्थ गरेको छ । यसले गर्ने कार्यक्षेत्र धेरै छ । तर सीमित बजेटका कारणले गर्दा नेपालका दलितहरूको वृहत्तर उत्थानमा खास कुनै उल्लेख्य भूमिका निर्वाह गर्न सकेको छैन भन्दा अत्युक्ति नहोला । कनिका छराईको बजेट वितरणबाट खासै ठूलो उपलब्धिको अपेक्षा गर्नु त मूर्खता नै हुन्छ । तर उच्च शिक्षामा अध्ययनरत दलित विद्यार्थीहरूलाई वार्षिक सरदर ७० लाखको छात्रवृत्ति वितरण गरेर उनीहरूलाई पुऱ्याएको सहयोगलाई सराहनीय मान्नु पर्दछ ।

२०६० सालमा राष्ट्रियसभाका पूर्व सांसद् तथा तत्कालीन मुक्ति समाजका अध्यक्ष लालबहादुर विश्वकर्माको अगुवाईमा राजेन्द्र पाण्डे स्थानीय विकासमन्त्री भएको बखत ७५वटै जिल्लामा दलित उत्थान जिल्ला समन्वय समिति गठन भएको थियो । त्यसको मुख्य काम दलित सम्बन्धी सरकारी तथा गैरसरकारी संस्थाहरूले गर्ने कामहरूको अनुगमन तथा समीक्षा गर्ने थियो । यसमा दलित समुदायबाट स्थानीय विकासमन्त्रीको पार्टीबाट एकजना उपाध्यक्ष तथा सदस्य रहने र त्यसको अध्यक्षता स्थानीय विकास अधिकारीले निर्वाचित सभापतिको अभावमा गर्ने व्यवस्था थियो । यसले केन्द्रबाट साढे दुई लाखदेखि साढे चार लाखसम्मको बजेट दलितको जनसंख्या तथा भौगोलिक अवस्थाको आधारमा अनुदान पाउँथ्यो । राम्रो स्थानीय विकास अधिकारी (एलडिओ) भएका जिल्लाहरूमा अन्य बजेट तथा कार्यक्रमहरु पनि पाएर उनीहरूले काम गरेको देखिन्थ्यो भने अधिकांश जिल्लाहरूमा धेरै लामो समयसम्म कार्यकक्ष पनि नपाएको देखिन्थ्यो । यसका पदाधिकारीहरूलाई कुनै तलब सुविधाको व्यवस्था नभएको हुँदा कहिलेकाहीं हुने बैठकमा सहभागी हुने बाहेक अन्य काम गरेको देखिदैन थियो । तर

२०७० सालमा पूर्व प्रधानन्यायधिश खिलराज रेग्मी मन्त्रीपरिषद्का अध्यक्ष तथा विद्याधर मल्लिक स्थानीय विकासमन्त्री हुँदा यो जिल्ला समन्वय समिति पनि खारेज गरिएको थियो ।

यसको नियुक्ति पार्टीगत आधारमा हुने र विषयविज्ञ वा दक्षता भएको व्यक्तिहरु यसको व्यवस्थापनमा नहुने र स्थानीय विकासमन्त्रीको तजबिजमा राख्न अथवा हटाउन सकिने हुँदा दलित आन्दोलनले यसलाई राज्यको हात्तिको देखाउने दाँतको रूपमा लिएको छ । दलितको आर्थिक र सामाजिक अधिकारको क्षेत्रमा यसले योगदान पुऱ्याउन सक्ने भए तापनि मानव अधिकारको क्षेत्रमा खासै कुनै उल्लेख्य भूमिका निर्वाह गरेको छैन । मानव अधिकारका दृष्टिकोणबाट हेर्दा यसले आर्थिक र सामाजिक तथा साँस्कृति अधिकार सुनिश्चित गर्न भूमिका खेल्न सक्ने अवस्था रहेकोले यसलाई स्रोतसाधनसहित पर्याप्त बजेट उपलब्ध गराएमा यसको प्रभावकारिता देख्न सकिन्थ्यो ।

**वादी विकास समिति**:

पहाडे दलित समुदायमध्येको एक वादी समुदाय हो, जसलाई समाजमा अत्यन्त हेयको दृष्टिकोणले हेरिनुका साथै सबैभन्दा तल्लो तहमा राखिएको छ । परम्परागत रूपमा उनीहरूलको मुख्य पेशा अरूको मनोरञ्जन गर्ने र मागेर जीविका चलाउनु हो । यस्तो पेशा अपनाउँदा उनीहरूले घुमन्ते जीवन जिउनुपर्थ्यो, जसको फलस्वरूप उनीहरूले जग्गाजमीनको जोहो गर्न सकेनन् र अहिलेसम्म पनि अधिकांश वादीहरु भूमिहीन रहेका छन् । यति मात्र नभइकन धेरै समयसम्म वादी समुदायका महिलाहरु देहव्यापार गर्न समेत बाध्य थिए । यस्तो अन्यायपूर्ण जीवन जिउन बाध्य पारिएकाले उनीहरूले २०६३ साल श्रावण ३१ गतेदेखि असोज १५ गतेसम्म आन्दोलन गरे र सरकारले उनीहरूसँग तीन बुँदे सम्झौता गऱ्यो । त्यो तीन बुँदेमा वादीहरूको अवस्था पत्ता लगाउन पूर्वसभासद् विनोद पहाडीको संयोजकत्वमा कार्यदल बनाउने, वादीहरूलाई आमाकै नाउँबाट नागरिकता प्रदान गर्नेलगायतको

थियो । पछि विनोद पहाडी सभापति रहेको संसद्को महिला बालबालिका समितिले वादी बोर्ड गठन गर्ने निर्णय गर्‍यो र सोही अनुसार २०६९ साल बैशाख १५ गते वादी विकास बोर्ड गठन भयो । सरकारले यसलाई वार्षिक करीब १ करोड रूपैयाँको बजेट उपलब्ध गराउने गरेको छ । यो बोर्डको मुख्य उद्देश्य वादी समुदायको समग्र विकास गरी मूलप्रवाहमा ल्याउनु हो । यसले वादी समुदायलाई सुविधा कार्ड दिलाउनुका साथै नागरिकता प्राप्त गर्न र वादी आवास बनाउन पनि विशेष भूमिका गर्दै आएको छ ।

**राष्ट्रिय दलित आयोग**ः

राष्ट्रिय दलित आयोगलाई नेपालको दलित आन्दोलनले सबैभन्दा ठूलो उपलब्धिको रूपमा लिएको छ । यसको पृष्ठभूमिलाई केलाउने हो भने २०५७ साल आषाढमा पदमलाल विश्वकर्माको नेतृत्वमा भद्रकालीमा दलित अधिकारको लागि अनसनको कार्यक्रम भएको थियो, सो अनसनमा धेरै दलित अधिकारकर्मीहरूले भाग लिएका थिए । त्यतिबेला भद्रकाली मन्दिरको परिसर आन्दोलन गर्ने अत्यन्तै उर्वर ठाउँ थियो भन्दा अत्युक्ति नहोला । किनभने थोरै संख्यामा रहेका अनसनकारीहरूले पनि सिंहदरवारमा बस्नेहरूको ध्यानाकर्षण गर्थे । करीब तीन दिनको रिले अनसन बस्दा तत्कालीन प्रधानमन्त्री गीरिजाप्रसाद कोइरालाले आन्दोलनकारीहरूलाई वार्ताको लागि आफ्नो कार्यकक्षमा बोलाए र सबै माग पूरा गर्ने वाचा गरे । आन्दोलनकारीसँग सम्झौता गर्न तत्कालीन स्थानीय विकास राज्यमन्त्री सुरेश बहादुर मल्ललाई पठाए । आन्दोलनकारीले उठाएका विभिन्न मागमध्ये दलित आयोगको गठन पनि थियो । त्यो सम्झौता गीरिजाप्रसाद कोइरालासँग भए तापनि यसको कार्यान्वयन भने शेरबहादुर देउवाको पालामा आएर भयो । २०५८ साल श्रावण ३२ गते माओवादी जनयुद्ध उत्कर्षमा पुगेको बेलामा उनले १० बुँदे सुधारको कार्यक्रमको घोषणा गरे । त्यसमा भूमि सुधारलगायत राष्ट्रिय महिला आयोग र दलित आयोगको गठन गर्ने कुरा पनि परेको थियो । श्रावणमा गरेको घोषणा चैत्र ६ गते मात्र आएर कार्यान्वयन भएको थियो । यो प्रतिवेदन तयार गरून्जेल राष्ट्रिय दलित

आयोगको उमेर १४ वर्ष पुगिसकेको छ । दलित आयोगका उद्देश्य तथा रणनीतिहरु निम्न अनुसार छन्ः

**उद्देश्यहरूः**

जातीय आधारमा विद्यमान आर्थिक सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक, धार्मिक तथा साँस्कृतिक विभेदको पूर्ण अन्त्य गरी दलित समुदायलाई मानव विकासको दृष्टिले सशक्तीकरण गर्दै राज्यका हरेक अंग, तह र निकायमा समानुपातिक सहभागिता, समाजमा सम्मानपूर्ण जीवन यापनको वातावरणको विकास गर्ने ।

मानव विकास सूचकाङ्कमा नेपाली समाजका अन्य जाति समुदाय सरह दलित समुदायको जीवनस्तर बनाउदै समान हक/अधिकार, समान अवसर र सुविधाहरु उपभोग गर्न सक्ने वातावरण निर्माण गर्नु नै राष्ट्रिय दलित आयोगको उद्देश्य रहेको छ ।

**उद्देश्य प्राप्तिका लागि रणनीतिः**

शदियौं देखिको जातीय भेदभाव र छुवाछूत व्यवहार अन्त्यका लागि विद्यमान कानूनी व्यवस्थाहरूको संशोधन गर्ने ।

जातीय विभेद विरूद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्न राज्यलाई दवाव दिने । सबै किसिमका जातीय भेदभाव र छुवाछूत व्यवहारलाई पूर्ण अन्त्यका लागि जनस्तरमा सामाजिक चेतनामूलक कार्यक्रम चलाउने ।

आर्थिक क्षेत्रको विकासका लागि दलित समुदायको परम्परागत शीप व्यवसायलाई आधुनिकीकरण गरी राज्यद्वारा बजारको व्यवस्था गराउन राज्यका नीति निर्माणमा प्रभाव पार्ने ।

सबैका लागि शिक्षा भन्ने नारालाई दलितका लागि निःशुल्क र अनिवार्य शिक्षा नीति लागू गर्ने ।

बहुदलीय संसदीय शासन व्यवस्थामा शासन संचालनको मुख्य बागडोर राजनीतिक दलहरूको हातमा हुने भएकोले राजनीतिक दलहरु दलितमैत्री बनाउन नीतिगत भूमिका खेल्ने ।

राज्यका सबै अंग, तह र निकायमा दलित समुदायको समानुपातिक सहभागिताका लागि राज्यका सबै क्षेत्रमा कानूनी, राजनीतिक तथा सामाजिक (साँस्कृतिक) अभिमुखीकरण अभियान चलाउने ।

दलित समुदायको आर्थिक, शैक्षिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका लागि सरकारलाई नीति निर्माण तहमा परामर्श सहयोग पुऱ्याउने ।

माथिका उद्देश्य तथा रणनीतिहरु हेर्दा राष्ट्रिय दलित आयोगले दलित अधिकारको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । तर व्यवहारमा हेर्दा यसले खासै ठूलो भूमिका निर्वाह गर्न सकेको देखिदैन । दलित आयोग सँगसँगै गठन भएको राष्ट्रिय महिला आयोग कानूनसम्मत भइसक्यो र यसका पदाधिकारीहरूले ५ वर्षको पूरै अवधि पूरा गर्छन् । तर यसका पदाधिकारीको अवधि जम्मा २ वर्षको तोकिएको छ, सो अवधि स्थानीय विकासमन्त्री परिवर्तनसँगै परिवर्तन हुने गरेको त छैन, तर पनि एउटा संस्थाले प्रभावकारी काम गर्नको लागि २ वर्षको अवधि अत्यन्तै कम भएको मान्न सकिन्छ । संसारभरका मानव अधिकार आयोगहरु पेरिश सिद्धान्तअनुसार गठन हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता रही आएको छ । तर अधिकार, बजेट, पदाधिकारीहरूको योग्यताको आधारमा दलित आयोगको गठनमा पेरिश सिद्धान्तको पनि अनुशरण गरिएको छैन । कुनै बेला १६ जना कर्मचारी रहेको आयोगमा १७ जनासम्म आयुक्तहरु नियुक्त भएका थिए । जब कि प्रायजसो सबै आयोगहरूमा पाँचजनाभन्दा बढी आयुक्तहरु नेपालमै पनि छैनन् । अहिले मानबहादुर नेपालीको नेतृत्वमा भएको आयोगमा पनि १३ जना सदस्य रहेका छन् । एकातर्फ कानूनी हैसियत नदिनु, अर्कोतर्फ आवश्यक्ताभन्दा बढी आयुक्तहरूको नियुक्तिले गर्दा आयोग प्रभावहीन रहेको कुरा उसले सार्वजनिक गरेको कार्यसम्पादनका गतिविधिहरूले देखाउँछ ।

दलित आयोगले दलितका विरूद्ध भएका वा घटेका घटनाहरूको छानवीन कति गऱ्यो, त्यसमा पीडितलाई न्याय र पीडकलाई कति सजायँ दिलाउन सफल भयो, उसले सरकारलाई कारबाहीका लागि कति सिफारिश गऱ्यो भन्ने कुराको आधारमा उसको कार्यसम्पादनको मूल्यांकन गर्न सकिन्छ । गत वर्ष आयोगले छुवाछूत तथा हत्य सम्बन्धी पाँचवटा मुद्दाहरूको छानवीन गरेको देखिन्छ । यसले दलित नागरिक समाजसँग मिलेर एउटा अस्थायी संयन्त्र बनाएको छ र त्यो संयन्त्रले १४ वटा घटनाहरूको अनुगमन गरेको देखिन्छ । पाँचवटा घटनाहरूको कार्यवाहीलाई अगाडि बढाउँदा तीनवटा घटनामा मिलापत्र गराएको देखिन्छ, भने एउटा प्रक्रियामा गएको र अर्को हत्या सम्बन्धी घटनामा अभियुक्तलाई पुर्पक्षका लागि थुनामा पठाएको देखिन्छ ।

दलित आयोगले आफूलाई अझ सशक्त बनाउन निम्न कुराहरु खोजेको देखिन्छः

१. संवैधानिक मान्यता हुनुपर्ने,
२. साधनस्रोत सम्पन्न अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाको मापदण्डको आयोग हुनुपर्ने,
३. देशभित्र कम्तीमा पनि पाँच विकास क्षेत्रमा क्षेत्रीय कार्यालयको स्थापना हुनुपर्ने,
४. आयोगको स्वायत्तता र निष्पक्षताको लागि आयोगको आफ्नै कर्मचारीको व्यवस्था हुनुपर्ने,
५. राज्यको योजनागत विकासमा दलित समुदायका विषयहरूलाई प्रशस्त ठाउँ दिनुपर्ने,
६. अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार गरिनुपर्ने ।

माथिका कुराहरूलाई हेर्दा आयोगले संवैधानिक मान्याता पाउनु पर्ने कुरामा धेरै समयदेखि बहश भइरहेको छ र गएको संविधानसभाले यो कुरालाई सिद्धान्ततः स्वीकार पनि गरिसकेको छ । अहिलेको संविधानसभामा पनि त्यसका खासै विवाद भएको देखिदैन । बाँकी अन्य पाँचवटा बुँदाहरु पनि हुनुपर्ने कुराहरु नै

हुन् । तर यी सबै कुराहरू यसले कानूनी हैसियत प्राप्त गरेपछि र यसमा योग्य व्यक्तिहरूको प्रवेशपछि हुन सक्ने कुराहरू हुन् । माथि उल्लिखित चाहनाहरू हुँदाहुँदै पनि आयोगले निम्न समस्याहरू भोगिरहेको जनाएको छः

१. कमजोर कानूनी हैसियत,
२. अत्यन्तै न्यून साधनस्रोत र बजेट,
३. काठमाडौंमा मात्रै केन्द्रीत,
४. स्थायी कर्मचारीको अभाव,
५. सिफारिश कार्यान्वयन नहुने समस्या,
६. भएका दलितमैत्री ऐन, नियम र कानूनहरू सम्बन्धित निकायबाट प्रभावकारी ढँगबाट कार्यान्वयन नहुनु ।

राज्यले विभिन्न रोजगारी तथा शिक्षाको क्षेत्रमा लागू गरेको आरक्षणको सुविधा लिन दलित समुदायका विद्यार्थी तथा व्यक्तिहरूले जात खुल्ने प्रमाणपत्र पेश गर्नु पर्दछ र सो प्रमाणपत्र दलित आयोगले जारी गर्छ । त्यो प्रमाणपत्र लिन नेपालका दुर्गमदेखि सुगमका व्यक्तिहरू काठमाडौं आएर लिनुपर्दछ, जुन अत्यन्तै झन्झटिलो छ । अतः यस्तै सुविधाहरू जनताको नजिक पुऱ्याउन पनि दलित आयोगको इकाई सके जिल्ला तहमा, नसके कमसेकम क्षेत्रीय तहमा हुनुपर्ने आवश्यकता देखिएको छ ।

गएको संविधानसभामै छुवाछूत कसूर सजायँ ऐनको साथसाथै दलित आयोगको विधेयक पनि पुगेको थियो । संसद्मा टेबुल हुनुभन्दा पूर्व सत्तापक्षकै केही दलित सभासद्हरूकै बीचको मतभेदको कारणले त्यसो हुन सकेन । यसरी टेबल नहुँदा विधेयक बीचैमा तुहियो र अहिले कानून मन्त्रालयमा थन्किएर बसेको छ भन्ने सुन्नमा आएको छ । संवैधानिक आयोग बन्नुपर्ने हाम्रो माग त यथावत् छ । तर संविधान जारी हुने समय अन्योलमा रहेको अवस्थामा संसद्बाट ऐन बनेर दलित आयोग क्रियाशील भएमा यसको थप प्रभावकारिता बढ्ने थियो ।

**नेपाल प्रहरीः**

जनतासँग प्रत्यक्ष सरोकार राखी कानूनको कार्यान्वयन गर्ने महत्वपूर्ण निकाय प्रहरी हो । यसको प्रमुख भूमिका शान्ति सुरक्षा कायम गर्ने र प्रचलित ऐन कानूनलाई कार्यान्वयन गर्ने हो । तर सबै ऐन कानून यसले कार्यान्वयन गर्दैन, जुन कानून सरकार वादी छ, त्यसको कार्यान्वयन यसले गर्दछ । यसले दलितसँग सम्बन्धित छुवाछूतको मुद्दा २०६० साल आषाढसम्म गर्दैनथ्यो । किनभने पीडित आफैंले अदालतमा मुद्दा दायर गर्नु पर्दथ्यो । तर तत्कालीन सूर्यबहादुर थापाको पालामा आएको यो नियमले कुनै ठाउँमा छुवाछूतको घट्ना थाहा पाउनेबित्तिकै यसको उजूरी प्रहरीले लिएर उसैले यसको कार्यान्वयन गराउनु पर्ने भयो । तर छुवाछूतका घट्नाहरु छिमेकहरुका बीचमा घट्ने त्यसलाई सकेसम्म मिलापत्र गराउनु पर्छ भन्ने मान्यता बढी हावी भएको हुँदा प्रहरी निकायले यसलाई गम्भीरतापूर्वक लिएको देखिंदैन । यसो नहुनुमा अधिकांश प्रहरी चौकीमा दलित समुदायका प्रहरी नहुने र गैरदलित प्रहरीले छुवाछूतका समस्यालाई गम्भीरतापूर्वक नलिएको पाइएको छ ।

अतः यो खण्डमा प्रहरीले छुवाछूतको मुद्दालाई कसरी लिएको छ भन्ने विषयमा संक्षिप्त चर्चा गरिने छ ।

करीब दुई वर्ष पहिले २२ मंसिर २०७०मा दलित गैरसरकारी संस्था महासंघले नेपालको इतिहासमा सम्भवतः पहिलोपटक नेपाल प्रहरीका अत्यन्त वरिष्ठ प्रहरी अधिकृतहरु सम्मिलित एउटा कार्यक्रम गरेको थियो । त्यो कार्यक्रममा आईजीपी कुवेर सिंह राना, एआईजी, डीआईजीलगायत थुप्रै वरिष्ठ अधिकृतहरु सम्मिलित थिए । त्यो कार्यक्रममा डीआईजी प्रकाश अर्यालले कार्यपत्र प्रस्तुत गरेका थिए, सो कार्यपत्र पनि एउटा गैरदलित वरिष्ठ प्रहरी अधिकृतले बनाएको पहिलो हुनुपर्छ । त्यो कार्यपत्रमा विगत ८ वर्षमा अर्थात् सन् २००८ देखि २०१३ को अवधिमा जम्मा ४७ वटा मुद्दाहरु प्रहरीमा दर्ता भएको र पाँचवर्षमा दर्ता भएका ३८ वटा मुद्दाहरुमध्ये १० र ११ वटा सुदुर र मध्यपश्चिममा घटेको देखिन्छ । यसले छुवाछूत सम्बन्धी घटनाहरु नेपालका पूर्वी क्षेत्रमा भन्दा त्यहाँ बढी भएको पुष्टि हुन्छ ।

**जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी नेपालभर घटित अपराधको संख्यात्मक तालीकाः**

| सि.नं. | आ. व. | संख्या |
|---|---|---|
| १. | २०६२।०६३ | २ |
| २. | २०६३।०६४ | २ |
| ३. | २०६४।०६५ | ५ |
| ४. | ०६५।०६६ | ६ |
| ५. | २०६६।०६७ | ८ |
| ६. | २०६७।०६८ | ३ |
| ७. | २०६८।०६९ | १४ |
| ८. | २०६९।०७० चैत्रसम्म | ७ |

महिलाहिंसा सम्बन्धी भएका घटनाहरूमा दलित महिलासँग सम्बन्धित (जवरजस्ती करणी) घटनाहरू २९ वटा देखाइएको छ । तलको तालीकालाई हेर्ने हो भने मानव बेचबिखनको घटनामा सबैभन्दा पीडित जनजाति, क्षेत्री र दलित देखिन्छन् ।

**आ.व.२०६८/०६९मा महिला विरुद्ध हुने अपराधमा जातजातिको आधारमा पीडितको अवस्थाः**

| **अपराध** | **ब्राम्हण** | **क्षेत्री** | **जनजाति** | **दलित** | **मुस्लिम** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| ज. क. | २८ | ५२ | १२४ | २९ | २ | २३५ |
| मा. बे. | ९ | ३८ | ६६ | १४ | १ | १२८ |
| बहुविवाह | १५ | १७ | २६ | ६ | १ | ६५ |
| जम्मा | ५२ | १०७ | २१६ | ४९ | ४ | ४२८ |

नेपालमा दलितको जनसंख्या कूल जनसंख्याको १३ प्रतिशत सरकारी तथ्यांकले देखाउँछ र दलितहरूले छुवाछूतसँग सम्बन्धित विभेदहरु दिनहुँ जस्तो भोगिरहेका हुन्छन् । तर प्रहरीले सम्बोधन गरेका मुद्दाहरु त्यो पनि विगत आठ वर्षको अवधिमा जम्मा ४७ वटा मात्रै हुनु भनेको अत्यन्तै कम हो । यसो हुनुमा या पीडितहरु प्रहरी समक्ष पुग्दै पुग्दैनन्, यदि पुगे भने पनि धेरैजसो मिलापत्र गराउनेतर्फ प्रहरीहरु उन्मूख हुने गर्दछन् । त्यसकारण दलितहरूको मानव अधिकार रक्षा तथा प्रवर्द्धनमा नेपाल प्रहरीको धेरै उत्साहजनक भूमिका नभएको मान्न सकिन्छ ।

**महान्यायधिवक्ताको कार्यालय**:

२०६० सालभन्दा अगाडि दलितहरूले छुवाछूतको घटनाबाट पीडित हुनुपर्‍यो भने आफैँ प्रहरीलाई उजूरी गर्नुपर्थ्यो वा अदालतमा पीडकहरूको विरूद्धमा मुद्दा हाल्नुपर्थ्यो । तर २०६० सालमा सूर्यबहादुर थापा प्रधानमन्त्री भएको बेला छुवाछूतको मुद्दा सरकार वादी भयो । यसपछि छुवाछूतबाट कुनै दलित पीडित हुनुपर्‍यो भने प्रहरीले घटनाको बारेमा थाहा पाउनेबित्तिकै आफैँ अनुसन्धान गरी पीडकलाई कारबाहीका लागि पहल गर्नुपर्ने भयो । यो पनि दलितका विभिन्न मागहरूमध्ये एउटा माग थियो र सम्बोधन पनि भयो । तर सरकार वादी मुद्दा हुँदैमा सजिलै न्याय भने नपाइने देखियो । छुवाछूतको घटना घट्नेबित्तिकै धेरैजसो ठाउँमा दलितका गैरसरकारी संस्थाहरूको पहलमा वा कतै-कतै पीडितहरु स्वयंले अदालतमा मुद्दा दर्ता गराउँथे र त्यतिबेला निकै धेरै घटनाहरु अदालत पुगेका थिए । तर सरकार वादी मुद्दा भएपछि धेरै कम मुद्दा मात्र पुगेको देखिन्थ्यो । यसो हुनुमा प्रहरी र सरकारी वकिल, जो महान्यायधिवक्ताको कार्यालयको मातहतमा काम गर्छन्, सक्रिय तथा पर्याप्त भूमिका नहुनु हो भन्नुमा अत्युक्ति नहोला । दलित समुदायका अधिवक्ता तथा अनुसन्धानकर्ता भोजमान लाम्गादेले गरेको अध्ययनमा यस्तो कुरा प्रष्टसँग देख्न सकिन्छ ।

**महान्यायाधिवक्ताको कार्यालय तथा मातहतको कार्यालयहरूमा रहेको (छुवाछूत) मुद्दाहरूको विषयगत विवरण**[60]

**आर्थिक वर्ष २०६८–२०६९**

| | **जम्मा लगत** | **कसूर कायम** | **सफाई** | **अन्य** | **जम्मा** | **फस्यौंट हुन बाँकी** |
|---|---|---|---|---|---|---|
| जिल्ला अदालत | १९ | २ | ४ | ० | ६ | १३ |
| पुनरावेदन | ४ | १ | २ | ० | ३ | १ |
| सर्वोच्च | २ | ० | ० | ० | ० | २ |

माथिको तालीका हेर्दा दलितसँग सम्बन्धित मुद्दाहरू अदालतमा पुगेका निकै कम छन् र भएकामा पनि छिटोछरितो न्याय पाएको देखिदैन । जिल्ला अदालतमा १९वटा मुद्दा दर्ता भएकामा जम्मा दुईको मात्र सजायँ कायम भएको छ भने चारजनाले सफाई पाएका छन् । यसलाई आधार मान्दा १९ मध्ये दुई तिहाईले सफाई पाउने संभावना देखिन्छ । यस्तो हुनुमा प्रहरी र सरकारी वकिलको कार्यालयले मुद्दालाई कमजोर रूपमा प्रस्तुत गर्नु नै हो भन्न सकिन्छ । नेपालको निजामती क्षेत्रमा केही दलितहरूको प्रवेश हुनुका साथै उपस्थिति पनि देखिन्छ । तर नेपालको न्याय सेवामा दलितको उपस्थिति अत्यन्तै न्यून रहेको छ । एकजना पुनरावेदनका न्यायधिशबाहेक अन्य पदमा दलितको उपस्थिति देखिंदैन । सरकारी वकिल कुनै एकजना दलित भएको अहिलेसम्म जानकारीमा आएको छैन । अतः दलितको मुद्दा अदालतसम्म नपुग्नु र पुगे पनि धेरैले सफाई पाउनुमा यसले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको मान्न सकिन्छ ।

[60] महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन वर्ष २०६८/०६९ पेज नं.(ग) माहान्यायाधिवक्ताको कार्यालय रामशाह पथ, काठमाडौं ।

# नेपालमा मुस्लिम समुदायको अवस्था

- अधिवक्ता एम. डी. अली

**पृष्ठभूमिः**

हाम्रो मुलुक नेपाल चीन र भारतबीचमा पर्दछ । ती दुवै छिमेकी मुलुकहरू विकासमा निकै अगाडि बढिरहेका छन् । संसारको शक्तिशाली तथा विकसित मुलुकको रूपमा चीन दोस्रो स्थानमा रहेको छ भने दोस्रोबाट पहिलो कसरी हुने भनेर आफ्नो सम्पूर्ण शक्ति विकासमा केन्द्रीत गरेको छ । दक्षिणतर्फको हाम्रो छिमेकी मुलुक भारत पनि विकासको गतिमा निकै अगाडि बढिरहेको छ, जो संसारमा नयाँ शक्तिको रूपमा उदियमान भइरहेको छ । यी हाम्रा छिमेकी मुलुकहरू जो अहिले समग्र विकासमा तीब्र गतिमा अघि बढिरहेका छन् । तर हाम्रो मुलुक नेपालको विकास जुन गतिमा हुनुपर्ने हो, सो भइरहेको छैन । नेपालमा गरिबी, बेरोजगारी, अशान्ति, राजनीतिक अस्थिरता आदि बढिरहेको छ ।

समयको परिवर्तन अनुसार संसारले विकासमा गति लिइरहेको छ । त्यसमा पनि नेपालले केही हदसम्म त विकास नगरेको होइन, तर अन्य मुलुकको तुलनामा जसरी विकासको गति लिनुपर्ने हो, त्यसरी लिन सकिरहेको छैन, जसले गर्दा हिजोका पुस्ताले विकासको स्वाद चाख्न पाएनन् भने आजका हामीहरू विकासको अवसरबाट बन्चित भएका छौं भने भोलिका पुस्ताले हामीहरूलाई अयोग्य ठहर गर्ने छ ।

विकासका लागि हुनुपर्ने सम्पूर्ण आवश्यक चीजवस्तुहरू हाम्रो मुलुकमा नभएको होइन । संसारमै जलस्रोतमा हामी दोस्रो स्थानमा छौं । सर्वोच्च शिखर सगरमाथा हामीसँग छ । गौतम बुद्धको जन्मस्थल नेपालकै लम्बिनीमा रहेको छ । हिमाल, पहाड र तराई/मधेश रहेको विविध भौगोलिक, विविध धर्म

संस्कृति, जातजाति रहेको मनोरम मुलुक नेपाल र यहाँका सरल, मेहनती, नेपाली जनताहरू विकासको लागि सबै उपयुक्त नै रहेका छन् । तर पनि हामीले चाहे जस्तो, खोजे जस्तो विकास हुन सकिरहेको छैन । नेपालले विकासको गतिमा पाइला चाल्न नसक्नु राजनीतिक अस्थिरता हो वा इच्छा शक्तिको अभावले हो, छिट्टो नै पहिचान गरी अघि बढ्न जरूरी छ ।

**मुस्लिम समुदाय**ः

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार कूल जनसंख्याको ४.४ प्रतिशत अर्थात् १,१६४,२५५ रहेको छ । २०५८ सालमा ४.२७ प्रतिशत अर्थात् ९,७१०,५६६ रहेको थियो। यो १० वर्षको अवधिमा मुस्लिमहरूको जनसंख्या १९३,१९९ थप भएको देखाएको छ । मुस्लिम समुदायले धार्मिक आस्था अनुसार परिवार नियोजन गर्ने अवस्था नभएकोले १० वर्षको अवधिमा यति मात्र थप हुनु आफैंमा अविश्वसनीय रहेको समुदायको भनाई रहेको छ ।

कूल जनसंख्यामध्ये महिलाको संख्या ५७९,५०१ रहेको छ भने पुरूषको संख्या ५८४,७५४ रहेको देखिन्छ । पुरूषभन्दा महिलाको संख्या ५,२५३ कम रहेको छ । नेपालको ७५ वटै जिल्लामा यो समुदायको बसोवास रहेको छ । मुस्लिम समुदायको बसोवास तराई मधेशमा १,१०७,४५२ रहेको छ भने पहाडमा ५६,३३९ रहेको छ र अत्यन्त न्यून ४६४ हिमालमा बसोवास रहेको तथ्याङ्कले देखाएको छ । सबैभन्दा बढी रौतहटमा र त्यसैगरी कपिलवस्तु, बाँके आदि जिल्लाहरूमा रहेको छ । त्यसैगरी बारा, पर्सा, नवलपरासी सुनसरी आदि जिल्लाहरू पनि घनामुस्लिम आवादि भएका जिल्लाहरू हुन् ।

Poverty trends in Nepal 2003/4 and Human Development Report 1996, 2001 का अनुसार पनि मुस्लिम समुदाय ४१.३ प्रतिशत गरिबीको रेखामुनी, ५२.२ स्वास्थ्य आयु, २२.१० युवा साक्षरता १.३६, ०.१७ शिक्षा र प्रतिव्यक्ति आय ६३३६ मात्र देखिएको छ । यो तथ्याङ्क पुरानो भए पनि सोपश्चात् पनि

मुस्लिम समुदायको हरेक क्षेत्रमा खासै प्रगति हुन सकिरहेको छैन । मुस्लिम समुदाय पछाडि पर्नुको प्रमुख कारण भनेको सबै क्षेत्रमा पहुँचको अभाव नै हो ।

नेपालको पहिलो संविधानसभामा कूल सदस्य संख्यामा १७ मुस्लिम सभासद्हरु रहेका थिए । अहिलेको दोस्रो संविधानसभामा प्रत्यक्ष र समानुपातिकमा १९ जना सभासद्हरु रहेका छन् ।

नेपालका प्रमुख राजनीतिक दलहरुमध्ये नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिमा २ जना, नेकपा (एमाले)को केन्द्रीय समितिमा ३ जना, नेकपा (एमाओवादी)को केन्द्रीय समितिमा १ जना मुस्लिम समुदायको सहभागिता रहेको छ । न्यायपालिकातर्फ पुनरावेदन अदालतमा ३ जना, जिल्ला अदालतमा १ जना, कार्यपालिका अन्तर्गत प्रथम श्रेणीमा ३ जना, राष्ट्रिय मानव अधिकार आयोगको सदस्यमा १ जना, महिला आयोगको अध्यक्षमा पनि मुस्लिम सहभागिता रहेको छ । मुस्लिम आयोग छ, तर संवैधानिक बन्न सकेको छैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को राज्यको निर्देशक सिद्धान्त अन्तर्गत मुस्लिम भन्ने शब्द मात्र राखेको छ । यो समुदायको विकासका लागि राज्यले खासै कुनै कार्यक्रम ल्याएको छैन ।

# अनुसूचीहरु

## अनुसूची १: जात, जाति र लैङ्गिक आधारमा जनसंख्या (राष्ट्रिय जनगणना, २०११)

| क्रसं | जात जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| | जम्मा | १३,६४५,४६३ (५१.५०) | १२,८४९,०४१ (४८.५०) | २६,४९४,५०४(१००.००) |
| १ | बाहुन/ब्राह्मण (पहाडी) | | | ३,२२६,९०३(१२.१७) |
| २ | क्षेत्री | | | ४,३९८,०५३(१६.५९) |
| ३ | सन्यासी दशनामी | | | २२७,८२२(०.८५) |
| ४ | ठकुरी | | | ४२५,६२३(१.६०) |
| ५ | पहाडी दलित | | | २,१५१,६२६(८.१२) |
| ६ | मधेशी दलित | | | १,१८१,४९५(४.४५) |
| ७ | अन्य दलित | | | १५५,३५४(०.५८) |
| ८ | मधेशी | | | ३,९१६,२३५(१४.७८) |
| ९ | तराईका अन्य | | | १०३,८११(३.९१) |
| १० | मुस्लिम | | | १,१६४,२५५(४.३९) |
| ११ | विदेशी | | | ६,६५१(०.०२) |
| १२ | बंगाली | | | २६,५८२(०.१०) |
| १३ | पंजाबी/शिख | | | ७,१७६(०.०२) |
| १४ | पहिचान नभएका अन्य | | | १५,२७७(०.०५) |
| १५ | आदिवासी जनजाति | ४,९४७,९१६(१८.६७) | ४,५३९,७२५(१७.१३) | ९,४८७,६४१(३५.८०) |
| १५.१ | मगर | १,०१३,३१७(३.८२) | ८७४,४१६(३.३०) | १,८८७,७३३(७.१२) |
| १५.२ | थारू | ८८४,५०१(३.३३) | ८५२,९६९(३.२२) | १,७३७,४७०(६.५५) |
| १५.३ | तामाङ | ७९४,९६२(३.००) | ७४४,८६८(२.८१) | १,५३९,८३०(५.८१) |
| १५.४ | नेवार | ६७९,५८१(२.५६) | ६४२,३५२(२.४२) | १,३२१,९३३(४.९८) |
| १५.५ | राई | ३२६,०९७(१.२३) | २९३,९०७(१.११) | ६२०,००४(२.३४ |
| १५.६ | गुरूङ | २८३,७८०(१.०७) | २३८,८६१(०.९०) | ५२२,६४१(१.९७) |
| १५.७ | लिम्बू | २०६,७९६(०.७८) | १८०,५०४(०.६८) | ३८७,३००(१.४६) |
| १५.८ | धानुक | १०९,४३७(०.४१) | ११०,३७१(०.४१) | २१९,८०८(०.८२) |
| १५.९ | शेर्पा | ५८,५२२(०.२२) | ५४,४२४(०.२०) | ११२,९४६(०.४२) |
| १५.१० | भुजेल | ६२,४८६(०.२३) | ५६,१६४(०.२१) | ११८,६५०(०.४४) |
| १५.११ | कुमाल | ६३,६७१(०.२४) | ५७,५२५(०.२१) | १२१,१९६(०.४५) |
| १५.१२ | राजवंशी | ५८,८३१(०.२२) | ५६,४११(०.२१) | ११५,२४२(०.४३) |
| १५.१३ | सुनुवार | २८,९५४(०.११) | २६,७५८(०.१०) | ५५,७१२(०.२१) |
| १५.१४ | माझी | ४३,००५(०.१६) | ४०,७२२(०.१५) | ८३,७२७(०.३१) |
| १५.१५ | दनुवार | ४४,१२९(०.१६) | ३९,९८६(०.५१) | ८४,११५(०.३१) |

| | | | | |
|---|---|---|---|---|
| १५.१६ | चेपाङ | ३३,७७९(०.१२) | ३४,६२०(०.१३) | ६८,३९९(०.२५) |
| १५.१७ | सत्तार/सन्थाल | २६,१९५(०.१०) | २५,५४०(०.०९) | ५१,७३५(०.१९) |
| १५.१८ | झांगड/धाङ्गर | १९,३०१(०.०७) | १८,१२३(०.०७) | ३७,४२४(०.१४) |
| १५.१९ | गनगाई | १८,६०३(०.०७) | १८,३८५(०.०६) | ३६,९८८(०.१३) |
| १५.२० | थामी | १४,७५८(०.०५) | १३,९१३(०.०५) | २८,६७१(०.१०) |
| १५.२१ | धिमाल | १४,१८४(०.०५) | १२,११४(०.०४) | २६,२९८(०.०९ |
| १५.२२ | भोटे | ७,०४७(०.०३) | ६,३५०(०.०२) | १३,३९७(०.०५) |
| १५.२३ | याक्खा | १२,८९६(०.०५) | ११,४४०(०.०४) | २४,३३६(०.०९) |
| १५.२४ | दराई | ८,९५३(०.०३) | ७,८३६(०.०३) | १६,७८९(०.०६) |
| १५.२५ | ताजपुरीया | ९,९२१(०.०४) | ९,२९२(०.०३) | १९,२१३(०.०७) |
| १५.२६ | थकाली | ७,०५८(०.०२) | ६,१५७(०.०२) | १३,२१५(०.०४) |
| १५.२७ | पहरी | ६,९४५(०.०३) | ६,६७०(०.०२) | १३,६१५(०.०५) |
| १५.२८ | छन्त्याल | ६,५६५(०.०२) | ५,२४५(०.०२) | ११,८१०(०.०४) |
| १५.२९ | बोटे | ५,३७८(०.०२) | ५,०१९(०.०१) | १०,३९७(०.०३) |
| १५.३० | बरामो | ४,४५९(०.०२) | ३,६८१(०.०१) | ८,१४०(०.०३) |
| १५.३१ | जिरेल | ३,००४(०.०१) | २,७७०(०.०१) | ५,७७४(०.०२) |
| १५.३२ | दुरा | २,९८४(०.०१) | २,४१०(०.०१) | ५,३९४(०.०२) |
| १५.३३ | मेचे | २,६०२(०.०१) | २,२६५(०.००) | ४,८६७(०.०१) |
| १५.३४ | लाप्चा | १,६९६(०.००) | १,७४९(०.००) | ३,४४५(०.००) |
| १५.३५ | किसान | ९०८(०.०१) | ८३१(०.०१) | १,७३९(०.००) |
| १५.३६ | राजी | २,१९१(०.०१) | २,०४४(०.००) | ४,२३५(०.०१) |
| १५.३७ | ब्यासी/सौका | १,९९१(०.०१) | १,९०४(०.००) | ३,८९५(०.०१) |
| १५.३८ | हायु | १,५२४(०.००) | १,४०१(०.००) | २,९२५(०.०१) |
| १५.३९ | कोचे | ८१२(०.००) | ८२३(०.००) | १,६३५(०.००) |
| १५.४० | वालुङ | ६०८(०.००) | ६४१(०.००) | १,२४९(०.००) |
| १५.४१ | मुण्डा | १,२८६(०.००) | १,०६४(०.००) | २,३५०(०.००) |
| १५.४२ | राउटे | २९८(०.००) | ३२०(०.००) | ६१८(०.००) |
| १५.४३ | ह्योल्मो | ५,६३७(०.०२) | ५,११५(०.०२) | १०,७५२(०.०४) |
| १५.४४ | कुशवाडीया | १,५९५(०.००) | १,५८७(०.००) | ३,१८२(०.०१) |
| १५.४५ | कुसुण्डा | १५०(०.००) | १२३(०.००) | २७३(०.००) |
| १५.४६ | ल्होमी | ८८८(०.००) | ७२६(०.००) | १,६१४(०.००) |
| १५.४७ | कुलुङ | १४,७२६(०.०५) | १३,८८७(०.०५) | २८,६१३(०.१०) |
| १५.४८ | घले | १२,३५६(०.०४) | १०,५२५(०.०४) | २२,८८१(०.०८) |
| १५.४९ | खवास | ९,६८६(०.०३) | ८,८२७(०.०३) | १८,५१३(०.०६) |
| १५.५० | नाछिरिङ | ३,६३०(०.०१) | ३,५२४(०.०१) | ७,१५४(०.०२) |
| १५.५१ | याम्फू | ३,६०५(०.०१) | ३,३२८(०.०१) | ६,९३३(०.०२) |
| १५.५२ | चामलिङ | ३,५९०(०.०१) | ३,०७८(०.०१) | ६,६६८(०.०२) |
| १५.५३ | आठपहरीया | ३,२९०(०.०१) | २,६८७(०.०१) | ५,९७७(०.०२) |
| १५.५४ | बान्तवा | २,४४१(०.००) | २,१६३(०.००) | ४,६०४(०.०१) |

| | | | | |
|---|---|---|---|---|
| १५.५५ | डोल्पो | २,१३९(०.००) | १,९६८(०.००) | ४,६०७(०.०१) |
| १५.५६ | थुलुङ | १,७८७(०.०१) | १,७४८(०.०१) | ३,५३५(०.०२) |
| १५.५७ | मेवाहाङ बाला | १,६२६(०.००) | १,४७४(०.००) | ३,१००(०.०१) |
| १५.५८ | बाहिङ | १,६५२(०.००) | १,४४४(०.००) | ३,०९६(०.०१) |
| १५.५९ | ल्होपा | १,३३८(०.००) | १,२८६(०.००) | २,६२४(०.००) |
| १५.६० | सामपाङ | ९०१(०.००) | ७८०(०.००) | १,६८१(०.००) |
| १५.६१ | खालिङ | ८५१(०.००) | ७२०(०.००) | १,५७१(०.००) |
| १५.६२ | तेक्पेगोला | ७९६(०.००) | ७२७(०.००) | १,५२३(०.००) |
| १५.६३ | लोहोरूङ | ५८७(०.००) | ५६६(०.००) | १,१५३(०.००) |
| १५.६४ | अन्य जनजातिहरु | ६३०(०.००) | ५९८(०.००१) | १,२२८(०.००) |

स्रोतः जात, जाति र लैङ्गिक आधारमा जनसंख्या (जनगणना २०११) । केन्द्रीय तथ्याङ्क विभागको तालीका २० मा आधारित (केन्द्रीय तथ्याङ्क विभाग २०१२ः १४४-१६३) । टिप्पणीः आदिवासी जनजाति, महिला, पुरूष र जम्माका प्रतिशत राउण्डीङ गर्दाको कारणले १०० प्रतिशत नपुगेको ।

**अनुसूची २: नेपाल सरकार र आदिवासीका विभिन्न संघ, संगठनसँग भएका सहमतिहरू:**

**नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालबीच भएको सहमति**

२०६३ चैत्र, बैशाखमा २ पटक, ज्येष्ठमा ३ पटक, आषाढमा १ पटक र श्रावणमा ३ पटक गरी विभिन्न चरणमा भएका छलफल बमोजिम २०६४ श्रावण २२ गते सम्पन्न सहमति

१. संविधानसभाको निर्वाचनका लागि वर्तमान संविधानमा भएको व्यवस्था अन्तर्गत "पहिलो हुने निर्वाचित हुने" प्रणालीमा दलहरूले उम्मेदवारी दिंदा सबै जाति-जनजातिको समानुपातिक समावेशी हुने कुरालाई ध्यानमा राखी उम्मेदवारी तय गरिनेछ ।

२. राजनीतिक दलहरूले समानुपातिक सूची तयार गर्दा निर्वाचनमा सहभागी हुने सबै दलहरु मिलेर सूचीकृत आदिवासी जनजातिका प्रत्येक समुदायबाट प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।

३. दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका सूचीकृत आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गराउने सम्बन्धमा संवैधानिक वा कानूनी सुनिश्चितता कसरी गर्ने भन्ने विषयमा नेपाल सरकारले आठ राजनीतिक दलमा सहमति गरी निष्कर्ष निकालिने छ ।

४. नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरि राखी जाति, भाषा, भौगोलिक क्षेत्र तथा आर्थिक आधार र साँस्कृतिक विशेषता समेतका आधारमा राज्यको संघीय संरचना सम्बन्धी सुझाव अब बन्ने संविधानसभा समक्ष प्रस्तुत गर्ने एक राज्य पुनर्संरचना आयोग तत्कालै गठन गरिनेछ । सो आयोगमा आदिवासी जनजाति, मधेशी, दलित, महिला लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका विशिष्ट विशेषज्ञहरु रहनेछन् ।

५. आदिवासी जनजाति आयोग गठन गर्ने ।

६. नेपाली भाषालाई मात्रै सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गरिएकोमा नेपाली भाषा र स्थानीय स्तरमा बोलिने मातृभाषालाई समेत मान्यता प्रदान गरिने व्यवस्था संविधानसभाबाट गरिनेछ । नागरिकहरूको भाषिक अधिकारलाई सुनिश्चित तुल्याउने दिशामा सरकारी प्रतिबद्धता कायमै गरिनेछ ।

७. संविधानसभा लगायतका सार्वजनिक महत्त्वका विषयहरूमा जानकारी माग्ने र तत्सम्बन्धी सूचना र जानकारी प्राप्त गर्ने नागरिकहरूको अधिकारको संरक्षण र सम्मान गर्दै यस सम्बन्धी सूचना र जानकारीहरु सर्वसाधारण जनताले आ-आफ्नो मातृभाषामा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

८. राजनीतिक दलहरूका सबै तहमा सबै वर्ग, लिङ्ग, समुदाय र जातजातिको प्रतिनिधित्व हुनुपर्नेमा नेपाल सरकारको सिद्धान्ततः सहमति रहेको छ । राज्यका सबै अङ्ग र तहमा सबै जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रको समावेशी, सहभागिता र समानुपातिक प्रतिनिधित्वका लागि सबैको प्रतिनिधित्व रहेको एक कार्यदल तत्काले गठन गरी अध्ययन गर्न लगाइने छ ।

९. राज्य सञ्चालनका सबै अङ्ग र तहहरूमा आदिवासी जनजातिहरु लगायतका सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायको समावेशी-समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कानूनी एवं नीतिगत तहमा व्यक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्न सबै क्षेत्रबाट पहल गर्दै लगिनेछ ।

१०. आदिवासी जनजाति लगायत विभिन्न वर्ग क्षेत्र, लिङ्ग र समुदायहरूको सरोकारका विषयहरूमा महत्वपूर्ण निर्णय लिंदा सम्बन्धित पक्ष र निकायहरूको सल्लाह र परामर्श लिने व्यवस्थालाई विकसित गर्दै लगिनेछ ।

११. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को अनुमोदन गर्ने प्रस्तावलाई अविलम्ब पारित गराइने व्यवस्था मिलाइनेछ ।

१२. आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय घोषणापत्रलाई अनुमोदन गर्ने सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया पूरा गरी अविलम्ब उपयुक्त कदम चालिनेछ ।

१३. आदिवासी जनजाति सम्बन्धी जिल्ला समन्वय समिति गठन गर्ने सिलसिलामा लोकतान्त्रिक एवं पारदर्शी प्रक्रियाको अवलम्बन गरिनेछ । साथै यस प्रक्रियामा आदिवासी जनजाति महासंघ र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संलग्नतालाई उच्च महत्व दिइनेछ ।

१४. अन्तरिम योजना लगायतका विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहीकरणको मर्म र भावनालाई आत्मसात गर्दै कार्यक्रमको कार्यान्वयन तथा लाभको बाँडफाँडमा महिला विविधतालाई दृष्टिगत गरी आदिवासी जनजाति, दलित र मधेशी महिलाहरूको समेत समान सहभागितामा जोड दिइनेछ ।

१५. जैविक विविधता सम्बन्धी महासन्धिको पक्ष राष्ट्रको हैसियतले आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, शीप, अभ्यास र प्रविधिको उपयोग र संरक्षणमा राज्यले विशेष ध्यान दिनेछ ।

१६. वरिष्ठ भूगोलविद् डा. हर्क गुरूङलाई राष्ट्रले विशेष सम्मान प्रदान गर्नेछ ।

१७. ताप्लेजुङको घुन्सामा भएको हेलिकोप्टर दुर्घटनामा परी दिवंगत भएका सबै नेपालीहरूलाई राहतस्वरूप प्रति परिवार रू.१० लाख क्षतिपूर्ति दिने व्यवस्था मिलाउने ।

१८. मूक्त कमैयाहरूको समस्यालाई स्थायी तवरले समाधान गर्न नेपाल सरकारले शुरू गरेको प्रक्रियालाई सम्झौता अनुसार प्रभावकारी रूपमा अगाडि बढाउने ।

१९. मधेशी, महिला, दलितलगायतका विभिन्न वर्ग र समुदायहरूबाट उठाइएका मागहरूलाई सम्बन्धित पक्षहरूसँग सम्वाद र छलफल गरी समाधान गर्ने सन्दर्भमा सरकारले गम्भीरतपूर्वक पहल गरी सहमति कायम गराउने ।

२०. देशभरिका सम्पूर्ण आदिवासी जनजाति समुदायहरूलाई आगामी संविधानसभा निर्वाचन सफल पार्न एकजुट हुन नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ हार्दिक आह्वान गर्दछ ।

.............................................

डा. ओम गुरूङ
संयोजक
नेपाल आदिवासी जनजाति महासंघ

.............................................

रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ता टोली

.......................

के. बी. गुरूङ
संयोजक
आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपाल

मितिः २०६४/०४/२२

**सम्माननीय प्रधानमन्त्री एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको समुपस्थितिमा सरकारी वार्ता टोली र आदिवासी जनजाति संयुक्त संघर्ष समिति नेपालको वार्ता टोलीबीच भएको सहमतिः**

मिति २०६९ ज्येष्ठ ९ गते भएको सहमति

**संविधानसभासँग सम्बन्धित निम्न विषयहरूलाई नेपाल सरकारद्वारा संविधानसभामा प्रवेश गराउने प्रतिबद्धता गरिएको छ**

१. नेपालको अन्तरिम संविधान, २०६३ धारा (१) (क)को व्यवस्था, संविधानसभा, राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति र प्रमुख दलका नेताहरूको सहमतिमा गठित राज्य पुनर्संचना उच्चस्तरीय सुझाव आयोगद्वारा निर्धारित आधार, सिद्धान्त र मापदण्ड एवं विभिन्न आदिवासी जनजाति संघ संस्था तथा दलसँग विभिन्न समयमा राज्य पक्षद्वारा गरिएको सम्झौताअनुसार जातीय पहिचानको आधारमा संघीयतासहितको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी २०६९ जेठ १४ भित्र नेपालको नयाँ संविधान जारी गराउने ।

२. नयाँ संविधानमा समानुपातिक र समावेशी निर्वाचन प्रणाली अवलम्बन गरी समानुपातिकतर्फ न्यूनतम् ६० र प्रत्यक्षतर्फ ४० प्रतिशत व्यवस्था गर्ने ।

३. राज्यको हरेक अङ्ग र तहमा जाति समुदाय, लैङ्गिक, जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्वको नयाँ संविधानमा सुनिश्चित गराउने । सीमान्तकृत, अतिसीमान्तकृत तथा अल्पसंख्यक समुदायको हकमा अनिवार्य प्रतिनिधित्वको विशेष व्यवस्था गर्ने ।

४. नेपालको समार्वभौमसत्ता, राष्ट्रिय एकता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानलाई आत्मसात् गर्दै आत्मनिर्णयको अधिकार, अग्राधिकार, स्वशासन र स्वायत्ततासहितको प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र एवं विशेष क्षेत्र कायम गर्ने ।

**सरकारसँग सम्बन्धित विषयहरूः**

५. आदिसवासी जनजातिको आन्दोलनको भावनालाई सम्मान गर्दै यस क्रममा गिरफ्तार सबैलाई बिना शर्त तुरुन्त रिहा गर्ने एवं लगाइएका मुद्दाहरु खारेज गर्ने र आन्दोलनको क्रममा घाइते सबैको सरकारले निःशुल्क उपचार गर्नेछ ।

६. आन्दोलनका क्रममा भएका थारू संग्राहलय लगायतका क्षतिको स्थानीय प्रशासनबाट लगत लिई पीडित पक्षको सहमतिमा क्षति भए अनुसार आर्थिक सहायता नेपाल सरकारले उपलब्ध गराउने ।

७. आदिवासी जनजाति संघसंस्था एवं दलहरूसँग हालसम्म भएका सहमतिहरु एवं पूर्व निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

८. ब्राम्हण, क्षेत्री र दशनामीलाई आसिवासीको मान्यता दिने सम्बन्धमा आदिवासी जनजातिको विरोधप्रति सरकारको ध्यानाकार्षण भएको छ ।

९. आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालले आव्हान गरेको २०६९ जेठ १० गतेसम्मको देशव्यापी आमहडताल (नेपाल बन्द) कार्यक्रम फिर्ता लिने ।

## सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच भएको सहमतिः

### मिति २०६४।११।१८ मा सम्पन्न भएको सहमति

देशमा हाल चलिरहेको लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरूहट, दलित, महिलालगायतका जनताहरूको आन्दोलनको भावनालाई हृदयङ्गम गर्दै मुलुकमा २३९ वर्षदेखि आदिवासी जनजाति, मधेशी, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदायसमेतका जनताका भावनाविपरीत सामन्तवादी केन्द्रीकृत राज्यका कारण उत्पन्न विभेदका सबै रूपहरूलाई अन्त्य गर्दै समानुपातिक, समावेशी लोकतन्त्र तथा स्वशासित स्वायत्त गणराज्यसहितको संघीय शासनप्रणाली अनुसार राज्यलाई नयाँ संरचना गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना गरी आदिवासी जनजाति, मधेशी, दलित, महिलालगायत सम्पूर्ण नेपाली जनतालाई राष्ट्रिय मूलप्रवाहमा समाहित गरी शान्त, सम्वृद्ध, आधुनिक नयाँ नेपाल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु निम्न लिखित सहमतिमा पुगेका छौं ।

१. लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरूहट, दलित आदि जनताको आन्दोलनमा शहादत प्राप्त शहीदहरूलाई सम्मानका साथ शहीद घोषणा गरी आश्रित परिवारलाई रू.१०,००,०००/- (दश लाख)का दरले राहत प्रदान गर्ने, घाइते आन्दोलनकारीहरूलाई उपचार गर्ने र नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरु खारेज गरी बन्दीहरूलाई तत्काल रिहाई गर्ने । आन्दोलनमा शहादत प्राप्त शहीद र घाइतेहरूको पहिचान गर्न सरकार र आन्दोलनरत दुवै पक्षको सहभागितामा तत्काल एक कार्यदल निर्माण गरी कार्य गर्ने ।

२. संविधानसभाको माध्यमले राजतन्त्रको समूल अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गर्ने र यसको कार्यान्वयनका लागि सात दल प्रतिबद्ध रहनेछन् ।

३. २३९ वर्षदेखिको केन्द्रीकृत तथा एकात्मक शासन प्रणाली वा राज्य व्यवस्थालाई अन्त्य गरी राज्यको नयाँ संरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरूहटलगायतका आदिवासी जनजाति, दलित, पीछडिएका वर्ग र जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा, भौगोलिक क्षेत्र र आर्थिक स्रोत तथा सम्भाव्यताका आधारमा वैज्ञानिक स्वशासनयुक्त स्वायत्त गणराज्यसहितको संघीय शासन प्रणालीको संविधानसभाबाट संवैधानिक व्यवस्था गरिनेछ । यसलाई सुनिश्चितता प्रदान गर्न सबै वर्ग र जातिका जनताको आत्मसम्मानको रक्षा गरिने छ । स्वायत्त गणराज्यहरूको संरचना, केन्द्र र प्रदेशको सूचीहरूको पूर्ण विवरण एवं अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरे बमोजिम हुनेछ । राज्यको नयाँ संरचनाको सम्बन्धमा गठन हुन गइरहेको पुनःसंरचना आयोगमा यो सम्झौता कार्यान्वयनको लागि पठाइने छ ।

४. आदिवासी जनजाति, तराईका मूलवासी, दलित, पिछडावर्ग र अल्पसंख्यक मुसलमान र महिला आदिलाई राज्यका सम्पूर्ण अंगमा समावेशी समानुपातिक सहभागी गराउने व्यवस्था गरिनेछ ।

५. २०६४ चैत्र २८ गतेको संविधानसभाको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा नेपालद्वारा आह्वान गरिएको आम हडताललगायतका बन्दका सबै कार्यक्रम फिर्ता लिई यस मोर्चामा सहभागी सबै राजनीतिक घटकले संविधानसभाको निर्वाचन सहज वातावरणमा गराउन सहयोग गर्नेछन् ।

संघीय गणतान्त्रिक राष्ट्रिय
मोर्चा नेपालको तर्फबाट

..............................
श्री डि. के. बुद्धिष्ट
अध्यक्ष म. स., संघीय लोकतान्त्रिक राष्ट्रिय मंच

..............................
श्री कुमार लिङदेन मिराक
अध्यक्ष, संघीय लिम्बुवान राज्य परिषद्

..............................
श्री लक्ष्मण थारू
अध्यक्ष, संयुक्त थारू राष्ट्रिय मोर्चा, नेपाल

..............................
श्री विसेन्द्र पासवान
अध्यक्ष, दलित जनजाति पार्टी

..............................
श्री सिङमान तामाङ
उपाध्यक्ष, तामाङसालिङ स्वायत्त राज्य परिषद

सात दल सम्मिलित सरकारी वार्ता
समितिको तर्फबाट

..............................
श्री रामचन्द्र पौडेल
संयोजक

..............................
श्री शंकर पोखरेल
सदस्य

..............................
श्री देवप्रसाद गुरूङ
सदस्य

..............................
श्री घनश्याम शर्मा पौडेल
सदस्य

..............................
श्री सुनिल प्रजापति
सदस्य (अनुपस्थित)

..............................
केशव नेपाल
सदस्य

**सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषद्बीच भएको सहमतिः**

## मिति २०६४/१२/६ मा सम्पन्न भएको सहमति

नेपालमा कायम रहेको सामन्ती, केन्द्रीकृत शासन सत्ता र एकात्मक राज्य संरचनाले लिम्बुवानवासी जनतालाई राज्यको मूलधारबाट पाखा लगाई शोषण, उत्पीडन गरेको र त्यसका विरूद्ध आफ्नो असन्तुष्टि जाहेर गर्दै आएको र ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को मर्म र भावनालाई सम्बोधन गर्नेगरी राज्यको पुनःसंरचना गर्ने भनिएकोमा सोही भावनालाई आत्मसात् गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, जातीय पहिचानसहितको अधिकार र स्वायत्तताको लागि ऐतिहासिक पृष्ठभूमिका आधारमा आत्मनिर्णयको अधिकारसहितको लिम्बुवान स्वायत्त राज्यको माग राखी आन्दोलन गर्दै आएको सन्दर्भमा राज्यलाई पुनःसंरचना गर्दा लिम्बुवानलगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित गरी शान्त, सम्वृद्ध र आधुनिक नयाँ नेपाल बनाउने प्रतिबद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु निम्न लिखित सहमतिमा पुगेका छौं ।

१. लिम्बुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण्ण राख्दै संविधानसभाबाट वर्तमान नेपालको राज्य पुनःसंरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्रलगायतका आधारमा स्वायत्त राज्यहरूको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्बन गरिनेछ ।

२. लिम्बुवानवासी जनताले गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गरेका स्व. राजकुमार आङदेम्बे (माङ्तोक)लाई शहीदको रूपमा सम्मान गर्दै निजको परिवारलाई रू. दश लाख क्षतिपूर्ति उपलब्ध गराइनेछ र सो क्रममा भएको क्षतिको क्षतिपूर्ति र घाइतेको उपचार गराउने व्यवस्था सरकारले गर्नेछ साथै आन्दोलनकारी माथि लगाइएका मुद्दा सरकारले तुरून्त फिर्ता लिनेछ ।

३. राज्य पुनःसरंचना आयोग निर्माण गर्दा संघीय लिम्बुवान राज्य परिषदको प्रतिनिधित्व गराइनेछ ।

४. माथिका बुँदाहरूमा भएका सहमतिलाई मन्त्रिपरिषद्बाट अनुमोदन गराई सार्वजनिक गरिनेछ ।

५. आज भएको दुई पक्षबीचको सहमतिपश्चात् संघीय लिम्बुवान राज्य परिषदद्वारा संचालन गरिएका आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगन गरी संविधानसभाको निर्वाचन सहज वातावरणमा सम्पन्न गराउन सहयोग गरिनेछ ।

संघीय लिम्बुवान राज्य
परिषदका तर्फबाट

....................................
श्री सञ्जुहाङ पालुङ्वा
अध्यक्ष तथा वार्ता टोली संयोजक

सात दल सम्मिलित सरकारी
वार्ता समितिको तर्फबाट

....................................
श्री रामचन्द्र पौडेल
संयोजक

**शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू र संघीय लिम्बुवान राज्य परिषद्बीच भएको सहमतिः**

मिति २०६८/७/३० मा सम्पन्न भएको सहमति

१. मिति २०६४/१२/६ मा नेपाल सरकारद्वारा गठित सरकारी वार्ता टोली र संघीय लिम्बुवान राज्य परिषद् संस्थापन पक्षबीच भएको सहमतिको बुँदा नं. १ र ३ लाई सम्बोधन गर्न स्मरणार्थ सम्बन्धित निकायहरूमा पुनः अनुरोध गरी पठाउने ।

२. आन्दोलनका क्रममा घाइते भएका ताप्लेजुङ्ग जिल्ला लिङ्तेप गा.वि.स निवासी विद्यार्थी मानबहादुर शेर्पाको गोडामा गोली लागि घाईते भई उपचार गराउँदा लागेको खर्च रकम शान्ति तथा पुनर्निर्माण मन्त्रालय र गृह मन्त्रालयले समन्वय गरी बिल भपाई प्राप्त गरी उपचार खर्च गराउन प्रक्रिया अघि बढाउने ।

संघीय लिम्बुवान राज्य परिषद्का तर्फबाट नेपाल सरकारका तर्फबाट

| | |
|---|---|
| ................................... | ................................... |
| श्री सञ्जुहाङ पालुङवा | सत्य पहाडी |
| संयोजक | मन्त्री, शान्ति तथा |
| | पुनर्निर्माण मन्त्रालय |

**लिनेपाल सरकार र आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधिबीच भएको सहमतिः**

## मिति २०६५ साल चैत्र १ गते भएको सहमति

१. तराईका आदिवासी थारूलगायत देशका सम्पूर्ण आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक समुदायको आ-आफ्नै विशिष्ट पहिचान छ भन्ने कुरामा नेपाल सरकार स्पष्ट छ । तसर्थ उनीहरूको स्वतन्त्र पहिचानमा बाधा पुर्‍याउने वा ओझेलमा पार्ने विद्यमान संवैधानिक तथा कानूनी व्यवस्थालाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने छ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ१)मा उल्लिखित "मुलुकको राज्यसंरचनाका सबै अंगहरूमा मधेशी, दलित, आविासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पीछडिएका वर्ग र क्षेत्रलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने" भन्ने व्यवस्थाप्रति प्रतिवद्ध रहँदै अध्यादेशमार्फत जारी भएका प्रहरी ऐन, सैनिक ऐन, शिक्षा ऐन, विकास ऐन, स्वास्थ्य ऐन, नेपाल विशेष सेवा ऐनहरूलाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने छ ।

३. आदिवासी थारू समुदायले संचालन गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गर्ने कमल चौधरी, विपिन क्षेत्री, रामप्रसाद चौधरी र प्रकाश चौधरीलाई नेपाल सरकारले शहीद घोषणा गरी निजहरूको परिवारलाई उचित आर्थिक सहायता प्रदान गर्ने छ ।

४. आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको सम्पूर्ण उपचारको व्यवस्था र धनजनको क्षतिपूर्ति नेपाल सरकारले मिलाउने छ ।

५. आन्दोलनका क्रममा गिरफ्तार गरिएकाहरूलाई तुरून्त रिहा गर्न गृह मन्त्रालयलाई निर्देशन गरिएको छ ।

६. आजैका मितिदेखि थारू कल्याणकारिणी सभा, थरूहट संयुक्त संघर्ष समिति, नेपाल लोकतान्त्रिक थारू संघ, थारू राष्ट्रिय मूक्ति मोर्चा, नेपाल आदिवासी जनजाति महासंघलगायतका संगठनहरूद्वारा संचालित आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता गरिएको छ ।

...................................

लक्ष्मण थारू
वार्तांटोली संयोजक
थरूहट संयुक्त संघर्ष समिति
र आदिवासी संघ संस्था

...................................

जनार्दन शर्मा "प्रभाकर"
वार्तांटोली संयोजक
मन्त्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय
नेपाल सरकार

..................................

बाबुराम चौधरी
वार्तापटोली संयोजक
नेपाल लोकतान्त्रिक थारू संघ

..................................

राजकुमार लेखी
वार्तापटोली संयोजक
महामन्त्री
थारू कल्याणकारीणी सभा

..................................

पासाङ शेर्पा
अध्यक्ष
नेपाल आदिवासी जनजाति महासंघ

..................................

इन्द्रजीत थारू
वार्तापटोली संयोजक
महासचिव
थारू राष्ट्रिय मुक्ति मोर्चा

**नेपाल सरकारको वार्ता टोली र थारु संयुक्त सघर्ष समितिबीच भएको सहमतिः**

## मिति २०६९ जेठ १० गते भएको सहमति

संविधान सम्बन्धित निम्न विषयहरूलाई नेपाल सरकारद्वारा संविधानसभामा प्रवेश गराउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

१) तराईका २२ जिल्लाहरूमा थारू संयक्त संघर्ष समितिद्वारा गत २१ दिनदेखि निरन्तर रूपमा संचालित आन्दोरनमार्फत् अभिव्यक्त जनजातिको माग र भावनाको हामी सम्मान गर्दछौं । नेपालको अन्तरिम संविधान, २०६३ धारा, १३८(१क)को व्यवस्था, संविधानसभा, राज्य पुनर्सरचना उच्चस्तरीय सुझाव आयोगद्वारा निर्धारित आधार, सिद्धान्त र मापदण्ड एवं विभिन्न आदिवासी जनजाति संघसंस्था तथा दलसँग विभिन्न समयमा राज्य पक्षद्वारा गरिएको सम्झौता अनुरूप जातीय पहिचानको माग, राजश्वको बाँडफाँड सम्बन्धी माग, आत्मनिर्णयको अधिकार सम्बन्धी माग, राजनैतिक अग्रधिकारको माग, कन्चनपुरदेखि चितवनसम्म थारूवान/थरूहट प्रदेश, पर्सादेखि धनुषासम्म मध्यतराई सिम्रौनगढ प्रदेश र सिराह–उदयपुरदेखि झापासम्म पूर्वी थारूवान/थरूहट कोचिला प्रदेशसहितको मागका सम्बन्धमा सरकारको गंभीर ध्यानाकर्षण भएको छ । ..........................प्रस्तुत भएको मागहरु संविधानसभामा प्रवेश गराई संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने गरी २०६९ जेठ १४ भित्र नेपालको नयाँ संविधान जारी गराउन प्रतिवद्ध रहने ।

२) सार्वजनिक सेवालाई समावेशी बनाउन ल्याइएको १९वटा ऐनको संशोधन खण्डमा खुल्ला प्रतिस्पर्धा र आरक्षणको व्यवस्था नगरी सबै अवसरलाई शतप्रतिशत मानी राज्यका सबै संरचना तथा अंगको प्रत्येक तहमा संघीय एवं प्रदेशको जातीय जनसंख्यको आधारमा क्षतिपूर्तिसहितको समानुपातिक प्रतिनिधित्व साथै महिला, अपाङ्ग, मूक्त कमैया, भूमिहीन र तेस्रो लिङ्गीहरूलाई सोही जातीय समूहबाट निश्चित कोटा सुनिश्चित गरी ३ महिनाभित्र लागू गरिनेछ ।

३) संघीय सरकारको व्यवस्थापिकाको जातीयसभा तथा जनप्रतिनिधिसभामा प्रदेशको जनसंख्याको आधारमा प्रतिनिधित्व गर्नको लागि संविधानसभामा पहल गर्ने प्रतिबद्धता जाहेर गरियो ।

४) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधानको प्रस्तावनामा "थरूहट आन्दोलन, जनयुद्ध, आदिवासी जनजाति आन्दोलन" थप गर्ने र समानुपातिकको स्थानमा "जातीय जनसंख्याको आधारमा समानुपातिक सिद्धान्त" संविधानको प्रस्तावनामै

राख्नको लागि संविधानसभामा पहल गर्ने प्रतिबद्धता जाहेर गरियो ।

५) नयाँ संविधानमा समानुपातिक र समावेशी निर्वाचन प्रणाली अवलम्बन गरी समानुपातिकतर्फ न्यूनतम ६० र प्रत्यक्षतर्फ ४० प्रतिशत व्यवस्था गर्ने ।

६) संघर्ष समितिले आव्हान गरेको आन्दोलनको क्रममा भएका सम्पूर्ण घाइतेहरूको उपचारको व्यवस्था नेपाल सरकारले गर्नेछ । सो सम्बन्धमा स्वदेश वा विदेशमा गरेको उपचारको खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

७) संघर्षको क्रममा भएका सम्पूर्ण क्षतिहरूको विवरण स्थानीय प्रशासनबाट प्राप्त गरी निश्चित मापदण्ड र मूल्याङ्कनको आधारमा नेपाल सरकारले आर्थिक सहायता उपलब्ध गराउने । आन्दोलनको क्रममा क्षति भएको नवलपरासीस्थित राष्ट्रिय थारू संग्राहलयको क्षतिको स्थानीय प्रशासनबाट लगत लिई पीडित पक्षको सहमतिमा क्षति भए अनुसार व्यवस्थित रूपमा पुनर्निर्माण गराइने छ ।

८) थारूहरूको चरणवद्ध रूपमा गरेको आन्दोलनको क्रममा पक्राउ परेकालाई निःशर्त रिहागर्ने, आन्दोलनको क्रममा लगाइएको मुद्दा फिर्ता लिने ।

९) यस अगाडि गरिएका सहमति र पूर्व निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

१०) संघर्ष समितिले घोषणा गरेका सबै विरोधका कार्यक्रमहरु आजैदेखि स्थगन गर्ने ।

थारू संयुक्त संघर्ष समितिको तर्फबाट

..............................

चन्द्रकुमार चौधरी
संयोजक
थारू संयुक्त संघर्ष समिति

..............................

मा. रामचरण थारू

..............................

श्री उपेन्द्र गच्छदार

..............................

श्री बलदेव चौधरी

..............................

श्री गोपाल दहित

..............................

श्री फूलमति चौधरी

सरकारी वार्ता टोलीको तर्फबाट

..............................

टोपबहादुर रायमाझी
संयोजक, सरकारी वार्ता टोली तथा
मन्त्री, शान्ति तथा पुनर्निर्माण

..............................

सूर्यमान गुरूङ
मन्त्री,संघीय मामिला तथा स्थानीय विकास
तथा सदस्य, सरकारी वार्ता टोली

..............................

राधा ज्ञवाली
मन्त्री, उर्जा तथा
सदस्य, सरकारी वार्ता टोली

**सरकारी वार्ता टोली र ताम्सालीङ संयुक्त संघर्ष समितिबीच भएको सहमतिः**

| मिति २०६५ चैत्र २९ गते भएको सहमति |
|---|

१. संविधानसभाको कार्यक्षेत्रभित्र पर्ने मागका बुँदाहरु १, २, ३, ४, ५, ६, ११, १६ र १७प्रति सरकारले सकारात्मक प्रतिबद्धतासहित सुझावको रूपमा संविधान मस्यौदा समितिमा पेश गर्ने ।

२. साँस्कृतिक विभेदको अन्त्य गरी सबै जातजातिको आ-आफ्नो संस्कृतिलाई स्थापित गर्न र मान्यता दिन सरकारले सम्बद्ध पक्षको सहभागितासहित साझा साँस्कृतिक नीति तय गर्नेछ ।

३. ताम्सालीङ संघर्ष समितिको भावना, नेपालको अन्तरिम संविधान, २०६३ले निदेर्शित गरे बमोजिम धर्म निरपेक्षताको मूल भावनालाई सम्मान गर्दै राष्ट्रिय जनावरलगायतका सन्दर्भमा राजनैतिक सहमति जुटाई संशोधन प्रस्ताव पेश गर्ने ।

४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (घ१) मा उल्लेख भए बमोजिम तामाङ जातिको सन्दर्भमा समेत लागू गर्न नेपाल सरकार प्रतिबद्ध छ ।

५. विगतको पिपा गोश्वारा हालको बन्दोवस्ती गणमा तामाङ जाति विशेषको अपहेलना हुने स्वरूपको अन्त्य गरी नेपालको राष्ट्रिय सेनालाई विविध गणहरु निर्माणसहित समावेशी बनाउने नीतिलाई प्रभावकारी रूपमा लागू गर्ने ।

६. आदिवासी जनजातिको ऐतिहासिक थलोहरुमा सोही जातिको भाषामा नामांकन गर्न पहल गर्ने । मातृभाषामा शिक्षा दिने सरकारको स्पष्ट नीति रहेको र सोको कार्यान्वयनका लागि आगामी आ. व. देखि बजेटमा थप व्यवस्था गर्ने ।

७. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ नेपाल सरकारद्वारा अनुमोदन भइसकेको सन्दर्भमा र संयुक्त राष्ट्र संघद्वारा घोषित आदिवासी विश्व घोषणापत्र, २००७ को नेपाल पक्ष राष्ट्र भएको स्थितिमा प्राकृतिक स्रोतसाधन, नदीनाला तथा खनिजहरुमा आदिवासी र स्थानीय समुदायको स्वामित्व कायम राख्न सरकारले आवश्यक कानून बनाई अगाडि बढ्ने ।

८. शिक्षा, स्वास्थ्य र रोजगार जनताको मौलिक अधिकारको रूपमा संविधानमा उल्लेख भए तापनि कार्यान्वयन हुन बाँकी रहेको सन्दर्भमा कानून बनाई अगाडि बढ्ने ।

९. नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्था भए अनुसार राज्यको पुनःसंरचना आयोग उत्पीडित जाति, आदिवासी जाति, जनजाति वर्ग, क्षेत्र समेतको प्रतिनिधित्वमा यथाशीघ्र गठन गर्ने ।

१०. स्वयम्भु तथा नमोःबुद्ध जस्ता साँस्कृतिक तथा पर्यटकीय धरोहरहरूको थप विकास र संरक्षणको लागि तामाङ समुदायको सहभागितासहित विकास क्षेत्र समिति गठन गर्ने ।

११. भौतिक अभौतिक साँस्कृतिक सम्पदाहरूको संरक्षण एवं सम्वर्द्धनका लागि राज्यले नीति तय गर्ने ।

१२. आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, जैविक विविधता, बौद्धिक सम्पत्तिलाई स्थापित गर्न सरकारले पहल गर्ने ।

१३. तामाङ लगायत सबै उत्पीडित समुदायको उत्थान र विकासका लागि आगामी वर्षको बजेट एवं कार्यक्रममा नमूना विकास कार्यक्रम लागू गर्ने ।

१४. अत्यन्त पछि पारिएका तामाङ जातिलगायतका उत्पीडित वर्ग समुदायलाई ध्यान दिई रोजगारको विशेष कार्यक्रम आगामी वर्षमा संचालन गर्दै क्रमशः पूर्णता दिदै जाने ।

१५. ताम्सालीङ चक्रपथको हाल निर्माण कार्य शुरू भइसकेको र आगामी वर्षमा पनि महत्त्वका साथ अगाडि बढाउने ।

१६. जनतामा राष्ट्रिय भावना जागृत गर्ने खालका कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउने ।

१७. सहमति कार्यान्वयनका लागि मद्दत र अनुगमन गर्न एक हप्ताभित्र पाँच सदस्यीय अनुगमन समिति गठन गर्ने ।

१८. विगतमा राज्यले तामाङ जातिमाथि गर्दै आएको उत्पीडन, विभेद र बहिष्करणलाई स्वीकार गर्दै तामाङ जातिको सर्वोत्तम विकासका लागि प्रयत्न गर्न सरकार प्रतिबद्धता जाहेर गर्दछ । उत्पीडित आदिवासीको रूपमा रहेको तामाङ समुदायले आफूहरूमा गरिएको उत्पीडनका विरूद्ध लामो समयदेखि गर्दै आएको संघर्ष विशेषगरी जनयुद्ध, जनआन्दोलनमा खेलेको भूमिकालाई नेपाल सरकार सकारात्मक रूपमा मूल्याङ्कन गर्दछ ।

१९. ताम्सालीङ संयुक्त संघर्ष समिति, नेपालले घोषण गरेको २०६५ चैत ३० गतेको बन्द कार्यक्रम फिर्ता लिएको छ ।

| | |
|---|---|
| ताम्सालीङ संयुक्त संघर्ष समिति<br>नेपालको वार्ताटोलीका तर्फबाट | सरकारी वार्ता टोलीको तर्फबाट |
| .................................. | .................................. |
| सूर्यमान दोङ तामाङ<br>तामाङ राष्ट्रिय मुक्ति मोर्चा | टोपबहादुर रायमाझी<br>संयोजक, सरकारी वार्ता टोली<br>तथा मन्त्री, शान्ति तथा पुनर्निर्माण |

................................
वीरबहादुर लामा तामाङ
लोकतान्त्रिक तामाङ संघ

..............................
दिलमान पाख्रिन तामाङ
नेपाल तामाङ संघ

................................
परशुराम तामाङ
ताम्सालीङ राष्ट्रिय दल

............................
फुर्पा नाम्गेल मोक्तान तामाङ
स्वशासित तामाङ संघ (एकीकृत)

.............................
डुपवाङगेल मोक्तान तामाङ
तामाङ ह्यूल परिषद्

...........................
टेकबहादुर तामाङ
तामाङ मुक्ति संगठन

.......................
धनप्रसाद तामाङ
नेपाल तामाङ घेदुङ

.....................
कुमार योञ्जन तामाङ
महासचिव

.......................
कमानसिंह लामा
सल्लाहकार

**अनुसूची ३: विभिन्न समयमा नेपाल सरकार र मधेशी संघ, संगठनसँग भएका सहमतिहरू:**

**नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको सम्झौता**

२०६४ जेष्ठ १८ बाट शुरू भई विभिन्न ६ चरणमा भएको छलफल र सहमतिको आधारमा २०६४/०५/१३ मा सम्पन्न सम्झौता

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ कै निरन्तरताका रूपमा भएको मधेश जनताको आन्दोलनको भावनालाई हृदयंगम गर्दै मुलुकमा लामो समयदेखि मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पीछडा वर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरूद्ध केन्द्रीकृत र एकात्मत राज्यद्वारा गरिँदै आएको विभेदका सबै रूपहरूलाई अन्त्य गर्नका निम्ति र समवेशी लोकतन्त्र तथा संघीय ढाँचामा राज्यलाई पुनःसंरचना गर्दै मधेशीलगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूलप्रवाहमा समाहित भएर अघि बढ्ने वातावरण बनाउनका निम्ति नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालकाबीच आज निम्न बमोजिम सम्झौता भएको छ ।

१. मधेश आन्दोलनका क्रममा शहीद भएकाहरूलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने ।
२. मधेश आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरूलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरूलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने ।
३. मधेश आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरु खारेज गर्ने ।
४. देशमा युगौंदेखि बहिष्करणमा पारिएका मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडा वर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरूको राज्यका सम्पूर्ण संरचनाहरूको सबै अङ्ग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने ।
५. राज्यको पुनःसंरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो आयोगमा समावेशीय रूपमा विशेषज्ञहरु रहनेसमेत व्यवस्था गर्ने ।
६. राज्यको पुनःसंरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्ततायुक्त प्रदेशहरूसहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने छ । उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधानसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. मधेशीहरूको भेष-भुषा, भाषा, संस्कृतिलाई राष्ट्रिय मान्यता दिने ।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति, वैदेशिक सेवा र शिक्षा क्षेत्रलगायतका सेवाहरूका साथै आयोगहरूमा समुचित समानुपातिक प्रतिनिधित्व गर्ने ।

९. मुस्लिमहरूको मुख्य चाड पर्वहरूमा सार्वजनिक बिदा दिने, मदरसा बोर्ड लगायत निजहरूको जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति र रीतिरिवाज सुरक्षित गर्न कानून तर्जूमा गर्ने ।

१०. जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानव अधिकारको पूर्ण प्रत्याभूति गर्ने ।

११. सरकारी काम काज, शिक्षा तथा अन्तर्राष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख) नेपाली भाषा र (ग) अंग्रजी भाषाको त्रि-भाषीय नीति कायम गर्ने ।

१२. दलित समस्या समाधान गर्नः

(क) जातीय विभेद र छुवाछूत गर्नेलाई कडा कानूनी दण्डको व्यवस्था गर्ने ।

(ख) दलितलाई निःशुल्क र कम्तीमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

(ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने ।

(घ) भूमिहीन दलितलाई आवासका लागि भूमिको व्यस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गर्ने ।

१३. नागरिकताबाट अझै बन्चित रहेका नागरिकलाई नागरिकता प्रमाण–पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुनः गाउँ-गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने ।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजश्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवं न्यायोचित वितरण नीति अपनाउने ।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पत्ति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरूद्वारा कब्जा गरिएका हातहतियारसमेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारूकताका साथ अगाडि बढाउने ।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगीकरण गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औद्योगिक सुरक्षाबल गठन गर्ने ।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिबद्ध रहने । संविधानसभाको निष्पक्षताका लागि वर्तमान व्यवस्थापिका–संसदलगायतले राज्यको साधन, स्रोत र शक्तिको दुरूपयोग गर्न नपाउने गरी रोक लगाउन आवश्यक व्यवस्था गर्ने ।

१८. सरकारी संचार माध्यमहरू टी.भी, रेडियो, छापालगायत सबै अङ्ग र तहमा मधेशी

संचारविद् एवं पत्रकारहरूको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग, निकायहरू तथा प्रतिनिधि मण्डलमा मधेशीहरूको समानुपातिक समावेशी सहभागिता बढाउँदै जाने ।

१९. मधेशी युवा फोरमको उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीहरूले अपहरण गरी बेपत्ता बनाएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजीदल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने ।

२०. मधेशी, आदिवासी/जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अङ्ग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानूनको तर्जूमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदलको गठन तुरून्त गर्ने ।

२१. अल्पसंख्यकहरूको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानव अधिकारको मान्यता अनुरूप जातीय, भाषिक र धार्मिक अल्पसंख्यकहरूको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने ।

२२. मधेशी जनअधिकार फोरमद्वारा संचालन गरिँदै आएको विभिन्न आन्दोलनलाई फिर्ता लिने ।

उपर्युक्त सहमतिलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरूलाई तत्काल गर्ने र तत्तकाल गर्न नसकिने प्रावधानहरूलाई उपयुक्त समयभित्र गरिसक्ने, कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेख-देख गर्न र समय-समयमा कार्यान्वयनको समिक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने ।

| | |
|---|---|
| ............................... | ................................... |
| उपेन्द्र यादव | रामचन्द्र पौडेल |
| संयोजक | संयोजक |
| मधेशी जनअधिकार फोरम, नेपाल | सरकारी वार्ता टोली |

मितिः २०६४/०५/१३

नोटः मधेशी जनअधिकार फोरम, नेपालले गणतन्त्रको स्थापना, समानुपातिक निर्वाचन प्रणाली जस्ता महत्त्वपूर्ण विषयहरूलाई आफ्ना मागका रूपमा यथावत् राखी संविधानसभाको निर्वाचनलाई उच्च प्राथमिकता दिई यसलाई सफल बनाउन प्रयत्नशील रही रहनेछ ।

...................................

उपेन्द्र यादव

संयोजक

मधेशी जनअधिकार फोरम, नेपाल

मितिः २०६४/०५/१३

**नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच सम्पन्न सम्झौताः**

## २०६४ फाल्गुण १६ गते सम्पन्न भएको सहमति

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारको लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाल संघीय लोकतानत्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच तत्काल लागू हुनेगरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरु देहाय बमोजिम छन्ः

१. मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गर्ने र हालसम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरूलाई उचित राहत राज्यले उपलब्ध गराउनेछ । यसै क्रममा आन्दोलनमा घाइते भएकाहरूको उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रू १० लाखका दरले राहत उपलब्ध गराउने तथा गिरफ्तार व्यक्तिहरूलाई तत्काल रिहा गरिनेछ ।

२. मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहनालगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशसहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रूपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरु पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।

३. संविधानसभा सदस्य निर्वाचन ऐन,२०६४ को दफा ७ को उपदफा (१४) मा रहेको २० प्रतिशतको वर्तमान कानूनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अङ्गलगायत राज्यका सबै निकायहरूमा मधेशी, आदिवासी, जनजाति, महिला, दलित, पीछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुनेगरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रूपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्ने र समावेशी बनाउन मधेशीलगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरूलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै

वार्ताबाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकूल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ । आगामी चैत्र २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, हिसांमूक्त, निष्पक्ष, स्वच्छ र भयमूक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपिल गर्दछौं ।

७. सरकार र मधेशी जनअधिकार फोरमबीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरूप बन्दी राखिएकाहरूको यथाशीघ्र रिहाई, फोरमलगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरु अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जारी रहेको आन्दोलनका सबै कार्यक्रमहरु तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरूको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहनेछ । सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चासमेत सम्मिलित एक उच्चस्तरीय अनुगमन समिति गठन गरिनेछ ।
सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरुः

..................................
राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

..................................
गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री

..................................
उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जनअधिकार फोरम, नेपाल

..................................
महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी

मितिः२०६४ फाल्गुन १६ गते

**अनुसूची ४: विभिन्न समयमा नेपाल सरकार र दलित संघ, संगठनसँग भएका सहमतिहरू:**

**सरकारी वार्ता टोली र संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्चबीच भएको सहमति:**

मिति २०६८ पौष १४ गते भएको सहमति

१. कालिकोट जिल्लाको जुविथा गा.वि.स. वार्ड नं. ४ का मृतक मनवीर सुनारको छुवाछूतका कारण हत्या गर्ने हत्याराहरूलाई कडाभन्दा कडा कार्वाही गर्ने सहमति भयो ।

२. जातीय भेदभावका कारण मृत्युवरण गरेका कालिकोटका मनवीर सुनारको परिवारलाई राज्यले तत्काल राहत स्वरूप रू.१० लाख उपलब्ध गराउने । साथै मृतकका बालबच्चाको उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था मिलाउने सहमति गरियो ।

३. मृतक मनवीर सुनारलाई शहीद घोषणा गर्ने मागका सम्बन्धमा राज्यले कार्यदल गठन गरी सोको सिफारिशका आधारमा शहीद घोषणाका बारेमा निर्णय लिने सहमति गरियो ।

४. जातीय भेदभाव छुवाछूत (कसूर र सजायँ) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय निर्देशन समिति, दलित आन्दोलनका नेतृत्वसहितको केन्द्रीय सल्लाहकार समिति र जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लास्तरीय दलित नेतृत्वसमेत रहनेगरी र स्थानीय स्तरमा स्थानीय निकायका प्रमूखहरु तथा दलित नेतृत्वहरूको सहभागिता रहनेगरी कार्यान्वयन समिति गठन गरी कानूनी कार्वाही र प्रचार प्रसारको यथेष्ठ व्यवस्था गर्ने सहमति गरियो ।

५. दैलेखको तोली गा. वि. स. का सेते दमईको हत्याका घटनालाई राज्यले तत्काल छानवीन गरी उचित कार्वाहीको प्रक्रिया अगाडि बढाउने । त्यस्तै कास्की, तनहूँ, सिराहा, दार्चुला, बैतडीलगायत देशका विभिन्न भागमा घटेका छुवाछूतजन्य शृङ्खलाबद्ध घटनाहरूको उचित छानवीन गरी राज्यले ती घटनामा संलग्न अपराधीहरूलाई कडा कार्वाही गर्ने सहमति भयो ।

| संयुक्त राजनीतिक दलित संघर्ष समितिको तर्फबाट | नेपाल सरकारको तर्फबाट |
|---|---|
| ................................... | ................................... |
| १. तिलक परियार<br>संयोजक, नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा | सत्य पहाडी<br>मन्त्री |

२. खड्गबहादुर बस्याल
अध्यक्ष, नेपाल दलित संघ

३. जीतु गौतम
अध्यक्ष, नेपाल उत्पीडित जातीय मुक्ति समाज
४. राजेश विश्वकर्मा
अध्यक्ष,जातीय समता समाज
५. केशवबहादुर परियार
अध्यक्ष, उत्पीडित जातीय उत्थान संघ (एकीकृत)
६. सेवल राम महरा
अध्यक्ष, नेपाल सद्भावना दलित मंच
७. रन्जीत पासवान
अध्यक्ष, नेपाल राष्ट्रिय दलित केन्द्र
८. रूपबहादुर परियार
अध्यक्ष, विभेद मुक्ति प्रगतिशील समाज

**सभासद् मञ्चको तर्फबाट**
१. खड्गबहादुर विश्वकर्मा
२. शम्भु हजरा पासवान
३. शाान्तबहादुर नेपाली
४. कलावती पासवान

**सरकारी वार्ता टोली र संयुक्त राजनीतिक दलित संघर्ष समितिबीच भएको सहमतिः**

## मिति २०६९ जेष्ठ १३ गते भएको सहमति

१. संविधानसभासँग सम्बन्धित देहायका मागहरूका सम्बन्धमा सरकारको गंभीर ध्यानाकर्षण भएको छ । संघर्ष समितिले राखेका जायज संवैधानिक मागहरु संविधानसभामा प्रवेश गराउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

क) संविधानको प्रस्तावनामा शदियौदेखि दलित समुदायमाथि हुँदै आएको जातीय छुवाछूत र विभेदको आत्मालोचनासहित पश्चाताप गर्दै जातीय छुवाछूत र विभेदलाई जघन्य अपराधका रूपमा परिभाषित गराउनेतर्फ पहल गर्ने ।

ख) दलित समुदायमाथि ऐतिहासिककालदेखि राजनीतिक, आर्थिक, समाजिक, साँस्कृतिकलगायतका क्षेत्रहरूमा हुँदै आएको उत्पीडनको क्षतिपूर्ति वापत राज्यका सम्पूर्ण अंग, निकाय तथा क्षेत्रहरूमा समानुपातिकका अतिरिक्त १० प्रतिशत थप अधिकार सुनिश्चितता गर्न पहल गर्ने ।

ग) दलित अधिकार सुनिश्चितताका लागि अधिकार सम्पन्न संवैधानिक राष्ट्रिय दलित आयोगको सुनिश्चितता गर्न पहल गर्ने ।

घ) दलित समुदायको प्रतिनिधित्वको सवालमा केन्द्रीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनाहरूमा समानुपातिकका अतिरिक्त क्षतिपूर्तिवापत १० प्रतिशत थप प्रतिनिधित्वको सुनिश्चितता हुने निर्वाचन प्रणालीको अवलम्बन गर्न पहल गर्ने ।

ङ) राज्य संयन्त्रको निजामती सेवा, सुरक्षा निकाय, न्याय तथा सार्वजनिक सेवाका सबै क्षेत्रलगायत रोजगारीका सम्पूर्ण निकायहरूमा दलित समुदायका लागि समानुपातिकका अतिरिक्त क्षतिपूर्ति वापत १० प्रतिशत थप अधिकारको सुनिश्चितता गर्न पहल गर्ने ।

च) दलित समुदायका विद्यार्थीहरूका लागि पूर्व प्राथमिकदेखि उच्च शिक्षा तहसम्म पर्याप्त छात्रवृत्तिसहित निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था गर्न पहल गर्ने ।

छ) भूमिहीन दलितका लागि जीविकोपार्जन गर्न पुग्नेगरी जमीन उपलब्ध गराउने संवैधानिक व्यवस्था गरी आवासविहीन दलित समुदायका लागि आवासको व्यवस्था गर्न पहल गर्ने ।

ज) दलित समुदायका परम्परागत पेशाजन्य व्यवसायमा दलितलाई अग्राधिकारको संवैधानिक व्यवस्था गरी आवासविहीन दलित समुदायका लागि आवासको व्यवस्था मिलाउन पहल गर्ने ।

झ) दलित समुदायका सम्बन्धमा राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणका लागि नीति निर्माण गरी संवैधानिक तथा कानूनी व्यवस्था लागू गर्न, कार्यक्रम तर्जूमा गर्न,

सुझाव अनुगमन मूल्याङ्कन तथा त्यसका लागि प्रदेशहरूसँग समन्वय गर्ने, कार्यकारी प्रमुखको नेतृत्वमा केन्द्रमा एक राष्ट्रिय दलित विकास परिषद्‌को संवैधानिक व्यवस्थाका मागको सम्वोधन गर्न पहल गर्ने ।

ञ) दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरूमा पहाडी दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक अधिकार कायम हुने संवैधानिक व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता गरियो ।

२. संघर्ष समितिले राखेका सरकारसँग सम्वद्ध मागहरूका सम्बन्धमा दलित समुदायमाथि शदियौँदेखि हुँदै आएको छुवाछूत, जातीय भेदभाव तथा उत्पीडनका समूल अन्त्य गर्ने सन्दर्भमा सरकारको आगामी दिनमा नीति नियम र कानूनहरूमा आवश्यक परिमार्जन गरी नीति तथा कार्यक्रम एवं बजेटमार्फत शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिक, सामाजिक रूपान्तरण, परम्परागत पेशागत व्यवसायमा आधुनिकीकरण, शीप प्रवर्द्धन एवं आवाससमेतको व्यवस्था मिलाउने प्रतिबद्धता गरियो ।

३. जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजायँ) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनप्रति दृढता व्यक्त गरियो ।

४. संघर्ष समितिले प्रस्ताव गरेका आगामी संघर्षका कार्यक्रमहरु स्थगन गर्ने सहमति गरियो ।

संयुक्त राजनीतिक दलित संघर्ष समितिको तर्फबाट

...................................

तिलक परियार
वार्ता टोली संयोजक एवं
नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा

...................................

खड्क ब. वस्याल
अध्यक्ष
नेपाल दलित संघ

...................................

जितु गौतम
अध्यक्ष
नेपाल उत्पीडित जातीय मुक्ति मोर्चा

नेपाल सरकारको तर्फबाट

...................................

टोपबहादुर रायमाझी
वार्ता टोली संयोजक एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

...................................

सूर्यमान गुरूङ
वार्ता टोली सदस्य एवं
मन्त्री, संघीय मामिला
स्थानीय विकास र
सामान्य प्रशासन मन्त्रालय

...................................

राधा ज्ञवाली
वार्ता टोली सदस्य एव मन्त्री, उर्जा

....................................
राजेश विश्वकर्मा
अध्यक्ष
जातीय समता समाज

....................................
केशवबहादुर परियार
अध्यक्ष
उत्पीडित जातीय उत्थान संघ (एकीकृत)

....................................
उपेन्द्र छन्टुन्जेल
का. व. अध्यक्ष
नेपाल राष्ट्रिय दलित केन्द्र

....................................
सेवल राम महरा
अध्यक्ष
नेपाल सद्भावना दलित मंच

**सरकारी वार्ता टोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघको वार्ताटोलीबीच भएको सहमतिः**

मिति २०६५।५।२० मा भएको सहमति

१. पुस्तौंपुस्तादेखि हलिया परिवारको नाममा रहेको ऋण खारेजीसहित नेपाल सरकारले औपचारिक रूपमा हलिया मुक्तिको घोषणा गर्ने ।

२. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुँदे मागहरु अध्ययन गरी ठोस कार्य गर्न पीडित हलिया र सम्बन्धित व्यक्तिका तर्फबाट ६जना र सरकारी निकायबाट ३ गरी ९ सदस्यीय कार्यदल गठन गर्ने । उक्त कार्यदलले गठन भएको १५ दिनभित्र प्रतिवेदन पेश गर्ने ।

३. हलिया आन्दोलनकारी तथा हलिया परिवारलाई आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने ।

४. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुँदे मागहरूप्रति सकारात्मक रहँदै सबै मागहरूको सम्बन्धमा कार्यदलले गरेको सिफरिशमा नेपाल सरकारले समस्या समाधानका लागि कारवाही अगाडि बढाउने ।

५. राष्ट्रिय हलिया मुक्ति समाज महासंघले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रम आजैदेखि फिर्ता लिने ।

राष्ट्रिय हलिया मुक्ति समाज, महासंघको तर्फबाट

..................................

राजुराम भूल
अध्यक्ष

..................................

हरि श्रीपाइली

..................................

चक्र वी. के.

......................

भक्त विश्वकर्मा

सरकारी वार्ता टोलीका तर्फबाट

....................................

जनार्दन शर्मा 'प्रभाकर'
वार्ता टोली संयोजक
तथा मन्त्री, शान्ति तथा पुनर्निर्माण

## अनुसूची ५: विभिन्न समयमा नेपाल सरकार र मुस्लिम संघ, संगठनसँग भएका सहमतिहरू:

### सरकारी वार्ता टोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिबीच भएको सहमति:

मिति २०६५ चैत्र ३ गते भएको सहमति

१. मुस्लिमलगायत देशका सम्पूर्ण आदिवासी जनजाति, मधेशी, थारू, दलित, अल्पसंख्यक समुदायको आ-आफ्नै विशिष्ट पहिचान छ भन्ने विषयमा नेपाल सरकार स्पष्ट छ । तसर्थ उनीहरूको स्वतन्त्र पहिचानमा बाधा पुऱ्याउने वा ओझेलमा पार्ने विद्यमान संवैधानिक र कानूनी व्यवस्थालाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गरिने छ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लिखित "मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पीछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।" भन्ने कुरामा प्रतिबद्ध हुँदै मुस्लिमलगायत देशका सम्पूर्ण आदिवासी जनजाति, मधेशी, थारू, दलित, अल्पसंख्यक समुदायको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक अधिकार सुनिश्चित गर्न नेपाल सरकारले आवश्यक पहल गर्नेछ ।

३. नेपाली मुस्लिम समुदायको विविध क्षेत्रको उत्थान तथा विकास, स्थायी हज कमिटी गठन, मदरसा बोर्ड गठनलगायतका समेत कार्य गर्न आवश्यक प्रक्रिया पूरा गरी राष्ट्रिय मुस्लिम आयोग अविलम्ब गठन गरिने छ ।

४. हजरत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको जन्मदिन एवं मोहर्रम पर्वहरूमा सार्वजनिक विदा सम्बन्धी माग बारे नेपाल सरकारले सकारात्मक रूपमा विचार गर्ने छ ।

५. नेपाल सरकारको प्रत्येक दश वर्षमा राष्ट्रिय जनगणना गर्ने नीति अनुरूप वि. सं. २०५८ सालमा भएको जनगणनाको प्रतिवेदन सार्वजनिक भइसकेको छ । आगामी समयमा जनगणना गर्दा मुस्लिमलगायत सांख्यिक र अन्य विवरण स्पष्ट हुनेगरी जनगणना गरिने विषयमा सरकार प्रतिबद्ध छ ।

६. देशको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन तथा नयाँ जनमुखी संविधान निर्माण गर्न नेपालका सम्पूर्ण मुस्लिम समुदायको तर्फबाट व्यक्त गर्दै संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिले घोषणा गरेको संघर्षका सम्पूर्ण कार्यक्रमहरू फिर्ता लिएको छ ।

संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिका वार्ता टोलीका तर्फबाट

..................................

अतहर हुसेन फारूकी
वार्ता टोली संयोजक
तथा

..................................

ताज मोहम्मद मिया
केन्द्रीय संघर्ष समिति संयोजक

सरकारी वार्ता टोलीको तर्फबाट

..................................

जनार्दन शर्मा 'प्रभाकर'
वार्ता टोली संयोजक
मन्त्री, शान्ति तथा पुनर्निर्माण

**प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको समुपस्थितिमा सरकारी वार्ता टोली र राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनबीच भएको सहमतिः**

मिति २०६९ जेठ ७ गते भएको सहमति

१. नयाँ बन्ने संविधानमा मुस्लिम समुदायको छुट्टै पहिचान सुनिश्चित गर्न आदिवासी जनजाति, मधेशी, महिला, दलितसँगै "मुस्लिम समुदाय" लाई सूचीकृत गरिनेछ ।

२. नयाँ बन्ने संविधानमा विभेदमा पारिएका मुस्लिमलगायत आदिवासी जनजाति, मधेशी, महिला, दलित समुदायलाई राज्यका सबै अंग, निकाय र अवसरहरूमा समानुपातिक समावेशीकरणको सिद्धान्त अनुसार प्रतिनिधित्व गराइनेछ ।

३. नयाँ बन्ने संविधानमा मौलिक हकमा महिला र दलित अधिकारसँगै छुट्टै "मुस्लिम अधिकार" उल्लेख गरिनेछ ।

४. नयाँ बन्ने संविधानमा संवैधानिक "मुस्लिम आयोग" को व्यवस्था गरिनेछ ।

५. नयाँ बन्ने संविधानमा मुस्लिम समुदायलाई आर्थिक, राजनैतिक, शैक्षिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा क्षतिपूर्तिको रूपमा विशेषाधिकार सुनिश्चित गरिनेछ ।

६. नयाँ संविधानमा तराई/मधेश बन्ने प्रदेशको नामाकरण गर्दा मुस्लिमको पहिचान हुने शब्द राखी नामाकरण गरिनेछ ।

७. नयाँ बन्ने संविधानमा मुस्लिम पारिवारिक कानूनको व्यवस्था गरिनेछ ।

८. मदरसा शिक्षा प्रणालीलाई राष्ट्रिय शैक्षिक मूलधारमा ल्याउन मदरसा शिक्षा बोर्ड तथा हज व्यवस्थापन गर्न स्थायी हज कमिटी ऐन बनाई अविलम्ब गठन गरिनेछ र अविलम्ब हज हाउसहरु निर्माण गरिनेछ ।

९. पैगम्बर मुहम्मद डे जयन्तीको उपलक्ष्यमा सार्वजनिक विदा तत्काल घोषणा गरिनेछ ।

१०. यसअघि मुस्लिम समुदाय र सरकारबीच भएका सहमतिहरु तत्काल कार्यान्वयन गरिनेछ ।

११. राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनले घोषणा गरेका आन्दोलनका सम्पूर्ण कायर्क्रमहरु समाप्त गरिनेछ ।

राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनको तर्फबाट

..................................
सदरूल मियाँ हक
संविधानसभा सदस्य तथा
संयोजक राष्ट्रिय मुस्लिम
संघर्ष गठबन्धनको तर्फबाट
वार्ताटोली सदस्य

नेपाल सरकारको तर्फबाट

..................................
टोपबहादुर रायमाझी
वार्ता टोली संयोजक एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

..................................
महेन्द्रप्रसाद यादव
मन्त्री, सिंचाई

..................................
सूर्यमान गुरूङ
वार्ता टोली सदस्य एव
मन्त्री, संघीय मामिला तथा स्थानीय
विकास मन्त्रालय

..................................
राधा ज्ञवाली
वर्ता टोली सदस्य एवं
मन्त्री, उर्जा

# SUMMARY IN ENGLISH

Racial and Ethnic Discrimination in Nepal:
Rectifying historical wrongs in the new constitution

This book explores the human rights situation of marginalized communities in Nepal as the nation embarks on a new Constitution. It shows how Nepal's future depends on a fair resolution of long-standing issues that affect not only these communities directly, but the nation more generally. Prepared to coincide with the 2004 visit to Nepal of Francisco Jose Calitzay, chair of the U.N. Committee on the Elimination of Racial Discrimination, the report focuses on indigenous peoples, Madhesis, Dalits and Muslims. It provides analysis and insight to help policy makers and others, both within Nepal and internationally, to make sense of complicated issues and determine new ways of providing prosperity, justice and stability for all of Nepal's diverse peoples. This brief English summary provides an overview. The authors would welcome the opportunity to discuss the full report with anyone interested in it.

Indigenous peoples (IPs) in Nepal have faced discrimination and marginalization for many years, through both official policies and a wide range of unofficial practices. The country has 59 communities that are officially recognized as indigenous nationalities. According to its 2011 census, these groups comprise 35.8 percent – or much more than a third – of the total national population of 26,494,504.

In 2001, Nepal's national government formed a National Foundation for the Development of Indigenous Nationalities (NFDIN) to deal with indigenous issues. The NFDIN Act of 2002 defines IPs as follows:

> "Indigenous nationalities" means a tribe or community as mentioned in the schedule having its own mother language and traditional rites and customs, distinct cultural identity, distinct social structure and written or unwritten history.

It's useful to take a moment to recall the reasons why the government established NFDIN, since most of these remain as relevant today as when they were written more than a dozen years ago. NFDIN's official objectives and mandate follow immediately after this summary.

In the years since NFDIN was established, IPs have consistently presented their goals and demands to Nepal's government in a peaceful manner. There have been several agreements among IPs and the state for ensuring IP rights as policies were formed and the country's new constitution was written. Notable among these were the so-called 20-point and 9-point agreements, to which the state agreed. These called for proportional representation of IPs in the constitution-making process, an inclusive electoral system and safeguards to ensure IP representation through 26 seats allocated for the nomination for those likely to be excluded from the nomination and voting process.

In 2009, the CERD committee twice issued early warning letters (on March 13 and September 28) calling on the Constituent Assembly (CA) to ensure IP rights in the new constitution and thereby avoid ethnic conflict. Specifically, the committee called for the establishment of a Free, Prior and Informed Consent (FPIC) mechanism in the CA and a separate thematic committee to deal with IP issues. Neither the CA nor the ruling political parties acted on the recommendations or seemed to take them seriously.

Four years later, in April 2003, Nepal's Supreme Court issued a verdict consistent with the CERD committee recommendations. The court determined that amendments were necessary to the CA Elections Act 2064 BS, the Constituent Assembly Policy 2064 and the Constituent Assembly policy 2065 to bring these into compliance with international law, notably the ICERD and ILO Convention 169. In response, those responsible for drafting the new constitution failed to obey the court's decision and reform the policies needed to address IP rights in the constitution-making process.

A similar story unfolded when the Committee for Restructuring of the State and Distribution of State Power of the first CA submitted its report, which dealt with a variety of issues affecting IPs across the country, such as ethnic identity and local economic viability. Once again, the major political parties refused to accept the committee's recommendations, which were unanimous. The second CA also failed to make significant progress in addressing these issues.

The Madhesi community has emerged as the most visible face of discontent within marginalized communities, even as other large groups share many of its concerns about the continued lack of response from Nepal's political parties, which remain dominated by ethnic groups that have held power for centuries. Madhesi communities, which live in Nepal's southern plain, have faced ongoing structural discrimination. Following the 2006 *Jana andolan*, or People's Movement, their parties became decisive political actors, thereby influencing the decisions of the first CA. But this influence diminished during CA-II as Madhesi groups began competing with each other and pursuing their own interests.

A fundamental issue for Madhesis is citizenship – the right to be treated and engage politically like other Nepalis. Another is their demand that state borders within Nepal be drawn in a manner that recognizes their geographical identity in the southern plains, rather than dividing their communities across many states where they are likely to remain in the minority and never achieve a voice commensurate with their actual numbers.

Other marginalized groups in Nepal also have specific concerns. For example, the Dalits – who are the most vulnerable community in Nepal — continue to face significant caste-based discrimination. Despite comprising more than 13 percent of Nepal's population, they fall into the lowest rung of the caste hierarchy and are regarded by many as impure.

The Muluki Ain of 1853 institutionalized Nepal's caste system. It took more than a century and a half until the Muluki Ain of 1963 ended official caste-based discrimination, but with no penalties for those who continued to practice it. Only after nearly three more decades passed did Nepal's 1990constitution establish such penalties, as did the 2007 interim constitution. Legal and constitutional provisions now make it illegal to discriminate against the Dalit, yet implementation of these provisions remains very weak.

For Nepal's Muslim community, a big issue is religious discrimination and marginalization within state mechanisms. Muslims are a significant religious minority in Nepal, comprising 4.4 percent of the national population. They can be found across the country, especially in Rautahat,

Kapilvastu, Banke, Bara, Parsa, Nawalparasi and Sunsari. Many are poor, with 41.3 percent falling under the national poverty line.

There were 17 Muslim members in each of the first two CAs, and there are currently a small number of Muslims in leadership roles with the major political parties: two central committee members in the Nepali Congress, three in CPN (UML) and one in the UCPN (Maoist).
Then there are the concerns of Gurungs, Magars, Limbus, Rais other indigenous peoples who comprise much of Nepal's population yet continue to enjoy far less influence than their neighbors from traditionally powerful groups.

These specific concerns are important, as Nepal was reminded in October 2015 as Madhesi unrest led to national shortages of petrol, yet the groups discussed in this report all share a fundamental concern: At a moment of historic national change, embodied by a new constitution, they remain excluded from the mainstream of Nepal's political life. This report explains what is happening, why it matters and what might be done to change it, for the good of all of Nepal.

The official objectives of NFDIN's National Foundation for the Development of Indigenous Nationalities:

To make overall development of the indigenous nationalities by formulating and implementing the programmes relating to the social, educational and cultural development of indigenous nationalities,

To preserve and promote the language, script, culture, arts, history of the indigenous nationalities,

To preserve and promote the traditional knowledge, skill, technology and special knowledge of the indigenous nationalities and to provide assistance in its vocational use,

To cause the indigenous nationalities to be participated in the mainstream of overall national development of the country by maintaining a good relation, goodwill, and harmony between different indigenous nationalities, caste, tribe and communities,

To provide assistance in building on equitable society by making social, economic, religious and cultural development and upliftment of indigenous nationalities

Art 6 of the Act defines the functions, duties and powers of the foundation, as follows:

To attain the objectives under Section 5, the functions, duties and powers of the foundation shall be as follows:

To formulate, implement or cause to be implemented the programme necessary for promotion and preservation of the language, script, literature, history, arts, culture, traditional skills and technology of the indigenous nationalities,

To study and research the language, script, literature, history, arts, tradition and culture of indigenous nationalities and develop such language, script, history, arts, literature and tradition,

Subject to the prevailing law to protect r cause to be protected as prescribed the technology, skill and special knowledge that have been traditionally practiced by indigenous nationalities as intellectual property rights of the concerned indigenous nationalities,

To publish the history and literature of the indigenous nationalities,

With the assistance of other bodies concerned with language, literature, to prepare and publish or cause to be published the dictionary of the language of indigenous nationalities,

To establish archives and museum that  give identity of the language, culture, history, tradition of the indigenous nationalities

To establish a school that teaches the language of the indigenous nationalities at least up to primary level,

With the approval of the Government of Nepal, to allow a foreign scholar who wants to study, research the language, culture, history, literature, arts, tradition, technology to make study or research being affiliated with the foundation,

To collect and manage information pertaining to indigenous nationalities,

To conduct or cause to be conducted special programmes to enhance economic and social status of the poor and backward group out of the indigenous nationalities

To establish relation with the foreign or international associations having similar objectives and to exchange cooperation with them

To provide consultancy service on indigenous nationalities

To make arrangements for broadcasting notice, news and miscellaneous programmes in the mother language of indigenous nationalities,

To prepare list of the wealthy and poor indigenous nationalities having regard to the social, economic and cultural differences, varieties and discrepancies existing between indigenous nationalities

To do or case to be done other necessary matters relating to indigenous nationalities to attain the objectives of the foundations

ISBN 9937-0-0193-5

9789937001939